आज मिति २०८०।०३।०२ गते शनिबारका दिन नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा बसेको बाणगङ्गा नगरपालिकाको तेहों नगरसभाको पहिलो बैठक बसी तपसिल बमोजिमको कार्यसूची माथि छलफल गरी आवश्यक निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | कार्यालय | निर्वाचित भएको पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | १ | वडाध्यक्ष | |
| ४ | लक्ष्मी बहादुर खत्री | १ | सदस्य | |
| ५ | राजकुमार थारु | १ | सदस्य | |
| ६ | टोपकला बि.सी. | १ | महिला सदस्य | |
| ७ | सिता सुनार | १ | दलित महिला सदस्य | |
| ८ | विष्णु प्रसाद पौडेल | २ | वडाध्यक्ष | |
| ९ | प्रेम बहादुर रौतार थारु | २ | सदस्य | |
| १० | झिमलाल सापकोटा | २ | सदस्य | |
| ११ | शान्ता पाण्डे | २ | महिला सदस्य | |
| १२ | टेक बहादुर झेडी मगर | ३ | वडाध्यक्ष | |
| १३ | सोमनाथ राना | ३ | सदस्य | |
| १४ | चन्द्रावती चौधरी थारु | ३ | महिला सदस्य | |
| १५ | गंगा देवी सुनार | ३ | दलित महिला सदस्य | |
| १६ | छविलाल रेश्मी मगर | ४ | वडाध्यक्ष | |
| १७ | चिन्कु थारु | ४ | सदस्य | |
| १८ | नन्द किशोर थारु | ४ | सदस्य | |
| १९ | चन्द्रवति थारु | ४ | महिला सदस्य | |
| २० | कुमारी पवित्रा सार्कि | ४ | दलित महिला सदस्य | |
| २१ | दुनिका प्रसाद भुसाल | ५ | वडाध्यक्ष | |
| २२ | ज्ञान बहादुर कार्की | ५ | सदस्य | |
| २३ | बुध्दु थारु | ५ | सदस्य | |

| क्र.सं. | नामथर | कार्यालय | निर्वाचित भएको पद | हस्ताक्षर |
|---|---|---|---|---|
| २४ | नैन कुमारी थारु | ५ | महिला सदस्य | |
| २५ | मिना दर्जी | ५ | दलित महिला सदस्य | |
| २६ | करुण टण्डन | ६ | वडाध्यक्ष | |
| २७ | गुरु प्रसाद थारु | ६ | सदस्य | |
| २८ | यम बहादुर प्युठानी | ६ | सदस्य | |
| २९ | पसपतिया चौधरी | ६ | महिला सदस्य | |
| ३० | तारा दुतराज | ६ | दलित महिला सदस्य | |
| ३१ | विष्णु गिरी | ७ | वडाध्यक्ष | |
| ३२ | हरीशंकर पौडेल | ७ | सदस्य | |
| ३३ | मुम बहादुर पाण्डे | ७ | सदस्य | |
| ३४ | सावित्रा थारु | ७ | महिला सदस्य | |
| ३५ | पार्वती सुनार | ७ | दलित महिला सदस्य | |
| ३६ | बाबुराम अर्याल | ८ | वडाध्यक्ष | |
| ३७ | विश्वास जि.सी. | ८ | सदस्य | |
| ३८ | शैलेन्द्र बेल्बासे | ८ | सदस्य | |
| ३९ | जुनादेवी थारु | ८ | महिला सदस्य | |
| ४० | शारदा परियार | ८ | दलित महिला सदस्य | |
| ४१ | कमल पौडेल | ९ | वडाध्यक्ष | |
| ४२ | चुरामणि अर्याल | ९ | सदस्य | |
| ४३ | नुमलाल चौधरी | ९ | सदस्य | |
| ४४ | केशरा गुरुङ | ९ | महिला सदस्य | |
| ४५ | गिता कुमारी सुनार | ९ | दलित महिला सदस्य | |
| ४६ | यम प्रसाद पोख्रेल | १० | वडाध्यक्ष | |
| ४७ | रुपनारायण थारु | १० | सदस्य | |
| ४८ | राम शंकर थारु | १० | सदस्य | |

| क्र.सं. | नामथर | कार्यालय | निर्वाचित भएको पद | हस्ताक्षर |
|---|---|---|---|---|
| ४९ | सर्मिला चमार | १० | दलित महिला सदस्य | |
| ५० | नरेन्द्र प्रसाद थारु | ११ | वडाध्यक्ष | |
| ५१ | जगनारायण थारु | ११ | सदस्य | |
| ५२ | बाजबुल लैन | ११ | सदस्य | |
| ५३ | इमकला खत्री क्षेत्री | ११ | महिला सदस्य | |
| ५४ | सावित्री बि.क. | ११ | दलित महिला सदस्य | |
| ५५ | कृष्ण कुमार सुनार | ३ | दलित/ अल्पसंख्यक सदस्य | |
| ५६ | डिलबहादुर सुनार | ७ | दलित/ अल्पसंख्यक सदस्य | |
| ५७ | पिताम्बर विश्वकर्मा | ५ | दलित/ अल्पसंख्यक सदस्य | |
| ५८ | खिमानन्द भुसाल | | सचिव | |

आज मिति: २०८०।०३।०९ गते शनिबारका दिन नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा बसेको बाणगङ्गा नगरपालिकाको तेह्रौं नगरसभाको दोस्रो बैठकमा सभाको कार्यसूची बमोजिम छलफल गरी निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | बाणगङ्गा न.पा. | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | बाणगङ्गा न.पा. | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष | १ | |
| ४ | लक्ष्मी बहादुर खत्री | सदस्य | १ | |
| ५ | राजकुमार थारु | सदस्य | १ | |
| ६ | टोपकला बि.सी. | महिला सदस्य | १ | |
| ७ | सिता सुनार | दलित महिला सदस्य | १ | |
| ८ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | २ | |
| ९ | प्रेम बहादुर रौतार थारु | सदस्य | २ | |
| १० | झिमलाल सापकोटा | सदस्य | २ | |
| ११ | शान्ता पाण्डे | महिला सदस्य | २ | |
| १२ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | ३ | |
| १३ | सोमनाथ राना | सदस्य | ३ | |
| १४ | चन्द्रावती चौधरी थारु | महिला सदस्य | ३ | |
| १५ | गंगा देवी सुनार | दलित महिला सदस्य | ३ | |
| १६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | ४ | |
| १७ | चिन्कु थारु | सदस्य | ४ | |
| १८ | नन्द किशोर थारु | सदस्य | ४ | |
| १९ | चन्द्रवति थारु | महिला सदस्य | ४ | |
| २० | कुमारी पवित्रा सार्कि | दलित महिला सदस्य | ४ | |
| २१ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | ५ | |
| २२ | ज्ञान बहादुर कार्की | सदस्य | ५ | |
| २३ | बुध्दु थारु | सदस्य | ५ | |
| २४ | नैन कुमारी थारु | महिला सदस्य | ५ | |

| क्र.सं. | नामथर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| २५ | मिना दर्जी | दलित महिला सदस्य | ५ | |
| २६ | करुण टण्डन | वडाध्यक्ष | ६ | |
| २७ | गुरु प्रसाद थारु | सदस्य | ६ | |
| २८ | यम बहादुर प्युठानी | सदस्य | ६ | |
| २९ | पसपतिया चौधरी | महिला सदस्य | ६ | |
| ३० | तारा दुतराज | दलित महिला सदस्य | ६ | |
| ३१ | विष्णु गिरी | वडाध्यक्ष | ७ | |
| ३२ | हरीशंकर पौडेल | सदस्य | ७ | |
| ३३ | मुम बहादुर पाण्डे | सदस्य | ७ | |
| ३४ | सावित्रा थारु | महिला सदस्य | ७ | |
| ३५ | पार्वती सुनार | दलित महिला सदस्य | ७ | |
| ३६ | बाबुराम अर्याल | वडाध्यक्ष | ८ | |
| ३७ | विश्वास जि.सी. | सदस्य | ८ | |
| ३८ | शैलेन्द्र बेल्बासे | सदस्य | ८ | |
| ३९ | जुनादेवी थारु | महिला सदस्य | ८ | |
| ४० | शारदा परियार | दलित महिला सदस्य | ८ | |
| ४१ | कमल पौडेल | वडाध्यक्ष | ९ | |
| ४२ | चुरामणि अर्याल | सदस्य | ९ | |
| ४३ | नुमलाल चौधरी | सदस्य | ९ | |
| ४४ | केशरा गुरुङ | महिला सदस्य | ९ | |
| ४५ | गिता कुमारी सुनार | दलित महिला सदस्य | ९ | गिता |
| ४६ | यम प्रसाद पोखेल | वडाध्यक्ष | १० | |
| ४७ | रुपनारायण थारु | सदस्य | १० | |
| ४८ | राम शंकर थारु | सदस्य | १० | |
| ४९ | सर्मिला चमार | दलित महिला सदस्य | १० | |
| ५० | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | ११ | |

| क्र.सं. | नामथर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| ५१ | जगनारायण थारु | सदस्य | ११ | [illegible] |
| ५२ | बाजबुल लैन | सदस्य | ११ | [illegible] |
| ५३ | इमकला खत्री क्षेत्री | महिला सदस्य | ११ | [illegible] |
| ५४ | सावित्री बि.क. | दलित महिला सदस्य | ११ | [illegible] |
| ५५ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | ३ | [illegible] |
| ५६ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | ७ | [illegible] |
| ५७ | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | ५ | [illegible] |
| ५८ | खिमानन्द भुसाल | सचिव | नगरपालिकाको कार्यालय | [illegible] |

आज मिति:२०८०।०३।३० गते शनिबारका दिन नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा बसेको बाणगङ्गा नगरपालिकाको तेहौं नगरसभाको तेस्रो बैठकमा सभाको कार्यसूची बमोजिम छलफल गरी निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ ।

| क्र.सं. | नामथर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | बाणगङ्गा न.पा. | [signature] |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | बाणगङ्गा न.पा. | [signature] |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष | १ | [signature] |
| ४ | लक्ष्मी बहादुर खत्री | सदस्य | १ | [signature] |
| ५ | राजकुमार थारु | सदस्य | १ | [signature] |
| ६ | टोपकला बि.सी. | महिला सदस्य | १ | [signature] |
| ७ | सिता सुनार | दलित महिला सदस्य | १ | [signature] |
| ८ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | २ | [signature] |
| ९ | प्रेम बहादुर रौतार थारु | सदस्य | २ | [signature] |
| १० | झिमलाल सापकोटा | सदस्य | २ | [signature] |
| ११ | शान्ता पाण्डे | महिला सदस्य | २ | [signature] |
| १२ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | ३ | [signature] |
| १३ | सोमनाथ राना | सदस्य | ३ | [signature] |
| १४ | चन्द्रावती चौधरी थारु | महिला सदस्य | ३ | [signature] |
| १५ | गंगा देवी सुनार | दलित महिला सदस्य | ३ | [signature] |
| १६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | ४ | [signature] |
| १७ | चिन्कु थारु | सदस्य | ४ | [signature] |
| १८ | नन्द किशोर थारु | सदस्य | ४ | [signature] |
| १९ | चन्द्रवति थारु | महिला सदस्य | ४ | [signature] |
| २० | कुमारी पवित्रा सार्कि | दलित महिला सदस्य | ४ | [signature] |
| २१ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | ५ | [signature] |
| २२ | ज्ञान बहादुर कार्की | सदस्य | ५ | [signature] |
| २३ | बुध्दु थारु | सदस्य | ५ | [signature] |
| २४ | नैन कुमारी थारु | महिला सदस्य | ५ | [signature] |
| २५ | मिना दर्जी | दलित महिला सदस्य | ५ | [signature] |

| | | | | |
|---|---|---|---|---|
| २६ | करुण टण्डन | वडाध्यक्ष | ६ | [signature] |
| २७ | गुरु प्रसाद थारु | सदस्य | ६ | [signature] |
| २८ | यम बहादुर प्युठानी | सदस्य | ६ | [signature] |
| २९ | पसपतिया चौधरी | महिला सदस्य | ६ | [signature] |
| ३० | तारा दुतराज | दलित महिला सदस्य | ६ | [signature] |
| ३१ | विष्णु गिरी | वडाध्यक्ष | ७ | [signature] |
| ३२ | हरीशंकर पौडेल | सदस्य | ७ | [signature] |
| ३३ | मुम बहादुर पाण्डे | सदस्य | ७ | [signature] |
| ३४ | सावित्रा थारु | महिला सदस्य | ७ | [signature] |
| ३५ | पार्वती सुनार | दलित महिला सदस्य | ७ | [signature] |
| ३६ | बाबुराम अर्याल | वडाध्यक्ष | ८ | [signature] |
| ३७ | विश्वास जि.सी. | सदस्य | ८ | [signature] |
| ३८ | शैलेन्द्र बेल्बासे | सदस्य | ८ | [signature] |
| ३९ | जुनादेवी थारु | महिला सदस्य | ८ | [signature] |
| ४० | शारदा परियार | दलित महिला सदस्य | ८ | [signature] |
| ४१ | कमल पौडेल | वडाध्यक्ष | ९ | [signature] |
| ४२ | चुरामणि अर्याल | सदस्य | ९ | [signature] |
| ४३ | नुमलाल चौधरी | सदस्य | ९ | [signature] |
| ४४ | केशरा गुरुङ | महिला सदस्य | ९ | [signature] |
| ४५ | गिता कुमारी सुनार | दलित महिला सदस्य | ९ | गिता |
| ४६ | यम प्रसाद पोखेल | वडाध्यक्ष | १० | [signature] |
| ४७ | रुपनारायण थारु | सदस्य | १० | [signature] |
| ४८ | राम शंकर थारु | सदस्य | १० | [signature] |
| ४९ | सर्मिला चमार | दलित महिला सदस्य | १० | [signature] |
| ५० | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | ११ | [signature] |
| ५१ | जगनारायण थारु | सदस्य | ११ | [signature] |
| ५२ | बाजबुल लैन | सदस्य | ११ | [signature] |
| ५३ | इमकला खत्री क्षेत्री | महिला सदस्य | ११ | [signature] |

| | | | | |
|---|---|---|---|---|
| ५४ | सावित्री बि.क. | दलित महिला सदस्य | ११ | |
| ५५ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | ३ | |
| ५६ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | ७ | |
| ५७ | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | ५ | |
| ५८ | खिमानन्द भुसाल | सचिव | नगरपालिकाको कार्यालय | |

## बाणगङ्गा नगरपालिका
## १३औं नगरसभाका विभिन्न बैठकका निर्णयहरु

**प्रस्ताव नं. १३.१.१**

**१३औं नगरसभाको प्रथम बैठकको कार्यसूची र कार्यक्रम सम्वन्धमा,**

**निर्णय नं. १३.१.१**

१३औं नगरसभाको प्रथम बैठक २०८०।०३।०२ को कार्यसूची र सञ्चालन भएको कार्यक्रम अनुसूची-१ बमोजिम अभिलेख राख्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३.१.२**

**नीति तथा कार्यक्रम स्वीकृती सम्वन्धमा ।**

**निर्णय नं. १३.१.२**

नगर प्रमुख श्री चक्रपाणी अर्यालद्वारा यस बाणगङ्गा नगरपालिकाको १३औं नगरसभाको प्रथम बैठकमा प्रस्तुत आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम सर्वसम्मत स्वीकृत गर्ने र अनुसूची-२ बमोजिम अभिलेख गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३.१.३**

**वेरुजु फछर्यौट तथा नियमितको लागि म.ले.प.मा सिफारिस गर्ने ।**

**निर्णय नं. १३.१.३**

महालेखा परीक्षकको कार्यालयवाट आ.व. ०७४।०७५ देखि २०७८।०७९ सम्मको लेखा परीक्षण प्रतिवेदनमा औल्याईएका विषयवस्तुहरु मध्ये प्राप्त सुझावहरुलाई मार्गदर्शनको रुपमा लिने, असुल गर्नुपर्ने वेरुजु असुलउपर गर्ने र नियमित गर्नुपर्ने वेरुजुको लागि लेखा समितिमा छलफल भई कार्यपालिकाबाट सिफारिस भई आएको अनुसूची-३ बमोजिम बेरुजु सम्परिक्षण गरी महालेखा परीक्षकको कार्यालयमा फछर्यौटको लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३.२.१**

**१३औं नगरसभाको दोस्रो बैठकको कार्यसूची र कार्यक्रम सम्वन्धमा,**

**निर्णय नं. १३.२.१**

१३औं नगरसभाको दोस्रो बैठक २०८०।०३।०९ को कार्यसूची र सञ्चालन भएको कार्यक्रम (निर्णयको अनुसूची-४ बमोजिम) अभिलेख राख्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३.२.२**

**आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम सम्वन्धमा,**

**निर्णय नं. १३.२.२**

वडा नं. १० का वडा अध्यक्ष श्री यमलाल पोखरेललाई डिभिजन वन कार्यालय तौलिहवा, कपिलवस्तुले हिरासतमा लिएको विषयले समग्र नगरसभाको ध्यानाकर्षण गराएको छ । त्यस कारण निज वडा अध्यक्षलाई हिरासतमुक्त गर्न पहल गर्ने र यस नगरसभामा नगर उपप्रमुख रिता कुमारी चौधरीद्वारा प्रस्तुत भएको आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम छलफलको क्रममा राख्ने र पुनः अर्को वैठकमा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३.३.१**

**१३औं नगरसभाको तेस्रो बैठकको कार्यसूची र कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. १३.३.१**

१३औं नगरसभाको तेस्रो बैठक २०८०।०३।३० को कार्यसूची र सञ्चालन भएको कार्यक्रम अनुसूची-५ बमोजिम अभिलेख राख्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३.३.२**

**आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. १३.३.२**

बजेट तथा कार्यक्रम तर्जुमा समितिमा छलफल भई कार्यपालिका मार्फत नगर सभामा पेश भई नगर उपप्रमुख रिता कुमारी चौधरीद्वारा १३औं नगरसभाको दोस्रो बैठक २०८०।०३।०९ मा पेश भएको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रम आवश्यक संसोधन सहित अनुसूची ६ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३.३.३**

**विधेयक स्वीकृत सम्बन्धमा,**

**निर्णय नं. १३.३.३**

बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक आर्थिक विधेयक, २०८० र खर्च सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक विनियोजन विधेयक, २०८० सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३.३.४**

**प्रतिवेदन स्वीकृत सम्बन्धमा,**

**निर्णय नं. १३.३.४**

यस बाणगङ्गा नगरपालिकाको १३औं नगरसभामा नगर उप्रमुख श्री रिता कुमारी चौधरी द्वारा प्रस्तुत आर्थिक वर्ष २०७९।०८०को न्यायिक समितिको प्रतिवेदन, श्री बाबुराम अर्यालद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९।०८० को विधायन समितिको प्रतिवेदन, टेकबहादुर झेडीमगरद्वार प्रस्तुत आर्थिक वर्ष २०७९।०८० को लेखा समितिको प्रतिवेदन र श्री कमल पौडेलद्वार प्रस्तुत आर्थिक वर्ष २०७९।०८० को सुशासन तथा सेवा प्रवाह समितिको प्रतिवेदन सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३.३.५

**सार्वजनिक महत्वका प्रस्तावहरु स्वीकृत सम्बन्धमा,**

**निर्णय नं. १३.३.५**

नगर प्रवक्ता श्री बिष्णु प्रसाद पौडेलद्वारा यस बाणगङ्गा नगरपालिकाको नगरसभाबाट प्रस्तुत अनुसूची-७ मा उल्लेख भए बमोजिमका सार्वजनिक महत्वका प्रस्तावहरु सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३.३.६

**अनुगमन समिति गठन सम्बन्धमा,**

**निर्णय नं. १३.३.६**

आर्थिक वर्ष २०८०।८१ मा वडा स्तरीय बजेटबाट सम्पदान हुने ५ लाख सम्मका योजनाहरु सम्बन्धीत वडाबाट अनुगमन गरि वडा कार्यालयको सिफारिस पत्रको आधारमा भूक्तानी प्रक्रिया अगाडी बढाउने र नगरपालिका तथा अन्य निकायको बजेटबाट सञ्चालित कार्यक्रम तथा योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि ११औं नगरसभाबाट गठन भएको निम्नानुसारको अनुगमन तथा सुपरीवेक्षण समितिलाई निरन्तरता दिने ।

**अनुगमन तथा सुपरीवेक्षण समिति**

| | | |
|---|---|---|
| संयोजक | - | रिता कुमारी चौधरी नगर उपप्रमुख |
| सदस्य | - | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | - | सम्बन्धित वडाको अध्यक्ष |
| सदस्य | - | भौतिक पूर्वाधार शाखा प्रमुख |
| सदस्य सचिव | - | योजना शाखा प्रमुख |

उक्त समितिमा नगर प्रमुख, कार्यपालिकाका अन्य सदस्य, शाखा प्रमुखहरु तथा विषय विज्ञ समेतलाई आमन्त्रण गर्न सकिनेछ ।

प्रस्ताव नं. १३.३.७

**न्यायीक समिति गठन सम्बन्धमा,**

**निर्णय नं. १३.३.७**

नेपालको संविधानको धारा २१७ मा व्यवस्था भए अनुसार कानून बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न उप प्रमुखको संयोजकत्वमा ३ सदस्यीय एक न्यायीक समिति रहने व्यवस्था भए बमोजिम ११औं नगरसभाबाट गठन भएको निम्नानुसारको न्यायीक समितिलाई निरन्तरता दिने निर्णय गरियो ।

**न्यायीक समिति**

| | | |
|---|---|---|
| संयोजक | - | रीता कुमारी चौधरी |
| सदस्य | - | शान्ता पाण्डे |
| सदस्य | - | मुमबहादुर पाण्डे |

चक्रपाणी अर्याल
नगर प्रमुख

प्रस्ताव नं. १३.३.८

विधायन समिति गठन सम्बन्धमा,

निर्णय नं. १३.३.८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ बमोजिम समितिको गठन सम्बन्धमा नगरसभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न कुनै नगरसभा सदस्यको संयोजकत्वमा विधायन समिति गठन गर्ने व्यवस्था भए बमोजिम ११औं नगरसभाबाट गठन भएको निम्नानुसारको विधायन समितिलाई निरन्तरता दिने निर्णय गरियो ।

| | | |
|---|---|---|
| संयोजक | - | बाबुराम अर्याल |
| सदस्य | - | सावित्रा बि.क. |
| सदस्य | - | हरिशंकर पौडेल |
| सदस्य सचिव | - | प्रशासन शाखा |

प्रस्ताव नं. १३.३.९

जाँचपास तथा फरफारक समिति गठन सम्बन्धमा,

निर्णय नं. १३.३.९

आ.व.०८०।८१ मा नगरपालिकाबाट संचालित योजनाहरुको भुक्तानी दिने क्रममा जाँचपास तथा फरफारक गर्नको लागि तपसिल बमोजिमको जाँचपास तथा फरफारक समिति गठन गर्ने ।

जाँचपास फरफारक समिति

नगर प्रमुख
नगर उपप्रमुख
प्रमुख प्रशासकीय अधिकृत
आर्थिक प्रशासन शाखा
प्रशासन शाखा
योजना शाखा
पूर्वाधार विकास शाखा

प्रस्ताव नं. १३.३.१०

आन्तरीक आय ठेक्काहरुको न्यूनतम अंक निर्धारण सम्बन्धमा,

निर्णय नं. १३.३.१०

यस नगरपालिकाको आन्तरीक राजस्व वृद्धिका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि आन्तरीक आय ठेक्का हरुको न्यूनतम अंक राजस्व परामर्श समितिको निर्णयको आधारमा नगर

कार्यपालिकाको बैठकबाट सिफारिस भई आए बमोजिम निम्नानुसार आन्तरीक आय ठेक्काहरुको न्यूनतम अंक निर्धारण गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण | न्यूनतम अंक |
|---|---|---|
| १ | नगरभित्र संकलन भई बाहिर निकासी हुने कबाडी मालसामानको न्यूनतम अंक | ४,००,०००।– (अक्षेरुपीः चार लाख) |
| २ | नगरभित्र उत्पादन भई नगरबाहिर निकासी हुने पशुजन्य एवं बनजन्य तथा अन्य उत्पादित वस्तुहरु | १०,००,०००।– (अक्षेरुपीः दश लाख) |
| ३ | नगरभित्र एक तह प्रसोधन भई नगर बाहिर निकासी हुने नदिजन्य पदार्थको भौतिक पूर्वाधार उपयोग तथा वातावरण व्यवस्थापन शुल्क | १,००,००,०००।– (अक्षेरुपीः एक करोड |
| ४ | विज्ञापन कर | ५,००,०००।– (अक्षेरुपीः पाँच लाख) |

**प्रस्ताव नं. १३.३.११**

**नदिजन्य पदार्थ ठेक्का व्यवस्थापनको लागि न्यूनतम अंक निर्धारण सम्बन्धमा,**

**निर्णय नं. १३.३.११**

बाणगङ्गा नगरपालिका अन्तर्गत रहेका बाणगङ्गा नदी, घिरि खोला, कोईली खोलाका विभिन्न नाकाहरुबाट IEE प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदनले उत्खनन् र निकासी गर्न मिल्ने भनि सिफारिस गरिएका स्थान वा नाकाबाट (IEE) प्रतिवेदनले तोकेको परिमाण बमोजिम हुने गरी आगामी आर्थिक वर्ष २०८०।०८१ का लागि न्यूनतम अंक नघट्ने गरी निम्नानुसार ठेक्का व्यवस्थापन गर्न कार्यपालिकाबाट सिफारिस भई आएकोले तपसिल बमोजिम न्यूनतम अंक कायम गर्ने निर्णय गरियो ।

| सि.नं. | नदी/खोला | नाका | न्यूनतम अंक |
|---|---|---|---|
| १ | बाणगङ्गा नदी | मधुवन क्षेत्र | १,७५,३७,०४०।– (अक्षेरुपीः एक करोड पचहत्तर लाख सैतिस हजार चालिस मात्र । |
| | | धनेशपुर क्षेत्र | २८,५९,३००।– (अक्षेरुपीः अट्ठाईल लाख उनान्साठीहजार तीनसय मात्र । |
| | | भगलापुर बनकसिया क्षेत्र | ५२,२०,८७०।– (अक्षेरुपीः बाउन्न लाख बीस हजार आठसय सत्तरी) |
| २ | कोईली खोला | खोजिपुर र वर्दहवा क्षेत्र | ४८,४१,७४८।– (अक्षेरुपीः अठ्चालिस लाख एकचालिस हजार सातसय अठ्चालिस |
| ३ | घिरि खोला | बिल्लारा बक्सिपुर क्षेत्र, दुर्गामन्दिर क्षेत्र र सालघारी क्षेत्र | ३१,७७,०००।– (अक्षेरुपीः एकतिसलाख सतहत्तर हजार) |

चक्रमती अर्याल
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १३.३.१२

**सभा, बैठक, तालिम, अन्तर्क्रिया, दिवस नर्म्स सम्बन्धमा,**

निर्णय नं. १३.३.१२

आ.व.०८०।८१ मा संचालन हुने तालिम, गोष्ठी लगाएतका सबै कार्यक्रमहरुको आर्थिक नर्मस एउटै हुने गरी देहाय बमोजिमको दररेट निर्धारण गर्ने ।

| सि.नं. | खर्च शिर्षक | ईकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | श्रोत व्यक्ति पारिश्रमिक (बाह्य – सम्बन्धित तालिमको TOT प्राप्त व्यक्ति) | | | |
| क) | कार्यपत्र वापत | प्रतिव्यक्ति/प्रति शेसन | २००० | |
| ख) | प्रवचन वापत | प्रतिव्यक्ति/प्रति शेसन | १५०० | |
| २ | हवाई टिकट आतेजाते वा अधिकतम ३००० (ट्राभल) | प्रति व्यक्ति | | |
| ३ | श्रोत व्यक्ति पारिश्रमिक (आन्तरीक) | | | |
| क) | कार्यपत्र | प्रतिव्यक्ति/प्रति शेसन | १६०० | |
| ख) | प्रवचन | प्रतिव्यक्ति/प्रति शेसन | १००० | |
| ४ | कार्यपत्रको टिप्पणी कर्ता | प्रति कार्यपत्र | १००० | |
| ५ | कार्यक्रम सहजकर्ता/व्यवस्थापक | १ पटक | १००० | |
| ६ | सहभागि यातायात खर्च (अपाङ्ग, एकल महिला, विपन्न तथा दलितका) सीप विकास कार्यक्रम बाहेक अन्य कार्यक्रममा यातायात खर्च वापतको रकम भुक्तानी गरिने छैन ।) | | | |
| ७ | तालिम सहभागी भत्ता (अपाङ्ग, एकल महिला, विपन्न तथा दलितका) सीप विकास कार्यक्रम बाहेक अन्य कार्यक्रममा यातायात खर्च वापतको रकम भुक्तानी गरिने छैन ।) | | | |
| ८ | स्टेशनरी | | | |
| क) | (३ दिने कार्यक्रम सम्म) | | १०० | |
| ख) | (३ दिन भन्दा लामो कार्यक्रम) | | १५० | |
| ९ | तालिम सामाग्री | प्रतिदिन | १००० | |
| १० | खाना | प्रतिव्यक्ति | ३५० | |
| ११ | खाजा खर्च | प्रतिव्यक्ति | १५० | |
| १२ | कार्यक्रम व्यंवस्थापन उद्घाटन र समापन | | | |
| क) | राष्ट्रिय सभा सदस्य, प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य समेत उपस्थित हुने कुनैपनि कार्यक्रममा | उद्घाटन<br>समापन | ५०००<br>५००० | |
| ख) | नगरका पदाधिकारी एवं कर्मचारीमात्र उपस्थित हुने कम्तिमा ३ दिने कार्यक्रम | उद्घाटन<br>समापन | २५००<br>२५०० | |
| १३ | कार्यक्रम संचार | प्रतिव्यक्ति सहभागी | १० | |
| १४ | प्रस्ताव लेखन तथा प्रतिवेदन (फोटो बाहेक) | प्रति पाना | १०० | |
| १५ | अनुगमन | प्रतिव्यक्ति | १००० | |

नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| १६ | ब्यानर (सामान्य तालिम, अन्तरक्रिया, गोष्ठी लगायतको लागि) | प्रति कार्यक्रम | ५०० देखि ८०० सम्म | |
| १७ | नगरसभा, कार्यपालिकाको बैठक र वार्षिक समिक्षामा चिया र खाजा खर्च वापत | प्रतिव्यक्ति | २५० | |
| १८ | नगरसभामा खाना वापत खर्च | प्रतिव्यक्ति | ८५० सम्म | |

- तालिम सहभागी यातायात खर्च र तालिम भत्ता दुवै खर्च गर्न पाईनेछैन।
- अनुगमन गर्दा प्रतिवेदन अनिवार्य पेश गर्नुपर्नेछ।
- तालिम कार्यक्रम संचालन गर्दा विषयवस्तु, प्रस्तुतकर्ता सहितको कार्य तालिका पेश गर्नुपर्नेछ।
- अन्य खर्च आवश्यकता अनुसार स्वीकृत प्रस्ताब बमोजिम हुनेछ।
- माथी उल्लेख नभएको हकमा अर्थ मन्त्रालयबाट स्वीकृत कार्यसंचालन निर्देशिका २०७५ बमोजिम हुनेछ

**प्रस्ताव नं. १३.३.१३**

**जग्गा भोगाधिकारको लागि अनुमति सम्बन्धमा,**

**निर्णय नं. १३.३.१३**

जग्गाको भोकाधिकार साविक कोपवा गा.बि.स. भवन जिर्ण भएतापनि केहीसमयसम्म मर्मत सम्भार गरी वडा नं. ५ को कार्यालयको प्रशासनिक भवनको रुपमा प्रयोग भएको र यस नगरपालिकाको ११औं नगरसभाबाट उक्त प्रशासनिक भवन निर्माणको लागि बजेट व्यवस्थापन समेत भएको तर जग्गा कमि भएका कारण भवन मापदण्ड बमोजिम उक्त स्थानमा पर्याप्त पार्किङ सहितको सुविधा हुन नसक्ने भएकोले प्रशासनिक भवन हालको स्वास्थ्यचौकीको पूर्वपट्टी निर्माण भईरहेको र साविक कोपवा गा.वि.स.को जग्गा हाल ईलाका प्रहरी कार्यालय कोपवाको जग्गासंग जोडिएको र जग्गाको भोकाधिकार प्राप्त भएमा ईलाका प्रहरी कार्यालयको प्रशासनिक भवन निर्माण हुन सक्ने हुँदा वडा नं. ५ को सर्वदलिय बैठक र वडा समितिको बैठक समेतबाट ५ नं. वडा कार्यालय (साविक कोपवा गाबिस)को पुरानो भवन रहेको कोपवा २क कि.नं.१२०६मा रहेको जग्गा भोगाधिकारको लागि सिफारिस माग भई आएकोले २क कि.नं.१२०६ को जग्गा ईलाका प्रहरी कार्यालय कोपवालाई नियमानुसार भोगाधिकार प्राप्त गर्न सिफारिस गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १३.३.१४**

**नदिजन्य पदार्थ संकलनको लागि ठेक्का व्यवस्थापन भएको मधुवन नाकाको सम्बन्धमा,**

**निर्णय नं. १३.३.१४**

बाणगङ्गा नदी अन्तर्गत मधुवन धाम क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा संकलन गर्ने कार्यका लागि ठेक्का बन्दोबस्त गरिएको स्थानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयबाट अनुगमन गर्दा केही नगदी रसिदहरु बरामद गरिएको, सो को अभिलेख यस कार्यालयमा नरहेको, कार्यालयबाट पटक पटक अनुगमन गर्दा प्रमाणित गरिए बाहेकको नगदी रसिदहरु फेला नपरेको, अनुगमनको क्रममा बरामद गरिएका नगदी रसिदहरुको विवरण अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयमा माग गर्दा हालसम्म विवरण प्राप्त हुन नआएको, उक्त विषय

प्रशासकीय अधिकृत

संवैधानिक निकायमा प्रवेश गरिसकेको अवस्थामा निर्णयमा पुग्न उपयुक्त नहुने अवस्था देखिएकोले आयोगबाट कारवाहीको लागि यस कार्यालयलाई लेखि आए पश्चात आवश्यक कारबाही अगाडी बढाउने साथै ठेकेदार एन.एस.कन्स्ट्रक्सनको यस कार्यालयको नाउँमा रहेको नदीजन्य पदार्थ वापतको बैंक ग्यारेन्टी अर्को निर्णय नभएसम्मको लागि रोक्का राख्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३.३.१५**

**योजना तथा कार्यक्रमहरुको बाँकी भुक्तानी सम्बन्धमा,**

**निर्णय नं. १३.३.१५**

चालु आर्थिक वर्षमा कार्यसम्पन्न भई पेश भएका तर स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SUTRA) मा मितिः२०८०।०३।२४ गते विहानैबाट प्राविधिक समस्या भएका कारण भुक्तानी हुन नसकेका तपसिलमा उल्लेखित योजना तथा कार्यक्रमहरुको आगामी आ.व.२०८०।०८१ मा बजेटको व्यवस्थापन गरी भुक्तानी व्यवस्था मिलाउने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम/ आयोजना | रकम रु. |
|---|---|---|
| १ | खुल्ला व्यायमशाला | ४७८५५८ |
| २ | ओशो ध्यान केन्द्र धर्मशाला अधुरो भवन निर्माण | ८७०००० |
| ३ | सहयोगी महिला बहुउद्देश्यिय सहकारी संस्था लिमिटेडको भवन निर्माण | ३००००० |
| ४ | खानेपानी तथा सरसफाइ कार्यक्रम | ३२७१०५ |
| ५ | कोपवा ठुलोपोखरी डि पि आर | १९४३६० |
| ६ | लक्ष्मणघाट वोल वम धाम डिपिआर | ३४३५२० |
| ७ | बैरिया जेसिस चोकदेखि पश्चिम गजेहडा खोला सम्म सडक पिसिसि कार्य | ३५००० |
| ८ | बाह्रो नगरसभावाट स्विकृत वाणगंगा र गजेहडा भु पु सैनिक खानेपानी त. स. उ. स. | ५०००० |
| ९ | कृषि तथा पशु सेवा कार्यालयको भवन मर्मत सम्भार वडा नं. ५ | ३१०००० |
| १० | मेशिनले नाला खन्ने र विस्तार गर्ने काम | ९१००० |
| ११ | सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लि. | ७८६१५ |
| १२ | ए.सी. खरिद माउण्ट एभरेष्ट ट्रेड लिङ्क सप्लायर्स | १२६००० |
| १३ | सामुदायिक रेडियो मायादेवी स्टुडियो व्यवस्थान एस के ट्रेडिङ्ग सप्लायर्स | २४८०३५ |
| १४ | विद्युत पोल लाईट वडा नं. ४ | ३०४१२४० |
| १५ | सार्वजानिक जग्गा संरक्षण कपिलवस्तु सामुदायिक अस्पताल तथा बंगलामूखी मन्दिर | १३००००० |
| १६ | वाणगंगा एग्रो फर्म, कागती रोपण कार्यक्रम | ४००००० |
| १७ | मालिका सामुदायिक भवनमा कार्पेट कुर्ची खरिद र वण्डैली खेल मैदान मर्मत | १५०००० |
| १८ | लागत सहभागिताको बाँकि रकम भुक्तानी | १७२०१२७ |
| १९ | भुक्तानी बाँकि चालु तथा प्रशासनिक खर्च | १४४८१६० |
| २० | नागरिक आवास कार्यक्रम | ८८७०४० |
| २१ | हेमराज मा.बि. पुस्तकालय | ६५०००० |
| २२ | जनता मा.बि. भौतिक पुर्वाधार बाँकि भुक्तानी | ४००००० |
| २३ | विपद् व्यवस्थापनबापत राहत | ९०००० |
| २४ | राष्ट्रपति रनिङशिल्डबाट आउँदा दुर्घटनामा परी उपचार वापत राहत रकम | २०००० |
| २५ | पिपरा अस्पताल डाक्टर छनौट परिक्षा संचालन | ८६०५० |
| २६ | बसपार्क आई.ई.ई. | ५००००० |
| | कूल जम्मा | १४१४४८१० |

अर्याल
नगर प्रमुख

**प्रस्ताव नं. १३.३.१६**

**योजना तथा कार्यक्रमहरुको म्याद थप सम्बन्धमा,**

**निर्णय नं. १३.३.१६**

चालु आर्थिक वर्षमा सम्झौता भई कार्य सञ्चालन भएका तर सम्झौता अवधिभित्र सम्पन्न हुन नसकेका योजनाहरुको म्याद थपका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(१) बमोजिम सम्बन्धित निर्माण व्यवसायीहरुबाट निवेदन पेश हुन आएका, माग बमोजिमको म्याद थप गर्न सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(२) बमोजिम थप गर्न सकिने विद्यमान अवस्था नदेखिएको तर उल्लेखित योजनाहरुको कार्य सम्पन्न गर्नुपर्ने अवस्था देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(३) बमोजिम पूर्व निर्धारित क्षेतिपूर्ती लिने गरी २०८० असौज मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम/ आयोजना | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | घर नम्बरिङ्ग | २०००००० | |
| २ | कृषि विकास शाखा कार्यालयको बाँकी काम | ४०२६२८९ | |
| ३ | सडक बोर्ड योजना मर्मत | ५८०००२४ | |

**प्रस्ताव नं. १३.३.१७**

**अस्पतालको नाम परिवर्तन गर्ने सम्बन्धमा,**

**निर्णय नं. १३.३.१७**

यस नगरपालिका अन्तर्गत सञ्चालित पिपरा अस्पताललाई "बाणगङ्गा अस्पताल" नामाकरण गर्ने र परिवर्तित नाम कायम गर्नको सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३.३.१८**

**आयुर्वेद औषधालयको नाम परिवर्तन गर्ने सम्बन्धमा,**

**निर्णय नं. १३.३.१८**

यन नगरपालिका अन्तर्गत सञ्चालित मोतिपुर आयुर्वेद औषधालयलाई "बाणगङ्गा आयुर्वेद औषधालय" नामाकरण गर्ने र परिवर्तित नाम कायम गर्नको सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३.३.१९**

**बसपार्कको लागि जग्गा भोगाधिकार प्राप्त गर्ने सम्बन्धमा,**

**निर्णय नं. १३.३.१९**

पूर्व पश्चिम लोकमार्ग अन्तर्गत बाणगङ्गा पुलको पूर्व दक्षिण हाल मधौलिया सामुदायिक वनको क्षेत्रमा बसपार्क निर्माणको लागि DPR तयार भईसकेकोले उक्त जग्गाको भोगाधिकार प्राप्तिको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

चक्रपाणी अर्याल
नगर प्रमुख

**प्रस्ताव नं. १३.३.२०**

**फोहोर प्रसोधन केन्द्र सञ्चालनका लागि जग्गा भोगाधिकार प्राप्त गर्ने सम्बन्धमा,**

**निर्णय नं. १३.३.२०**

पूर्व पश्चिम लोकमार्ग अन्तर्गत कोईली पारी खारखानी देखि करीव २ कि.मी. उत्तर बाणगङ्गा वडा नं. ९ अन्तर्गत नमूना सामुदायिक वनको क्षेत्रमा फोहोर प्रसोधन केन्द्र निर्माणको लागि DPR तयार भईसकेकोले उक्त जग्गा भोगाधिकारको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १३.३.२१**

**विविध निर्णयहरु,**

**निर्णय नं. १३.३.२१**

**निर्णय नं. १**

आर्थिक वर्ष ०७९।८० मा बाणगङ्गा नगरपालिका नगर कार्यपालिकाको बैठकबाट गरेका निर्णयहरु र कार्यान्वयन गरेका योजनाहरुको अनुमोदन गर्ने ।

**निर्णय नं. २**

बाणगंगा नगरपालिकाका एकल महिला, महिला सहकारी, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरु लक्षित कार्यक्रम तथा योजना माग गर्न प्रदेश तथा संघीय निकायहरुमा गरिने सिफारिसहरु निःशुल्क गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

आ.व.०७९।८० मा सञ्चालन हुने गरी संघ तथा प्रदेशमा माग गरिने समपुरक योजना, विशेष योजना, तराई मधेश लगाएतका योजनाहरुको प्रस्ताव गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

**निर्णय नं. ४**

विधेयकको तयारी तथा ड्राफ्ट, योजना संसोधन तथा ब्रेकडाउन, नीति तथा कार्यक्रमको तयारी, बजेट तथा कार्यक्रम तयारी जस्ता कार्यको लागि नगरसभाको तयारीको क्रममा मुख्य भूमिकामा रही काम गर्ने पदाधिकारी तथा कर्मचारीहरुको हिउँदे नगर सभामा बढीमा १५ दिन र बर्षे नगरसभामा बढीमा १ महिनाको अतिरिक्त समय खटिई कार्य गरेवापतको सुविधा उपलब्ध गराउने ।

**निर्णय नं. ५**

दमकल चालकले संचार र अग्नि नियन्त्रणमा खटिएको दिनको जोखिम भत्ता र अग्नि नियन्त्रक (फायरमेन) हरुले अग्नि नियन्त्रणमा खटिएको जोखिम भत्ता सुविधा उपलब्ध गराईदै आएकोमा निजहरुको कार्य सन्तोषजनक देखिएकोले यस आर्थिक वर्षमा समेत चालकको संचार खर्च रु.५००।- प्रति महिना र चालक तथा अग्नि नियन्त्रक (फायरमेन) को जोखिम भत्ता वापत प्रति खटिएको दिनको रु.५००।- का दरले प्रतिव्यक्ति उपलब्ध गराउने साथै दमकलमा खटिने कर्मचारी तथा नगर प्रहरीहरुको दुर्घटना बिमा गरिदिने निर्णय गरियो ।

चक्रपाणी अर्याल
नगर प्रमुख

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

शिवानन्द गुप्ता
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६**

बाणगङ्गा नगरपालिकाको कानूनी सल्लाहकारको रुपमा आ.व.२०७९।८० सम्म कार्यरत रही आउनुभएको अधिवक्ता श्री हुमनाथ पाण्डेलाई आगामी आर्थिक वर्ष २०८०।०८१ मा समेत कानूनी सल्लाहकारको रुपमा निरन्तरता दिने साथै निजको माषिक पारिश्रमिक रु.३०,०००।– कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

बाणगङ्गा नगरपालिकाको प्रशासनिक भवनको सुरक्षामा खटिने सुरक्षा गार्डहरुको लागि नेपाल सरकारले सुरक्षाकर्मी हवलदार पदलाई दिँदै आएको पारिश्रमिक बरावरको मासिक पारिश्रमिक तलव उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ८**

यस कार्यलयलाई निर्दिष्ट नगरेका र जिम्मेबारी नतोकिएका संघीय तथा प्रदेश स्तरीय (यस कार्यालयको सञ्चित कोषमार्फत खर्च नहुने) कन्टिन्जेन्सी रकमको व्यवस्था नभएको कुनै पनि कार्यक्रमहरुको ल.ई. तयारी, अनुगमन र कार्यसम्पन्न मूल्याङ्कन तथा जस्ता कार्य यस कार्यालयबाट नगर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि र निर्देशिका बमोजिम हुने गरि सेवा प्रवाहको आधारमा विहान वेलुका र सार्वजनिक विदाको दिनमा समेत खटिई काम गर्नुपर्ने अवस्था समेतलाई मध्यनजर गर्दै नगरपालिका र वडा कार्यालयहरुमा कामकाजमा संलग्न कर्मचारीहरुलाई कार्यबोझ र ई-हाजिरीलाई समेत मध्यनजर राख्दै कार्य सम्पादन गरेको दिनको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराउने ।

**निर्णय नं. १०**

यस कार्यालयको स्वीकृत दरबन्दीमा कार्यरत हलुका सवारी चालकहरु कार्यालय समय बाहेक पनि विभिन्न कार्यक्रमहरुमा कार्यालयको प्रतिनिधित्व हुने गरी सवारी साधन लिई पदाधिकारी एवम् कर्मचारीहरुलाई लिई जानुपर्ने हुनाले कार्यालय नजिक निवास व्यवस्थापन गर्न मासिक रु.३०००।- उपलब्ध गराउने।

**निर्णय नं. ११**

संघीय विशेष कार्यक्रम अनुसार तलब भत्ता व्यवस्थापन भएका र यस बाणगङ्गा नगरपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) अनुसारका दरबन्दीमा करार सेवामा कार्यरत कर्मचारीहरुको "करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८" बमोजिम मापदण्ड पुगेका कर्मचारीहरुको कर्मचारीहरुको आ.व.२०८० श्रावण १ गते देखि २०८० असार मसान्तसम्म अर्ध वार्षिक रुपमा मूल्याङ्कन गरी मूल्याङ्कन बमोजिम सम्बन्धित पदको शुरु तलव स्केलमा नबढ्ने गरी म्याद थप गर्ने र वडा कार्यालय, स्वास्थ्य संस्था र कार्यालयको दरबन्दीमा ज्यालादारीको रुपमा कार्यरत श्रेणी विहिन कर्मचारीहरुलाई २०८० २०८० पुष मसान्तसम्म सेवा करारमा सम्झौता गरी कामकाजमा लगाउने र कार्यविधि अनुसार उपयुक्त देखिएमा आर्थिक वर्ष २०८०।०८१ को थप अवधी समेत करार सेवामा निरन्तरता दिने गरी कामकाजमा लगाउने निर्णय गरियो।

वज्रपाणी अर्याल
नगर प्रमुख

निर्णय नं. १२

नगरपालिकाको क्षेत्रभित्र नदिजन्य पदार्थ उत्खन्न एवं सकंलन गर्ने कार्य निषेध गरेको अवस्थामा नदि/ खोलाबाट नदिजन्य पदार्थ चोरी निकासी गर्ने सवारी साधनबाट असुल भएको जरिवाना बापतको रकम मध्येबाट जरिवाना असुलीका लागि प्रत्यक्ष सहयोग गर्नु हुने सुरक्षा निकाय, संघ-संस्था वा व्यक्तिलाई २५ प्रतिशत बराबरको हुने रकम प्रोत्साहन बापत उपलब्ध गराउने ।

निर्णय नं. १३

बाणगङ्गा नगरपालिकालाई विपक्षी बनाई जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा दर्ता भएका एवं दर्ता हुने रिट निवेदन उपर छलफलमा भाग लिन, लिखित जवाफ लगायतका कार्यहरु गर्नको लागि नगरपालिकाको पक्षबाट नगर प्रमुख श्री चक्रपाणी अर्याललाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. १४

आर्थिक वर्ष २०८०।०८१ मा सार्वजनिक खरिद सम्बन्धी कार्यको लागि कपिलवस्तु जिल्लाबाट स्वीकृत दररेट लाई बाणगङ्गा नगरपालिकाको नगर दररेटको रुपमा स्वीकृत गर्ने र जिल्ला दररेटमा छुट भएका वस्तु तथा सेवाहरुको दररेट छिमेकी जिल्ला तथा नगरपालिकाहरुको दररेटलाई आधार लिई निर्धारण गर्ने ।

निर्णय नं. १५

छाडा चौपाया समस्याको कारण हाल दैनिक जसो सडक दुर्घटना भई चौपायाहरु मर्ने गरेका कारण त्यस्ता मृत चौपायाहरुको व्यवस्थापन जे.सि.बि. मार्फत गर्नुपर्ने भएको र व्यवस्थापनमा चालक बाहेक अर्को व्यक्ति तत्काल खटाउन सकिने अवस्था नभएकोले कार्यालयको जे.सि.बि. प्रयोग गरी व्यवस्थापनमा खटिने चालकलाई सनाखतको आधारमा प्रत्येक चौपायाको रु. ३००।- का दरले व्यवस्थापनन खर्च उपलब्ध गराउने र सार्वजनिक कार्यको लागि ईन्धन खर्च कार्यालयबाट व्यहोर्ने ।

निर्णय नं. १६

आ.व.०८०।८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने योजनाहरु छनौट गरी कार्यान्वयन गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं .१७

नगरबाट वडाहरुलाई वार्षिक बजेट बिनियोजन गर्दा भुगोल, जनसंख्या, राजस्व र भौगोलिक अवस्थाको विश्लेषणलाई आधार बनाईदै आएकोमा यस नगरपालिका तथा वडाहरुको वास्तविक अवस्था एउटा र सिमाङ्कनमा अर्को देखिएकोले पटक पटक सिमा सम्बन्धी विवाद देखिंदै आएकोले यसको पुनःनापी गरी नक्सा कायम गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं नापी विभागमा पुनः नापी कार्यको लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

चक्रपाणी अर्याल
नगर प्रमुख

अनुसूची-१

१३औं नगरसभाको प्रथम बैठकको कार्यसूची र कार्यक्रम

अनुसूची-२

नीति तथा कार्यक्रम

अनुसूची-३

वेरुजु फछर्यौट तथा नियमितको लागि छलफल भएका बुँदाहरु

अनुसूची-४

१३औं नगरसभाको दोस्रो बैठकको कार्यसूची र कार्यक्रम

अनुसूची-५

१३औं नगरसभाको तेस्रो बैठकको कार्यसूची र कार्यक्रम

अनुसूची-६

आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम

अनुसूची-७

सार्वजनिक महत्वका प्रस्तावहरु

अनुसूची-८

विभिन्न समितिका प्रतिवेदनहरु

अनुसूची-९

नगरसभा सदस्यहरुले राखेका भनाईहरु

*अनुसूची-१*

# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## तेह्रौं नगरसभा

## तेह्रौं नगरसभाको कार्यसूची र समय तालिका

**सभा संख्याः १३** **प्रथम बैठक** **सभा संचालन स्थानः पिस हिमालयन रिसोर्ट**

**अध्यक्षताः श्री चक्रपाणी अर्याल** **मितिः२०८०।०३।०२**

| मिति | बैठक बस्ने समय | कार्य सूची | संचालन तथा कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| | | राष्ट्रिय गान | | |
| २०८०।०३।०२ | ०८:०० | सभाको सभाध्यक्षता | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| " " | ०८:०० | कार्यक्रम शुरु भएको घोषणा<br>सम्बोधन<br>शहिदहरु प्रति मौनधारणा | | |
| " " | ०८:१० | आ.व.२०८०।०८१ को नीति तथा कार्यक्रम | | |
| | ०९:०० | महालेखा परीक्षकको कार्यालयद्वारा यस आ.व. २०७८।०७९ सम्मको अन्तिम लेखा परीक्षण हुँदा औल्याईएका नियमित गर्नुपर्ने बेरुजु सम्परीक्षण गर्ने सम्बन्धमा । | श्री टेक बहादुर झेंडी मगर | |
| | ९:१० | नीति तथा कार्यक्रमका र लेखा परीक्षण प्रतिवेदनका सम्बन्धमा सभामा आफ्नो केही भनाई भए राख्ने | | |
| | ०९:१५ | नगर सभामा उठेका विषयहरुलाई सम्बोधन गर्ने | | |
| | ०९:३० | कार्यक्रमको समापन | | |

## छलफलको समय तालिका

| मिति | बैठक बस्ने समय | कार्य सूची | प्रस्ताव प्रस्तुतकर्ता | छलफलमा बोल्ने सदस्यहरुको नाम र तोकिएको समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

उपाध्यक्ष ज्यू

नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु

सचिव ज्यू र राष्ट्रसेवक कर्मचारीहरु

✓ म आजको यस १३औं नगर सभा शुरुवात भएको जानकारी गराउन चाहान्छु ।

लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था, सामाजिक न्याय सहितको समानुपातिक समाबेशी प्रतिनिधिमुलक व्यवस्था, मौलिक अधिकार, नागरीक स्वतन्त्रता जस्ता महत्वपूर्ण उपलब्धीहरु प्राप्तीको लागि विभिन्न कालखण्डामा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरुप्रती भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु र सम्पूर्ण सहिदहरुको संझनामा १ मिनेट मौन धारणको लागि सहभागि हुन सम्पूर्ण नगरसभा सदस्यज्यूहरुलाई अनुरोध गर्दछु ।

मौन धारणको लागि समय शुरु हुन्छ ...................................................................................

धन्यवाद

- नीति तथा कार्यक्रम........................................... (प्रमुख ज्यूबाट)
- आर्थिक वर्ष २०७८।०७९ को वार्षिक लेखा परीक्षण प्रतिवेदनमा रहका विषय र निर्णय गर्नुपर्ने विषयलाई यस नगर सभामा प्रस्तुत गर्न लेखा समिति संयोजक श्री टेक बहादुर झेडीमगरलाई अनुरोध गर्दछु ।

भर्खर प्रस्तुत भएको बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष ०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम र आर्थिक वर्ष २०७८।०७९ को वार्षिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा कुनै सदस्यहरूको केही टिप्पणी वा संसोधन वा थप घट गर्नुपर्ने भए आफ्नो भनाई राख्न ईच्छुक सदस्यलाई ३/३ मिनेट समय उपलब्ध गराउँछु । ईच्छुक कोही भए हात उठाएर आफ्नो नाम टिपाउनुहोला ।

सदस्यहरु:-

१.

२.

३.

नगरसभा सदस्यहरुबाट प्राप्त भएका टिप्पणी, संसोधन र थप घट गर्नुपर्ने विषयहरुलाई सम्बोधन .....

नगर प्रमुख मार्फत यस सम्मानीत १३औं नगर सभामा पेश भएको बाणगङ्गा नगरपालिकाको आ.व.२०८०।०८१ को नीति तथा कार्यक्रम संसोधन सहित स्वीकृतिका लागि पेश गर्दछु ।

पेश भएको नीति तथा कार्यक्रमलाई संसोधन सहित स्वीकृत गर्न हुन्छ भन्ने सदस्यहरुले हुन्छ भन्नुस ।

.... हुन्न भन्ने सदस्यहरुले हुन्न भन्नुस ।

हुन्न भन्ने सदस्यहरुको आवाज नसुनिएको र हुन्छ भन्नेमा सर्वसहमत देखिएकोले आर्थिक वर्ष २०८०।०८१ को बाणगङ्गा नगरपालिकाको नीति तथा कार्यक्रम स्वीकृत भएको घोषणा गर्दछु ।

**अन्त्यमा**

यस नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रमको तयारीको क्रममा अमुल्य सुझाव दिनुहुने संघ संस्था, संघ संगठन का पदाधिकारी एवं प्रतिनिधि, राजनीतिक दलका पदाधिकारी एवं प्रतिनिधि, माननीय संविधान सभा सदस्य, माननीय प्रदेश सभा सदस्य, माननीय निवर्तमान प्रतिनिधि सभा सदस्य ज्यूहरु, र माननीय राष्ट्रिय सभा सदस्यज्यूलाई म स्वयं र सबै नगर सभा सदस्यहरुको तर्फबाट हृदयदेखि धन्यवाद दिन चाहान्छु ।

बाणगंगा नगरपालिकाको आजको यस तेह्रौं नगरसभालाई व्यवस्थित र मर्यादित ढंगबाट अगाडी बढाउन सहयोग गर्ने सबै नगर सभा सदस्यज्यूहरु र कार्यक्रम व्यवस्थापन गर्ने सबै कर्मचारी मित्रहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**नगर सभा सदस्य ज्युहरु**

अव म आजको यो तेह्रौं नगर सभा अधिवेशनको प्रथम वैठक समापन भएको घोषणा गर्दछु साथै अधिवेशन निरन्तर चलिरहने र नगरसभा अधिवेसनको दोस्रो वैठक आगामी ८ गते पिस हिमालयन रिसोर्टमा विहान ८:०० बजेदेखि सञ्चालन हुने व्यहोरा समेत जानकारी गराउँछु ।

चक्रपाणी अर्याल

नगर प्रमुख

अनुसूची-२

## तेह्रौं नगरसभामा नगर प्रमुख श्री चक्रपाणी अर्यालद्वारा प्रस्तुत आ.व २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम

**यस गरिमामय नगरसभाका उपाध्यक्षज्यू, सचिवज्यू, सदस्यज्यूहरु, सञ्चारकर्मीहरु, राष्ट्रसेवक कर्मचारीहरु,**

बाणगङ्गा नगरपालिकाको तेह्रौं गरिमामय नगरसभामा आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । स्थानीय तह निर्वाचन पश्चातको दोस्रो कार्यकालको प्रथम वर्षको वार्षिक नीति, कार्यक्रम र बजेट कार्यान्वयनसँगै नगरपालिकाले महत्वपूर्ण गति लिनुका साथै गर्व गर्न लायक उपलब्धीहरु हासिल भएका छन् । शासकीय पूर्वाधारका महत्वपूर्ण मान्यताहरु स्थापित भएका छन् । स्थानीय सरकारको औचित्य पुष्टि भएको छ । लोकतान्त्रिक मूल्य/मान्यतामा आधारित समाजबाद प्रति प्रतिबद्ध रही दीगो शान्ति, सुशासन, विकास र सम्मृद्धिको चाहना पूरा गर्ने दिशामा अग्रसर रहन हामीलाई थप आधार प्राप्त भएको छ ।

यस अवसरमा राष्ट्रिय स्वाधिनता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात–अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजिविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु । यस अवसरमा महत्वपूर्ण उपलब्धिहरु हासिल गर्न योगदान गर्नु हुने सबैमा आभार प्रकट गर्न चाहन्छु ।

स्थानीय सरकार जनताको त्याग र बलिदानबाट प्राप्त उपलब्धि हो । स्थानीय जनताको पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनता प्रति उत्तरदायी सरकार, भ्रष्टाचार मुक्त नगर निर्माण तथा सभ्य र सु–संस्कृत समाज एवं आफ्नो कर्तव्य प्रति दृढ रहनु यस नगरपालिकाका आदर्श रही आएका छन् ।

संविधानमा उल्लेखित एकल तथा साझा अधिकारका सूचीभित्र रही संघीय सरकार र प्रदेश सरकारले लिएको नीति र हाम्रा आफ्नै विशिष्टताको परिधिमा आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको व्यहोरा यस सम्मानित सभा समक्ष स्मरण गराउन चाहन्छु ।

विभिन्न सरोकारवालाबाट प्राप्त राय सुझावहरु यस नीति तथा कार्यक्रमका अभिन्न अंगको रुपमा रहेका छन् र आगामी नगर सभामा प्रस्तुत हुने आ. व. २०८०/०८१ को बजेट तथा कार्यक्रम पनि यसै नीति तथा कार्यक्रमको परिधि भित्र रहेर प्रस्तुत गरिने व्यहोरा समेत यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

कानुनी प्रावधान बमोजिम विभिन्न गैहसरकारी सामुदायीक तथा गैरसरकारी संघ/संस्थाहरुले स्थानीय तहमा आफ्ना विकास एवं आर्थिक गतिविधिहरु सञ्चालन गर्दा स्थानीय तहको वार्षिक कार्यक्रममा आफ्ना कार्यक्रमहरु समावेस गर्ने व्यवस्था अनुरुप सूचना जारी गरी प्राप्त हुने कार्यक्रमहरुलाई वार्षिक कार्यक्रममा समावेश गरी कार्यक्रम संचालन गर्ने नीति लिईएको छ ।

यो वार्षिक नीति तथा कार्यक्रम तयार गर्ने क्रममा हामीले विभिन्न पक्षहरुसँग लिखित राय सुझाव माग्नुका साथै विभिन्न चरणहरुमा गरिएका अन्तर्क्रियाबाट प्राप्त सुझावहरु यसमा समावेस भएका छन् । नगरको अधिकार, श्रोत साधन, उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिता सहितको स्थानीय सरकारको रुपमा स्थापित बाणगङ्गा नगरपालिकाको आर्थिक समृद्धि र स्थानीय स्तरमा लोकतन्त्रको अभ्यासको क्रममा योगदान गर्नुहुने विभिन्न राजनीतिक दलहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु, संघ/संस्था, संचारकर्मी तथा बाणगङ्गा नगरवासीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**नगरसभाका सदस्यज्यूहरु,**
**अब म आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु,**

**श्रोत परिचालन**

१. वित्तीय अनुशासनलाई उच्च प्राथमिकता दिंदै वित्तीय जोखिमका क्षेत्रहरु प्रति गम्भिर भई सुधारात्मक कदमहरु चालिने छ । आन्तरिक श्रोत एवं संघ र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरुबाट हाम्रा आर्थिक

गतिविधिहरु निर्देशित हुने व्यहोरा हामी सबैलाई अवगत नै छ। करका क्षेत्र र दर निर्धारण गर्दा करदाताको क्षमता, करका प्रकृति तथा उठ्ने रकमको आकार र कर उठाउँदा सम्बन्धित क्षेत्रको विकास तथा विस्तारमा पर्न जाने सकारात्मक वा नकारात्मक असर समेत आंकलन गरी सरोकारवालाहरुको सुझाव समेतका आधारमा बिगत आ.व.हरुमा परिचालन गरिएका करका दायराहरुलाई फराकिलो गर्दै कर तिर्ने नागरिकको दायित्व पूरा गर्न अभिप्रेरित गरिने छ। प्राप्त अनुदान र नागरिकबाट प्राप्त करको समुचित उपयोगमा जोड दिँदै पुँजी निर्माणमा उच्च प्राथमिकता दिइने छ।

२. सरकारी खर्चको कुशल व्यवस्थापनबाट सुशासनका आयामहरुको क्रियाशीलताद्वारा विकासका लक्ष्यहरु पूरा गरिने छ। सो को निम्ति आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई सरकारी कोषको अधिकतम सदुपयोग गर्ने तर्फ विशेष ध्यान दिइने छ।

३. वित्तीय कुशलताद्वारा चालु खर्चलाई वान्छित सीमाभित्र राख्ने, पुँजीगत खर्च बढाउने र पुँजी निर्माण गर्ने कुरामा विशेष ध्यान दिइने कुरा हाम्रो प्राथमिकताको विषय हो। निर्धारित खर्चको आवश्यकता पूरा गर्न राजश्व परिचालनलाई प्रभावकारी बनाइने छ। राजश्व प्रशासनमा आधुनिक प्रविधिको अधिकतम उपयोग गरी दायरा फराकिलो पारिने छ। करदाता मैत्री प्रणाली विकास गरी कर परिचालनलाई सरल र सहज बनाइने छ।

४. कार्यालयको खर्च गर्ने क्षमतामा वृद्धि गरी वित्तीय कुशलताद्वारा बेरुजुलाई न्यून गर्दै सुशासन कायम गर्न सूचना प्रविधिको अधिकतम र उच्चतम प्रयोग गरिने छ।

५. **"सम्मृद्ध नेपाल; सुखी नेपाली"** को राष्ट्रिय आकांक्षालाई पूरा गर्न दीगो विकासका लक्ष्यहरुलाई आन्तरिकीकरण र स्थानीयकरण गर्ने कुरामा विशेष ध्यान दिइने छ।

६. नगरपालिकाको प्रथम आवधिक योजना (२०७९/०८०- २०८३/०८४) निर्माणको काम सम्पन्न भई सकेको अवस्थामा हाम्रा वार्षिक नीति, कार्यक्रम र बजेट समेत आवधिक योजनाका अभिन्न अंग हुने छन्।

७. नेपालको संविधान, संघीय सरकार र प्रदेश सरकारका आवधिक योजना, प्रचलित कानून, स्थानीय श्रोत साधन लगायतका विषयवस्तुहरु श्रोत परिचालनका प्रमुख आधारहरु रहने छन्।

## सहकार्य र समन्वय

८. संविधानले परिकल्पना गरेको सार्वजनिक, निजी र सहकारी क्षेत्रको माध्यमबाट आर्थिक गतिविधिहरुलाई चलायमान बनाइने छ। संघ, प्रदेश र स्थानीय तहहरु बीचको आपसी सम्वन्ध, समन्वय एवं सहकार्यमा विशेष ध्यान दिइने छ।

९. विकास साझेदार संस्थाहरुसँगको सम्बन्ध सुमधुर बनाउँदै विकासका साझा उपायहरुको खोजी गरी प्रक्रिया अगाडि बढाउने कार्यलाई प्राथमिकता दिइने छ।

१०. परामर्श एवं विज्ञ सेवाको माध्यमबाट राजश्वका श्रोत, आन्तरिक एवं बाह्य भगिनी सम्वन्ध, दीगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण र स्थानीयकरण लगायतका विषयहरुमा परिचालन गरिने छ।

११. सहकार्य र समन्वयको नीति अनुरुप साझा उद्देश्य र संभावना भएका स्थानीय तहहरुसँग भगिनी सम्बन्ध कायम गर्ने कुरालाई प्राथमिकता दिइने छ।

## आर्थिक विकास

स्थानीय स्तरमा उपलब्ध श्रोत र साधनहरुको अधिकतम उपयोग गर्दै रोजगारी वृद्धि गर्न स्थानीय अर्थतन्त्रलाई सवल, गतिशील र सम्मृद्ध बनाउनु स्थानीय सरकारको दायित्व हो। बाणगङ्गा नगरपालिकाका स्थानीय अर्थतन्त्रका प्रमुख अवयबहरुमा मुख्यत: कृषि, पर्यटन, वैदेशिक रोजगार, लघु, घरेलु उद्योग तथा व्यापार क्षेत्रलाई प्रबर्धन गर्न आवश्यक देखिन्छ। नगरपालिका भित्र ठूला तथा मझौला औद्योगिक प्रतिष्ठानहरुको प्रयाप्त विकास भई नसकेको अवस्थामा हालका आर्थिक क्रियाकलापहरु वृद्धि हुने अवस्थामा रहेको देखिन्छ। आवधिक योजनाले परिकल्पना गरेको **"कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षा, रोजगारी श्रृजना तथा जीवनस्तरमा सुधार ल्याउने"** दीर्घकालीन सोँच रहेको छ। यसको निम्ति व्यवसायीक कृषिको विस्तारका लागि हामीले देख्ने उद्यमशीलताको क्षेत्र भनेको कृषि र पशुपालन हो भन्ने हाम्रो ठहर रही आएको छ।

१२. भू-उपयोग ऐन, २०७६ एवं नियमावली, २०७९ अनुरुप नगरपालिकाबाट मापदण्ड निर्माण गरी विभिन्न १० वर्गमा जग्गा वर्गीकरण गरि सकिएको छ। वर्गीकरण अनुरुप जग्गा उपयोगको लागि प्रोत्साहन गरिने छ। कृषि योग्य जमिनमा

बस्ती विकास र शहरीकरणलाई निरुत्साहित गरी व्यवसायिक कृषि मार्फत् उत्पादन र उत्पादकत्वको अभिवृद्धिमा जोड दिइने छ।

१३. प्रयोग विहीन भूमिलाई उपयोगमा ल्याउन सडक छेऊँ, नदी उकास, खोला किनाराको भूमिमा वृक्षारोपण एवं अन्य प्रयोजनको लागि विभिन्न प्रजातिका बिरुवाहरुको उत्पादकत्व वृद्धि गर्न संघीय सरकारको सहयोगमा संचालित **"सम्मृद्धिका लागि वन" कार्यक्रमको** श्रोत परिचालन गरी **"बहुउद्देश्यीय नर्सरी"** निर्माणलाई जोड दिईने छ। यसका लागि टोल विकास संस्था, सामुदायीक संस्था, धार्मिक वन एवं समूह समेत परिचालन गरी आवश्यक व्यवस्था मिलाइने छ।

१४. भौगोलिक अवस्था, सिंचाइको उपलब्धता समेतको आधारमा कृषि एवं पशुपालनका साथै अन्य तुलनात्मक लाभका वस्तुहरु उत्पादनको लागि पकेट र ब्लक क्षेत्रको अवधारणालाई निरन्तरता दिईने छ।

१५. कृषकहरुलाई अपनत्व बोध गराउन नगरपालिकाबाट प्रदान गरिने अनुदानलाई लागत सहभागिताको आधारमा वितरण गरिने व्यवस्थालाई निरन्तरता दिइने छ।

१६. कृषक पाठशालालाई निरन्तरता दिईने छ। धान, गहुँ, मकै, दलहन र तेलहन जस्ता अन्नबाली एवम् विभिन्न नगदे बालीहरुको उन्नत बिऊ एवम् कृषि यन्त्र वितरण लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिईने छ।

१७. कृषियोग्य जमिनमा सिंचाईको पहुँच पुऱ्याउन कृषकहरुसँगको लागत साझेदारीमा साना सिंचाई, स्यालो ट्यूवेल, सतह सिंचाई, पोखरी तथा ताल तलैया मर्मत तथा विस्तार गरी सिंचित क्षेत्रफलको विस्तार गरिदैं लगिनेछ।

१८. बेमौसमी तरकारी खेति उत्पादनको लागि हाइटेक प्लाष्टिक टनेल बनाउने कृषकहरुलाई प्रोत्साहन गरिनेछ। हरेक किसानलाई प्राविधिक सेवा माथिको पहुँच अभिवृद्धि गरिनेछ।

१९. कृषिमा उत्पादकत्व वृद्धि गर्न कृषि कार्यमा सुधार, बजारीकरण, यान्त्रिकीकरण, एकीकृत वैज्ञानिक कृषि प्रणाली लागू गर्दै करार, सहकारी तथा सामुहिक खेतिलाई प्रोत्साहन गरिने छ।

२०. कृषकलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने, कृषि सामाग्रीमा अनुदान तथा सहयोग गर्ने, कृषि उत्पादनको बजारीकरण गर्ने आम्दानीको बचत गर्नेसम्मका कार्यको सुनिश्चितता हुने गरी सहकारी संस्थाहरुको सबलीकरणमा जोड दिइनेछ।

२१. कृषिजन्य उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका लागि **"एक वडा, एक उत्पादन"** को अवधारणालाई प्रोत्साहन गर्दै लगिने छ। कम्पोष्ट मल, हरियो मल, प्राङ्गारिक मल एवं गड्यौला मल उत्पादक कृषकहरुलाई विशेष प्रोत्साहन गरिनेछ।

२२. उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषकहरुलाई आफ्नो पेशा प्रति व्यवसायिकताको विकास गर्न मापदण्डको आधारमा **"उत्कृष्ट कृषक सम्मान"** कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ। साथै किसान सूचीकरणको कार्यलाई समेत निरन्तरता दिईने छ।

२३. उद्यमीहरुलाई उनीहरुको रुचि बमोजिम व्यवसायिक बनाउन उद्यम विकास योजनाको आधारमा उद्यमी श्रृजना गर्न **"व्यवसाय सम्वर्धन कार्यक्रम" (Business Incubation Program)** संचालनको लागि प्रदेश सँगको सहकार्यमा आवश्यक प्रकृया अगाडि बढाईने छ।

२४. प्रदेश तथा संघीय सरकारको समन्वय र सहकार्यमा निर्माणाधिन कृषि उपज संकलन केन्द्रको निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ।

२५. पूर्व सम्भाव्यताका आधारमा बाणगङ्गा नगरपालिका वडा नं. ८ को धनेशपुर क्षेत्रमा **"मत्स्य अनुसन्धान केन्द्र"** स्थापनाको लागि संघीय सरकार, कृषि तथा पशुपंक्षि विकास मन्त्रालयसँग आवश्यक समन्वय गरिनेछ।

२६. कृषि क्षेत्रको विकासको लागि माटो अनुकुल बनाउन माटो परीक्षणको आवश्यक व्यवस्था मिलाइने छ। कृषकहरुलाई मागको आधारमा कृषि सम्वन्धि आधारभूत र विशेष तालिमको प्रवन्ध गरिने छ।

२७. नगरपालिका भित्र कृषक, समूह र सहकारीद्वारा उत्पादित बिऊलाई नगरपालिकाले नै खरिद गरी कृषकहरुलाई नै वितरण गरिने कुरालाई प्राथमिकता दिइनेछ। साथै रैथाने प्रजातिका बाली संरक्षणको लागि बिऊ बैङ्कको अवधारणा अगाडि बढाईनेछ।

२८. स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नको निमित्त सहकारी संस्थाहरुसँग साझेदारी गरी **"कोशेली घर"** सञ्चालनको निमित्त आवश्यक कार्यक्रम ल्याईने छ ।

२९. बिउ प्रतिस्थापन दर बढाउनका लागि धान, मकै तथा गहुँ एवं तरकारीजन्य बीउ उत्पादनका कार्यक्रम संचालन गरी नगरलाई खाद्यान्न वालीको बीउमा आत्मनिर्भर गराउँदै लगिने छ ।

३०. बढ्दो विषादी प्रयोगबाट मानव तथा पर्यावरणमा परेको नकारात्मक असर न्यूनीकरण गर्न विषादी सचेतनाका कार्यक्रम संचालन गरी आर्गानिक उत्पादनतर्फ जोड दिईने छ ।

३१. कृषि सम्बन्धी ज्ञान तथा सीप हासिल गरेका नगरमै कृषि पेशामा संलग्न हुन चाहने युवा तथा व्यवसायिक कृषकहरुको लागि मागमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम संचालन गरी आय आर्जनमा जोड दिइने छ ।

३२. उन्नत जातका गाई, भैंसी, बाख्रा, कुखुरा पालन तथा माछा पालनमा जोड दिंदै पशुपंक्षी व्यवसायमा आत्मनिर्भर बनाउनको लागि नश्ल सुधार कार्यक्रम, बाँझोपन निवारण घुम्ति शिविर, पशुपन्छी उपचार कार्यक्रम गोठ / खोर सुधार, निःशुल्क खोप, बाली बिमा, पशु बिमा कार्यक्रमलाई निरन्तरता दिइने छ साथै विभिन्न जातको घाँस तथा डाले घाँसको बिउ र बेर्ना वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

३३. नगर भित्र सञ्चालित डेरी पसल, मासु पसल एवम् दुग्ध संकलन केन्द्रहरुलाई व्यवस्थित गर्न नयाँ प्रविधि जडानमा प्रोत्साहन गरिने छ । दुग्ध पदार्थ एवं मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न स्वच्छ र स्वास्थ्य सुधार गर्ने गरी **"मासु पसल तथा बधशाला सुधार कार्यक्रम"** संचालन गरिने छ ।

३४. पशुपंक्षि तथा मत्स्य तथ्याङ्कलाई अध्यावधिक गर्दै पशु तथा पशुजन्य पदार्थहरुको उत्पादन तथा उत्पादकत्वमा जोड दिईनेछ ।

३५. माहुरी पाल्न इच्छुक कृषकहरुलाई तालिम एवं अनुदानमा माहुरीका घार वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ । संभावना भएका क्षेत्रमा उत्पादन वृद्धि गर्न मौरी, तरकारी, च्याउ जस्ता उत्पादनमा क्लष्टर छुट्टाइने छ ।

३६. बजार व्यवस्थापनमा देखिने नापतौल तथा गुणस्तरको अन्तरलाई बजार अनुगमनको माध्यमद्वारा चुस्त/दुरुस्त राख्ने कार्यलाई प्राथमिकता दिइने छ ।

३७. पशुपालक कृषकहरुको क्षमता विकास तथा नयाँ प्रविधिको बारेमा जानकारी दिनको लागि विभिन्न किसिमको तालिम, अन्तर्क्रिया, गोष्ठी, दिवश, प्रदर्शनी र अध्ययन अवलोकन जस्ता कार्यहरु सञ्चालन गरिने छ ।

३८. अति गरिब, विपन्न, स्रोत बिहीन परिवारहरुको पहिचान गरी आय आर्जनका लागि विभिन्न जातका पशुहरुको वितरण गरिने व्यवस्था मिलाइनेछ ।

३९. बेरोजगारहरुको सूचीकरण गरी व्यवसायीक कृषि, भौतिक पूर्वाधार, स्थानीय पूर्वाधार, साना, घरेलु, लघु तथा मझौला उद्योग, उत्पादनमूलक उद्योग, निर्माण र सेवा क्षेत्रमा परिचालन गरिने छ । यसलाई **"प्रधानमन्त्री रोजगार कार्यक्रम"** र **"गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम" (MEDPA)** जस्ता कार्यक्रमसँग तादम्यता कायम गरिने छ । श्रमको सम्मान गर्दै श्रमिकको ज्यालामा एकरुपता कायम गर्ने नीति अख्तियार गरिने छ ।

४०. संघीय र प्रदेश सरकारको समन्वयमा वडा नं ०९ को बर्दहवामा निर्माणाधिन औद्योगिक ग्रामको निर्माण कार्यलाई प्राथमिकता दिइनेछ साथै नगरभित्रका उद्यमी तथा सहकारीहरुलाई औद्योगिक ग्राममा साना तथा मझौला उद्योग स्थापना गरी सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

४१. लघु, घरेलु तथा साना उद्योग स्थापनामा जोड दिंदै स्थानीय स्तरमा उत्पादित बस्तुहरुलाई बजारीकरणको उचित व्यवस्थापन गरी दीगो आर्थिक वृद्धि हासिल गर्ने नीति अवलम्बन गरिनेछ ।

४२. नगरमा संचालन भएका र हुने साना उद्योगहरु र व्यवसायहरुलाई प्राईभेट फर्म दर्ता, व्यवसाय दर्ता सम्बन्धी ज्ञान, कर शुल्क दस्तुरको बारेमा जानकारी गराई नगर उद्योगिहरुको अन्तर सम्बन्ध विस्तारको लागि उद्योगिहरुसँग छलफल अन्तर्क्रिया तथा तालिम संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

४३. स्थानीय तहमा संचालित व्यापार/व्यवसाय र लघु/घरेलु/साना उद्योगहरुलाई प्रोत्साहन गरी व्यवसायिकता र उद्यमशीलतामा जोड दिइने छ । नगरभित्र आयोजना हुने औपचारिक कार्यक्रम तथा समारोहहरुमा नगरभित्रकै उद्यमीबाट उत्पादित उपहार सामाग्री प्रयोग गर्न अभियानको रुपमा लागू गरिनेछ ।

४४. लक्षित कार्यक्रम अन्तर्गत संचालन गरिने विभिन्न तालिमहरुलाई उद्यमशीलता विकाससँग जोड्दै उत्पादकत्व वृद्धि गर्न **"गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम"(MEDPA)** सँग जीडिने छ ।

४५. नगरपालिकामा मानविय श्रोत, विकास तथा व्यवस्थापनलाई व्यवस्थित गर्न नगर स्तरीय **"नगर प्रशिक्षण प्रतिष्ठान"** स्थापना गरिनेछ साथै नगर भित्र संचालन हुने क्षमता विकास, सीप विकास तथा अनुसन्धान कार्यक्रमहरु सोही प्रतिष्ठान मार्फत संचालन गरिने व्यवस्था मिलाइनेछ।

४६. वैदेशिक रोजगारीबाट फर्किएका र फर्किने वातावरण तयार गर्न कृषि, पर्यटन, उद्योग/व्यापार, पशुपालन लगायतका क्षेत्रमा आबद्ध गरी उत्पादनमा लगाउन आवश्यक व्यवस्था मिलाइने छ । यसलाई प्रवर्द्धनात्मक कार्यक्रमको रुपमा संचालन गर्न सुरक्षित आप्रवासन **(SAMI)** परियोजनासँग तादम्यता मिलाइने छ।

४७. नगरपालिका भित्र स्थापना भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुको क्षमता विकास गरी उत्पादन वृद्धि र व्यवस्थापनमा तिनको भूमिका बढाइने छ। संचालनमा रहेका सहकारी संस्थाहरुको नियमन गर्ने कार्यलाई प्रभावकारी बनाइ वित्तीय सुशासन कायम गर्न मासिक प्रतिवेदन र CoPoMIS को प्रयोगलाई अनिवार्य गरिने छ।

४८. न्यूनतम सदस्य संख्या र पुंजीको सीमा, सदस्य तथा कार्यक्षेत्रको दोहोरोपना भएका सहकारीहरुलाई एकीकरण (Merge) गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

४९. प्रदेशस्तरीय सहकारीहरुलाई बाणगङ्गा नगरपालिका कार्यक्षेत्र भित्र सञ्चालन गर्दा अनिवार्यरुपमा नगरपालिकामा सूचीकृत गरिनुपर्ने र सूचीकृत नगरी सञ्चालन गर्न नमिल्ने व्यवस्था मिलाउनको लागि सम्बन्धित निकायमा पहल गरिनेछ।

५०. सहकारीमा जम्मा भएको पुंजी उपयुक्त लगानी बिना वित्तीय अनुशासन कायम नगरिएको, बचतकर्ताको हित अनुकुल पुंजी परिचालन नगरेको जस्ता विकृतिहरु क्रमशः देखिँदै आउने गरेको हुँदा नगरपालिका क्षेत्र रहेर सञ्चालित सहकारीहरुबाट यस्ता खालका गतिविधिहरु भएको पाईएमा कानून बमोजिम कारवाहीको प्रक्रिया अगाडि बढाइने छ।

५१. सहकारी संस्थाहरुले सफ्टवेयरमा मासिक प्रतिबेदन प्रविष्ट गरी मासिक प्रतिवेदन लगायत कार्यालयमा पठाउनु पर्ने प्रतिबेदनहरु, नगरले तोकेको वार्षिक कर दाखिला गर्ने जस्ता कार्यहरु कडाईका साथ लागू गरी सहकारी संस्थाहरुलाई प्रविधिमैत्री बनाउन सहकारी विभागले अनिवार्य गरेको CoPoMIS प्रयोगको लागि र आवश्यक क्षमता विकास तालिमको लागि आवश्यक बजेटको व्यवस्था मिलाइने छ।

५२. सहकारी संस्थाहरुलाई राष्ट्रिय सहकारी बोर्डको सुझाव अनुसार २ वर्षीय आधारशीला कार्यक्रम सहित सहकारी संस्थामा कार्यरत कर्मचारीलाई दक्ष बनाउन तालिम, गोष्ठी, अन्तर्क्रिया जस्ता कार्यक्रम संचालन गरिने छ।

५३. नगर क्षेत्रभित्र रहेका पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण तथा निर्माण कार्यलाई प्राथमिकता दिइने छ । पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्नको लागि पर्यटनसँग सम्बन्धित सूचना तथा प्रचार/प्रसार गरिने छ।

५४. पर्यटन क्षेत्रको विकासको लागि नगरको समन्वय र सहकार्यमा निजि क्षेत्रबाट संचालन हुने गरी माग भई आएमा उपयुक्त स्थानको खोजि गरी होमस्टे संचालन गर्न प्रोत्साहित गरिनेछ।

५५. पर्यटन विकासको दीगो श्रोतको रुपमा कपिलधाम, रामदतिवन धाम, मधौली पार्क, कैलाश धाम, (नन्द नगर) मधुवन धाम, ओशो आश्रम, सुपा देउराली मन्दिर, जलेश्वर मन्दिर, बैरिया प्रकटेश्वर मन्दिर, हथौसा शिव मन्दिर, कोपवा शिवमन्दिर, लक्ष्मण घाट, राजापानी, खारखानी जस्ता महत्वपूर्ण सम्पदाहरु पर्यटकीय सर्किट निर्माण गर्न संघ र प्रदेश सरकार समेतको लागत साझेदारी गर्न आवश्यक पहल गरिने छ।

५६. नगरभित्रका साप्ताहिक हाटबजारलाई व्यवस्थित गर्दै कृषकहरुका आफ्ना उत्पादनलाई सोझै बजार पहुँचका लागि **"बिक्री कक्ष"** स्थापनाका लागि पहल गरिनेछ।

५७. नगरका प्राकृतिक, सांस्कृतिक, धार्मिक, जैविक एवं मानव निर्मित सम्पदाहरुको संरक्षण तथा प्रवर्द्धन गर्दै यस नगरलाई आकर्षक, रमणीय र सुरक्षित पर्यटकीय गन्तब्य स्थलको रुपमा विकास गर्ने कार्यलाई उपलब्ध श्रोत साधनको आधारमा क्रमश: कार्यान्वयन गरिने छ।

५८. नगरभित्र रहेका विभिन्न जातजातिहरुको परम्परागत संस्कृति संरक्षण र प्रवर्द्धनको निम्ति वृत्त चित्र निर्माण गरिने छ ।

## सामाजिक विकास

सामाजिक विकास समग्र विकासको गुणात्मक तथा गतिशील आयाम हो । नेपालको संविधानले सामाजिक विकासलाई नागरिकको अधिकार तथा राज्यको दायित्वको रुपमा स्वीकार गरेको छ । दीगो विकासको लक्ष्य अन्तर्गत गुणस्तरीय शिक्षा, स्वस्थ तथा समुन्नत समाज, लैंगिक समानता, सामाजिक समावेशीकरण, स्वच्छ खानेपानी तथा सरसफाइ साथै महिला बालबालिका, युवा तथा खेलकुद र कला, भाषा, साहित्य र संस्कृति जस्ता विषय क्षेत्रहरु समेटिएका छन् । यस अर्थ हाम्रो लक्ष्य भनेको **"स्वस्थ, सुशिक्षित र सृजनशील**

मानव पुँजीको निर्माण" हो। यसको आधारमा "ज्ञानमा आधारित समाज" (Knowledge Based Society) निर्माण हुने कुरामा हाम्रो विश्वास रही आएको छ।

५९. नगरवासीको आत्मनिर्भरताका लागि लक्षित, क्षमता विकास तथा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिँदै विधवा एवम् एकल महिला, द्वन्द्वपीडित, बेरोजगार तथा अति पिछडिएका, विपन्न समुदाय, र अपाङ्गता भएका व्यक्तिहरुका लागि सीपमूलक तालिमको व्यवस्थालाई थप प्रभावकारी बनाउँदै रुचि र सम्भावनाको आधारमा आय आर्जनको लेखाजोखा तथा अभिलेखीकरण प्रणालीको अवलम्वन गरिनेछ।

६०. महिलाहरुको सशक्तीकरणका लागि "महिलासँग नगर उपप्रमुख" कार्यक्रम मार्फत विपन्न, बेरोजगार, पिछडिएका महिलालाई उद्यमी बनाउनको लागि सीपमूलक तालिम प्रदान गर्नुका साथै उद्यमशीलता सम्वन्धी प्रविधि हस्तान्तरणको व्यवस्था मिलाइने छ।

६१. समुदायमा आधारित पुनर्स्थापना (CBR) कार्यक्रमबाट अपाङ्गता भएका व्यक्तिहरुको शसक्तीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

६२. अपाङ्ग र ज्येष्ठ नागरिक परिचय पत्र वितरण प्रणालीलाई सरल र सहज बनाइनेछ साथै पूर्ण अपाङ्गता भएका व्यक्तिहरुलाई घरमै सामाजिक सुरक्षा भत्ता वितरणको प्रवन्ध मिलाइने छ। घरमुली नै अपाङ्गता भएका व्यक्ति भएमा सुरक्षित आवासको लागि प्राथमिकतामा राखी आवश्यक व्यवस्था मिलाइने छ।

६३. जेष्ठ नागरिकसँग रहेको विशिष्ट अनुभवलाई विकास अभियानमा प्रयोग गर्ने उपयुक्त वातावरण सिर्जना गरिनुका साथै युवा वर्गमा अनुभव पुस्तान्तरणका कार्यक्रम संचालन गरिने छ।

६४. वडा समिति, टोल विकास संस्था, आमा समूह, स्थानीय क्लब, समुदाय, सामुदायीक तथा धार्मिक र सुरक्षा निकायको सहकार्यमा "सामुदायीक प्रहरी साझेदारी" कार्यक्रम मार्फत समाजमा विद्यमान समस्याको रुपमा देखिएको लागु पदार्थ सेवन र दुर्व्यसन जस्ता कार्यक्रम न्यूनीकरणका लागि प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गरिने छ।

६५. वडा तथा नगरस्तरीय बालक्लब तथा किशोर/किशोरी संजालको क्षमता विकासको लागि सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै बाल संरक्षण गृह, सुधार केन्द्र, रिफ्रेस सेन्टर स्थापना गरी सञ्चालनका लागि सामाजिक संघ-संस्था एवम् निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

६६. लैंगिक मैत्री, बालश्रममुक्त तथा बालमैत्री, अपाङ्गता मैत्री, ज्येष्ठ नागरिक मैत्री नगर बनाउने अभियानलाई निरन्तरता दिइनेछ।

६७. आदिवासी, जनजाति, थारु, मुस्लिम, दलित, अशक्त तथा विपन्न समूदायलाई लक्षित गरी उनीहरुको उत्थान एवम् क्षमता विकासमा सहयोग पुग्ने कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिई संचालन गरिने छ।

६८. सबै किसिमका विभेद (जातीय, लैंगिक, सामाजिक, मनोवैज्ञानिक, शारीरिक अवस्था धार्मिक, भाषिक, सांस्कृतिक) हरुलाई निरुत्साहित गरिने नीति अवलम्वन गरिने छ।

६९. लैंगिक तथा घरेलु हिंसा, यौन शोषण लगायत जोखिममा परेका बालबालिका, अपांगता, एकल महिला, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुलाई दृष्टिगत गरी अवसर र हित प्रबर्द्धन सम्बन्धी विशेष कार्यक्रम संचालन गरी सशक्तीकरणका माध्यमबाट मूल प्रवाहमा ल्याइने छ।

७०. बाल बालिकाहरुको खोप कार्यक्रमलाई प्रभावकारी रुपले संचालन गरी प्रत्येक वर्ष पूर्ण खोप सुनिश्चितलाई निरन्तरता दिइने छ। क्षयरोग मुक्त बाणगङ्गा अभियान सफल पार्न समुदायमा रहेका बिरामीको पहिचान गरी उपचार गरिने छ।

७१. आयुर्वेदिक, प्राकृतिक चिकित्सा तथा होमियोप्याथि लगायतका बैकल्पिक चिकित्सा सेवालाई विकास तथा विस्तारमा प्रोत्साहान गर्नुको साथै व्यक्तिको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउन योग, ध्यानद्वारा तनाव व्यवस्थापन प्रति आकर्षित गर्न शिविरहरु सञ्चालन गरिनेछ।

७२. नगर भित्र रहेको आयुर्वेद औषधालयलाई स्तरोन्नति गरी आयुर्वेद अस्पतालको रुपमा विकास गर्न आवश्यक पहल गर्नुका साथै डि.पी.आर. बमोजिम भवन निर्माणको लागि संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

७३. नगरको गौरवको रुपमा रहेको पिपरा अस्पताललाई विशेषज्ञ सेवा तथा अत्याधुनिक उपकरण र सुविधा सहित ट्रमा सेन्टरको रुपमा स्तरोन्नतिका लागि पहल गरिनेछ।

७४. बाणगङ्गामा स्थापित Blood Bank को स्तरोन्नति गर्दै विपन्न समूदायका निमित्त नि:शुल्क Blood को व्यवस्था गर्नका लागि प्रत्येक वडामा रक्तदान कार्यक्रम संचालन गरिने छ।

७५. पूर्ण संस्थागत प्रसुति सेवाको लागि निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईने छ। बर्थिङ सेन्टरको सेवा नपुगेका स्वास्थ्य संस्थाहरुमा बर्थिङ सेन्टर स्थापना गर्न पहल गरिने छ। प्रत्येक वडा तथा स्वास्थ्य संस्थाहरुमा शिशु स्याहार तथा स्तनपान कक्ष स्थापनालाई प्राथमिकता दिइने छ।

७६. शिशु तथा बाल स्वास्थ्य प्रवर्द्धनको लागि **"नगर प्रमुखको अभिभावकत्व, बाल स्वास्थ्यमा अपनत्व"** कार्यक्रम तथा खोप केन्द्र निर्माणलाई निरन्तरता दिँदै खोप केन्द्र निर्माण गर्ने कामलाई प्रथमिकता दिइने छ।

७७. समुदाय स्तरमा क्रियाशील महिला सामुदायीक स्वास्थ्य स्वयं सेविकाको कामलाई थप जिम्मेवार र उत्तरदायी बनाउन कार्यसम्पादनको आधारमा प्रोत्साहन गरिने छ। महिला सामुदायीक स्वास्थ्य स्वयंम सेविकाहरुले गरेको योगदानको उच्च मूल्याङ्कन गर्दै **"महिला सामुदायीक स्वास्थ्य स्वयं सेविका हितकोष संचालन"** कार्यलाई निरन्तरता दिइनेछ।

७८. मोतिया बिन्दु वा अन्य कारणले नागरिकमा अन्धोपनाको बढ्दो समस्या समाधानको लागि शिविर तथा शल्यक्रिया संचालनको लागि आवश्यक व्यवस्था मिलाइने छ।

७९. पोषणमैत्री नगर घोषणाको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ। बहुक्षत्रीय पोषण र पोषण सम्वन्धी अन्य कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्दै कुपोषणको वर्तमान स्थितिमा सुधार ल्याइने छ। प्रोटोकल अनुसार गर्भवती महिलाहरुको खोप कार्यक्रमलाई प्रभावकारी वनाउनुका साथै गर्भवती महिलाहरुको स्वास्थ्यमा उचित व्यवस्थापन गर्न **"गर्भवती महिलासँग उपप्रमुख "**कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ।

८०. दीगो विकासको लक्ष्य अनुरुप नगरपालिकाका सम्पूर्ण नगरवासीहरुलाई सफा र स्वच्छ खानेपानीको व्यवस्था मिलाउन **"एक घर, एक धारा"** कार्यक्रमको लागि संघीय र प्रदेश सरकारको समन्वयमा श्रोत परिचालन गरिने छ।

८१. दीगो खानेपानी र सरसफाइको अवधारणा अनुरुप तत्काल आवश्यक पर्ने जनशक्तिको रुपमा प्लम्बिङ तालिम र संस्थागत सुशासन कायम गर्न टेवा पुग्ने गरी उपभोक्ता समिति र कर्मचारीलाई क्षमता विकास तालिमको व्यवस्था मिलाइने छ।

८२. खानेपानी शुल्क र धारा जडान शुल्कमा विविधता देखिएकोले सबै खानेपानी योजनाहरुमा एक रुपता कायम गर्न आवश्यक पहल गरिने छ। अपाङ्ग, असहाय, अशक्त र अति विपन्न वर्गको लागि वडा समितिको सिफारिसको आधारमा खानेपानी धारा जडान र शुल्कमा नगरपालिकाबाट अनुदान दिने व्यवस्था मिलाइने छ। कम्तिमा ५०० खानेपानीको धारा जडान भएका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई सफ्टवेयर जडानको लागि अनुदानको व्यवस्था मिलाइने छ।

८३. स्वच्छ खानेपानी र सरसफाई अभियानलाई अभियानको रुपमा अगाडि बढाउन प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनुका साथै खानेपानी योजनाहरुलाई आवश्यकता र माग एवम् योजनाको वास्तविक स्थितिको आधारमा एक आपसमा एकीकरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ।

८४. नगरपालिकालाई स्वच्छ र वातावरण मैत्री बनाउन टोल विकास संस्था, सामुदायीक संस्था, नागरिक समाज र सामाजिक अभियन्ताहरुलाई परिचालन गरी उत्कृष्ट कार्य गर्ने व्यक्ति/संस्थालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ।

**नगरसभाका सदस्यज्यूहरु,**

८५. **"प्रविधिमा आधारित गुणस्तरीय शिक्षा, बाणगङ्गाको प्रतिवद्धता"** भन्ने नारालाई साकार पार्न विद्यालयलाई सूचना प्रविधियुक्त बनाउन इन्टरनेट सहितका आइ.सि.टी.ल्याब, इ-लाइब्रेरी र विज्ञान प्रयोगशालाहरु स्थापना कार्यलाई निरन्तरता दिइने छ।

८६. विद्यालय, कार्यालय र महत्वपूर्ण सार्वजनिक क्षेत्र भित्र मद्यपान, धुम्रपान, लागूऔषध तथा दुर्व्यसनीलाई पूर्णरुपमा निषेध गर्ने नीति अवलम्बन गरिने छ।

८७. नगरभित्रका सबै सामुदायीक विद्यालय, स्वास्थ्य संस्था, लगायत नगर मातहतका सबै निकायमा ई–हाजिरीलाई अनिवार्य गराइने नीति अवलम्वन गरिने छ।

८८. विद्यालयको शैक्षिक गुणस्तर परीक्षण, सिकाई उपलब्धी वृद्धि गर्दै उत्कृष्ट विद्यालय र शिक्षकहरुको मूल्यांकन गरी प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ।

८९. स्थानीय मौलिकता एवम् विविध सम्पदाहरुलाई समावेश गरी आधारभूत तहसम्म स्थानीय पाठ्यक्रमलाई परिमार्जन एवं कार्यान्वयन गर्दै लगिनेछ।

९०. विद्यालयको भौतिक पूर्वाधार सुधार तथा विकासको लागि संघीय तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ।

९१. विद्यालयमा सुरक्षित र स्वच्छ खानेपानीको व्यवस्था मिलाउँदै दिवा खाजा अन्तर्गत जङ्कफुड निषेध गर्दै पोषणयुक्त खाजालाई प्राथमिकता दिइनेछ । विद्यालयमा अध्ययनरत उमेर समूहका छात्राहरुलाई निःशुल्क रुपमा उपलब्ध गराउँदै आईरहेको आवश्यक पर्ने सेनेटरी प्याड वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९२. **"नमुना विद्यालयको रुपमा रहेको श्री जनता मा. वि., पिपरामा पूर्वाधार र शैक्षिक गुणस्तर"** का महत्वपूर्ण गतिविधिहरुलाई निरन्तरता दिईनेछ।

९३. हरेक स्थानीय तहमा कम्तिमा एक विद्यालयलाई **"स्मार्ट विद्यालय"** प्रविधिको माध्यमबाट पठन पाठन गरिने संघीय सरकारको आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम अनुरुप प्रविधि प्रयोग लाई उच्च प्राथमिकता दिइने छ।

९४. शिक्षकको क्षमता विकास अन्तर्गत **"शिक्षक आधारभूत कम्प्युटर तालिम"** सञ्चालन गरी गुणस्तरीय शिक्षाका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ। समयको माग अनुसार शिक्षकहरुलाई प्रविधिमैत्री बनाउन सो अनुरुप स्रोत/ साधन र तालिमको लागि उचित व्यवस्था गरिनेछ। नगरभित्रका शैक्षिक संस्थाहरुबीच सिकाई विधि लगायतका विषयहरुमा अनुभवहरु आदान प्रदान गरी गुणस्तर कायम गर्न अन्तर विद्यालय अनुभव साटासाट कार्यक्रम राखिने छ।

९५. नैतिक शिक्षा, सहकारी शिक्षा, उद्यमशील शिक्षा जस्ता विषयहरुमा विशेष जोड दिईनेछ। कोचिंग भाषा शिक्षण गर्ने Learning center हरुलाई तोकिएको ऐन कानून बमोजिम नगरमा सूचीकृत गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ।

९६. बालमैत्री स्थानीय शासनको दीगोपनाको लागि तोकिएका सूचकहरु कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

९७. संघीय सरकारको नीति अनुरुप **"शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न"** का लागि **"पढ्दै कमाउदैं"** कार्यक्रमलाई निरन्तरता दिईनेछ।

९८. भाषा, कला, साहित्य, सस्कृति तथा अध्ययन अनुसन्धानलाई संस्थागत गर्न, **"बाणगङ्गा प्रज्ञा प्रतिष्ठान"** को स्थापना गरिने छ।

९९. नगरका सम्पदाहरुको संरक्षण सम्बर्द्धन, अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहन गर्न विद्यावारिधि अक्षय कोष खडा गरिने छ। सो कोषबाट प्रतिभावान तथा क्षमतावान प्रतिभाहरुलाई प्रोत्साहन गरिने छ।

१००. मेयरकप, राष्ट्रपति रनिङ शिल्ड लगायत अन्य खेलकूद प्रतियोगिता नगर खेलकूद विकास समिति मार्फत संचालन गर्दै राष्ट्रीय खेलाडी उत्पादनमा जोड दिईनेछ। साथै नगरको गौरबको रुपमा रहेको **"बुद्ध रंगशाला र मायादेवी रंगशाला" को क्रमशः स्तरोन्नति** गरिनेछ।

१०१. राष्ट्र प्रेम र नैतिक आचरण युक्त व्यवहारिक ज्ञान प्रदान गर्ने पवित्र उद्देश्य सहित **नेपाल स्काउटलाई** विद्यालयहरु मार्फत संस्थागत गर्न आवश्यक पहल गरिने छ।

१०२. नगरभित्रका खेलकुद मैदानहरुलाई व्यवस्थित निर्माणका लागि नगरको आफ्नै श्रोत, संघीय र प्रदेश सरकारसँग सहकार्य गरी **"एक वडा एक व्यवस्थित खेल मैदान"** निर्माण कार्य अघि बढाउन आवश्यक पहल गरिने छ।

१०३. युवाहरुको क्षमता, सीप, अध्ययन, अनुसन्धान लगायतका कुराहरुलाई व्यवस्थित र वैज्ञानिक ढंगले सञ्चालन गर्न र युवाहरुको अर्थपूर्ण सहभागिता र नेतृत्वलाई जोड दिदै विद्यार्थी प्रतिभा पहिचान गरी उत्कृष्ट प्रतिभाहरुलाई प्रोत्साहन गरिने छ।

१०४. शैक्षिक सुशासन र गुणस्तरीय शिक्षाको लागि सबै शैक्षिक संस्थाहरुको अनुगमन, मूल्याङ्कन र प्रोत्साहनलाई जोड दिईनेछ। विद्यालय कर्मचारी, बाल विकासका शिक्षक, विशेष शिक्षाका आयाहरुको प्रोत्साहनलाई निरन्तरता दिईनेछ।

१०५. वृहत विद्यालय सुरक्षा योजना कार्यक्रमलाई निरन्तरता दिदै हरित विद्यालयको अवधारणालाई प्रोत्साहन गरिने छ।

१०६. नगर भित्रका मठ मन्दिर, बिहार, मस्जिद, गुम्बा, चर्चहरुको संरक्षण तथा सम्बर्द्धन गर्दै नगरपालिका क्षेत्रभित्र रहेका पर्यटकीय गन्तव्यको पहिचान र विकासका लागि ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको संरक्षण गरी पर्यटन प्रबर्द्धन गर्न पूर्वाधार निर्माण तथा प्रचार प्रसारमा जोड दिइनेछ।

१०७. राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने सहिदहरुको सम्झनामा सिर्जनात्मक कार्यक्रमको आयोजना गरी सहिद दिवस लगायतका राष्ट्रिय मान्यता प्राप्त दिवशहरु मनाइने व्यवस्था मिलाइनेछ।

**नगरसभाका सदस्य ज्यूहरु,**

## पूर्वाधार विकास

पूर्वाधार तर्फ **"दीगो तथा उत्थानशील पूर्वाधार मार्फत नगरवासीहरुको गुणस्तरीय जीवन शैलीको सुनिश्चितता"** गर्ने हाम्रो मूलभूत उद्देश्य रहेको छ।

...विकासको लक्ष्य अनुरुप विकास र वातावरणलाई तादाम्यता कायम गरी पूर्वाधार विकासको कामलाई अगाडि बढाइने छ । **"हाम्रो सडक हाम्रो सहभागिता, स्तरीय सडक, हाम्रो प्रतिबद्धता"** अनुरुप नगर यातायात गुरुयोजनाले तोकेको मापदण्ड र प्राथमिकताको आधारमा नगरपालिका भित्रका सडकहरुमा स्थानीय जनताहरुको सहभागितामा सडक पूर्वाधारलाई स्तरोन्नति गर्दै लगिनेछ । हाल रेखाङ्कन गरिएका वा सञ्चालनमा रहेका सडक बाहेक थप नयाँ सडकका ट्रयाकहरु खोल्न निरुत्साहित गरिनेछ ।

१०९. यस नगरपालिकाको गौरवको योजनाको रुपमा रहेको **"बाणगङ्गा चक्रपथ"** निर्माणको काम सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाइनेछ साथै बाणगङ्गा चक्रपथलाई समेट्ने गरी **"नगरबस सञ्चालन"** गर्न आवश्यक पहल गरिने छ ।

११०. **"नगर समृद्धिको दीर्घकालिन आधार, फराकिलो र व्यवस्थित सडक पूर्वाधार"** भन्ने नारालाई हामीले आत्मसात गर्दै ७.५ मिटर भन्दा बढी चौडाई भएका सडकहरुमा हरियाली र फूटपाथलाई विशेष ध्यान दिइ निर्माण गरिदै लगिने छ । नगर क्षेत्र भित्र संचालनमा रहेका अटो रिक्सा ई-रिक्साहरुको आवश्यक नियमन तथा व्यवस्थापन गरिने छ ।

१११. नगरको गौरवको रुपमा रहेका योजनाहरु सम्पन्न गर्नका निम्ति संघ, प्रदेश, नगरपालिका, निजी क्षेत्र, सहकारी, सामुदायीक वन, गैरसरकारी संघ/संस्थाको साझेदारीको नीति अवलम्बन गरिने छ ।

११२. राष्ट्रिय भवन संहिता र भवन, योजना तथा बस्ति विकास सम्बन्धी आधारभूत मापदण्ड बमोजिम नयाँ भवन निर्माण, आवासीय तथा व्यवसायीक भवनलाई व्यवस्थित गर्न घर नक्सा पास सम्बन्धी कार्यलाई व्यवस्थित गरिने छ ।

११३. परिणाममुखी कामको लागि योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन अनुगमन र मूल्याङकन विधिलाई चुस्त र नतिजामुखी बनाइने छ ।

११४. सडकको सर्भे डिजाइन गर्दा सो क्षेत्रमा पर्ने विद्युत पोल, तार, नाली खानेपानी पाइप विस्तार समेत समावेश गरी एकीकृत डिजाइन इष्टिमेट तयार गरी कार्यान्वयनमा ल्याइनेछ । लागत सहभागितालाई ध्यान विशेष तथा योजनाको प्रकृति अनुकुल परिमार्जन गर्दै लगिनेछ ।

११५. सडक लगायत निर्मित सार्वजनिक सम्पत्तिको संभार एवं मर्मत संभारको लागि एक **"मर्मत संभार कोष"** को व्यवस्था गरिने छ । नगरपालिकाबाट पूर्वाधार तर्फका योजनाहरु संचालन गर्दा कुल विनियोजित रकमको १ प्रतिशत रकम लागत स्टिमेट तयार गर्दा नै मर्मत सम्भार कोषको लागि छुट्याई लागत स्टिमेट तयार गर्ने र भुक्तानी गर्दा उक्त रकम कट्टा गरी मर्मत संभार कोषमा जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।

११६. नगरपालिका भित्र सार्वजनिक पूर्वाधार निर्माण गर्दा महिला मैत्री, बाल मैत्री, अपाङग मैत्री तथा वातावरण मैत्री, भूकम्प प्रतिरोधात्मक र अग्नि सुरक्षात्मक संरचना निर्माण गर्ने विषयलाई निरन्तरता दिइने छ ।

११७. पूर्वाधारतर्फ साना तिना टुक्रे योजना भन्दा पुँजी निर्माण हुने खालका ठूलो योजना बनाउन प्रोत्साहन गरिनेछ । उपभोक्ता समितिबाट सम्पन्न योजनाहरुलाई जनताको अपनत्व महसुस हुने गरी समुदायमा नै हस्तान्तरण गर्ने कार्यको थालनी गरिनेछ ।

११८. नगरपालिकाको योजनाबद्ध विकासको लागि प्रथम आवधिक योजना (आ.व. २०७९/०८० – २०८३/०८४) अनुरुप नीति तथा कार्यक्रम बमोजिम बजेट विनियोजन गर्ने नीति अख्तियार गरिनेछ ।

११९. पहिचानको रुपमा नगरपालिकाको केन्द्र र अन्य वडाहरुमा आवश्यकता पहिचान गरी पार्किङस्थल, जेष्ठ नागरिक विश्रामस्थल, मनोरन्जन पार्क, फोहर संकलन तथा प्रशोधन केन्द्र, बगैंचा, पोखरी, प्रतिक्षालय, पैदल मार्ग, सार्वजनिक शौचालय जस्ता पूर्वाधारहरुलाई श्रोत साधनको आधारमा क्रमश: व्यवस्थापन गर्दै लगिने छ ।

१२०. संघ, प्रदेश र बाणगङ्गा नगरपालिकाको सहकार्यमा नगरपालिका भित्रका नदीहरुमा तटबन्ध निर्माण गर्ने कार्यलाई थप व्यवस्थित गर्न प्राथमिकता दिइने छ ।

१२१. भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको अभिलेख बमोजिम जग्गाको नापि गर्ने, नक्सा श्रेस्ता तयार गर्ने कार्य सम्पन्न गरी भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीलाई जग्गाधनि प्रमाणपत्र पूर्जा वितरण गरिने व्यवस्था मिलाइनेछ ।

१२२. लागत साझेदारीमा सिंचाइ संरचना निर्माण तथा मर्मत संभारको कार्यलाई निरन्तरता दिइने छ ।

१२३. सार्वजनिक, पर्ती, नदी उकास जस्ता जग्गा अतिक्रमण हुन नदिन एवं अतिक्रमित जग्गा संरक्षण गर्न आवश्यक पहल गरिने छ ।

१२४. संघीय समपुरक, प्रदेश समपुरक, नेपाल सडक बोर्ड लगायत अन्य लागत साझेदारीको लागि आवश्यक बजेटको व्यवस्था मिलाइने छ ।

१२५. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सम्पूर्ण वडाहरुबाट अति विपन्न परिवारको लगत संकलन गरी आवास निर्माण गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।

१२६. पूर्वाधार निर्माणलाई दीगो र भरपर्दो बनाउन प्राविधिक ल्याव स्थापना र इक्यूपमेन्ट खरिदको लागि आवश्यक बजेटको व्यवस्था मिलाइने छ ।

१२७. उज्यालो नगरपालिका अन्तर्गत सडक बत्ती राख्ने र जडित सडक बत्तिको मर्मत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२८. घर नक्साको कार्यलाई डिजिटाईजेसन गरी डिजिटलाईज प्रविधिबाट नगर पाश्र्वचित्र अद्यावधिक गरिनेछ ।

१२९. घर नम्वरिङ गर्ने कार्यको लागि तथ्याङ्कहरु एकीकृत रुपमा संकलन गरी घर नक्सा अभिलेख कार्यलाई विद्युतीय प्रणालीमा रुपान्तरण गरिनेछ ।

१३०. नगरको व्यवस्थित शहरीकरणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागू गर्न घरधनी, मिस्त्री, सिकर्मी र डकर्मीहरुलाई चरणवद्ध रुपमा उपलब्ध निर्माण सम्वन्धी तालिम संचालन गरिनेछ ।

१३१. भवन मापदण्ड लागुहुनु पूर्व सम्पन्न भएका घरको नक्शाङ्कन गरी नक्शा नियमित गरिने छ । नयाँ बन्ने घर संरचनाहरुलाई अनिवार्य रुपमा नक्सा पास गर्ने कार्यलाई जोड दिन नक्सा पास नगरी निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

१३२. विपन्नताको कारणले विद्युत मिटर जडान गर्न नसक्ने परिवारलाई निःशुल्क विद्युत मिटर जडान गर्न सम्बन्धित निकायमा आवश्यक पहल एंव अनुदानको व्यवस्था गरिनेछ ।

१३३. उपभोक्ता मार्फत सञ्चालन गरिने योजनाहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न टोल विकास संस्था र उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

**वन, वातावरण तथा विपद व्यवस्थापन**

१३४. महामारी, आगलागी, प्राकृतिक तथा मानविय विपदबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न विपद व्यवस्थापन कोषको प्रभावकारी परिचालन गरिनेछ ।

१३५. विकास र वातावरण बीच सन्तुलन कायम गर्न सामुदायीक वन उपभोक्ता समितिहरुको सहकार्यमा रिचार्ज पोखरी निर्माणका लागि प्रोत्साहन गरिनेछ । संवेदनशील र जोखिममा रहेका सिमसार, पोखरी, ताल तलैयाहरुको संरक्षण गर्ने कामलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

१३६. पर्या-पर्यटन (eco-tourism) को अवधारणालाई सार्थक तुल्याउन सामुदायीक वनको कार्ययोजना बमोजिम उद्यान, रिसोर्ट र पिकनिक स्थलको स्थापना गरी सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

१३७. नगरपालिका र सामुदायीक तथा धार्मिक वनको सहकार्यमा सघन वृक्षारोपण, **"एक सामुदायीक वन, एक फलफूल बगैचा"** कार्यक्रम, डाले घाँस उत्पादनका कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । सामुदायीक, निजी, धार्मिक तथा साझेदारी वनलाई दीर्घकालिन रुपमा आय आर्जन हुनसक्ने जडिवुटी, काठ, दाउरा, घाँसका लागि बहुमूल्य बोटविरुवाहरुको वृक्षरोपण गर्न प्रेरित गर्दै लगिनेछ ।

१३८. सामुदायीक वनलाई प्रविधिमैत्री बनाउन प्रविधि हस्तान्तरणको कार्यमा आवश्यक सहकार्य गरिनेछ । सामुदायीक वनहरुमा संस्थागत तथा वित्तीय सुशासन कायम गर्न उपभोक्ता समुहका पदाधिकारी एवम् कर्मचारीहरुको निमित्त क्षमता विकास तालिमको प्रवन्ध गरिनेछ ।

१३९. विभिन्न सामुदायीक वनहरुमा रहेको पुँजीलाई स्थानीय विकासको अभियानमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।

१४०. बढ्दो जनसंख्याको कारण नगरका सार्वजनिक स्थल र प्राकृतिक सम्पदाहरुको बढ्दो अतिक्रमण लाई नियमन र नियन्त्रण गर्न प्रत्येक वडाका वडाध्यक्षको संयोजकत्वमा गठित सार्वजनिक जग्गा संरक्षण उपसमितिलाई क्रियाशील बनाई सम्बन्धित वडामा रहेको सार्वजनिक जग्गा, ताल, पोखरी, गौचरन, नदी उकास लगायतका सार्वजनिक महत्वका क्षेत्रको संरक्षण तथा सम्वर्द्धन गर्दै लगिने छ ।

१४१. बाणगङ्गाको गौरवको रुपमा रहेको बाणगङ्गा नदी क्षेत्रको नदी कटानलाई संरक्षण गरी उपलब्ध नदी उकास जग्गालाई नगरको स्वामित्वमा ल्याई बाणगङ्गा करिडोर निर्माणका निम्ति आवश्यक पहल गरिने छ ।

१४२. **"प्लाष्टिक झोला मुक्त नगर"** बनाउन बैकल्पिक झोला उत्पादनमा जोड दिइने छ।

१४३. लक्ष्मणघाट र श्रृङगीघाट शवदाह स्थलको व्यवस्थापन गरिने छ।

१४४. समुदाय स्तरवाटै फोहर वर्गीकरण गर्दै आधुनिक मेशिन सहितको फोहर व्यवस्थापन केन्द्र स्थापनाको लागि दीर्घकालीन नीति अवलम्वन गरिने छ। **"म सफा गर्छु, मेरो नगर"** अभियान संचालन गरिने छ। स्वास्थ्य संस्था जन्य जोखिमयुक्त फोहर व्यवस्थापन तथा निर्मलीकरणका लागि नगर भित्र संचालित स्वास्थ्य संस्था, अस्पताल, मेडिकल, ल्याबहरुबाट निस्किने फोहरको उचित व्यवस्थापन गरिनेछ।

१४५. नगर विपद् प्रतिकार्ययोजना बनिसकेकोले सो अनुरुप नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, नगर प्रहरी, टोल विकास संस्था, स्थानीय क्लब, संचारकर्मी, स्काउट र रेडक्रससँग सहकार्य गरी विपद न्यूनीकरण एवम् व्यवस्थापनका क्रियाकलापलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

१४६. उन्नत र सुधारिएको चुल्होको प्रयोगमा बढावा दिदैं नविकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

१४७. छाडा चौपाया बहुसरोकारको विषय भएकोले छाडा चौपायाको नियन्त्रण र व्यवस्थापनका लागि अन्य स्थानीय तह तथा विभिन्न सरोकारवाला संयन्त्रहरुसँग आवश्यक समन्वय र सहकार्य गर्दै वैकल्पिक उपायहरुको खोजी गरिनेछ।

## संस्थागत सुशासन तथा सेवा प्रवाह

१४८. नेपालको संविधान प्रदत्त तीनै तहको साझा अधिकार र स्थानीय सरकारको एकल अधिकारसँग सम्बन्धित विषयहरूमा आवश्यक पर्ने ऐन, नियम, निर्देशिका र कार्यविधि तर्जुमा, परिमार्जन, संशोधन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१४९. वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याईनेछ।

१५०. सेवाप्रवाहलाई सरलीकृत बनाउन अधिकतम सूचना प्रविधिको प्रयोग गरिने छ। जनतालाई सरल विधिबाट समयमै सेवा प्रदान गर्न नगरपालिकाका शाखाहरुको स्पष्ट कार्यविवरण बनाई लागू गरिनेछ।

१५१. नगरपालिका तथा वडा कार्यालयमा डिजिटल नागरिक वडापत्रलाई थप व्यवस्थित गर्दै लगिने छ।

१५२. जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गरी नगरवासीलाई सहज रुपमा सेवा प्रवाह गर्न संस्थागत सुदृढीकरण गरिनेछ।

१५३. पारदर्शिता तथा जवाफदेहिता जस्ता सुशासनका मूलभूत पक्षहरुलाई ध्यान दिदै सार्वजनिक सेवा प्रवाहलाई जनउत्तरदायी तथा नतिजामूखी बनाइने छ। यसका लागि नगरपालिका र अन्तर्गत कार्यालयहरुमा **"मुस्कान सहितको सेवा प्रवाह"** मा उत्कृष्ट सेवा प्रवाह गर्ने कर्मचारीलाई पुरस्कृत गरिने कार्यको निरन्तरता दिइनेछ।

१५४. कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्न र मनोबल उच्च राख्न कार्य सम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलब्ध गराइने कार्यलाइ निरन्तरता दिंदै जनताको नजिकको सरकारको नाताले सार्वजनिक सेवा प्रवाहलाइ गुणस्तरिय, भरपर्दो, नागरिक मैत्री बनाइ सुशासनको प्रत्यक्ष अनुभूति दिलाइने छ। **"सेवाको वरिपरि जनता होइन, जनताको वरिपरि सेवा"** भन्ने भावना सहित सेवाग्राहीलाइ सम्मानपूर्वक सेवा प्राप्त गर्ने अवसर सिर्जना गरिने छ।

१५५. नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण गर्ने प्रबन्ध मिलाईनेछ। सूचनाको हक प्रत्याभूत गराउन सूचनाको वर्गीकरण गरी नियमित रुपमा नगरपालिकाको आधिकारिक website, Facebook Page मार्फत सूचना प्रकाशन गरिनेछ। साथै नगरपालिकाबाट सम्पादन भएका सम्पूर्ण कार्य तथा सेवाहरुलाई मासिक वुलेटिन मार्फत प्रकाशन गरिने कार्यलाई निरन्तरता दिइनेछ।

१५६. सञ्चारकर्मीहरुलाई उच्च मनोबलका साथ जनतालाई शुसूचित गर्न प्रोत्साहन गरिनेछ। **"जनतासँग जनप्रतिनिधि"** जस्ता कार्यक्रम शुरूवात गरिनेछ। उत्कृष्ट सञ्चाकर्मीलाई सम्मान गर्दै पत्रकारितामैत्री नगरपालिकाको विकास गरिनेछ ।

१५७. नगरमा रहेका सबै सञ्चार माध्यमहरुको संस्थागत क्षमता विकास तथा व्यवसायिक पत्रकारिताको प्रवर्द्धनमामा जोड दिइनेछ।

१५८. कर्मचारीलाई कामप्रति उत्प्रेरित गर्न र मनोबल उच्च राख्न कार्य सम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलब्ध गराइने कार्यलाई निरन्तरता दिंदै जनताको नजिकको सरकारको नाताले सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, भरपर्दो, नागरिक मैत्री बनाइ सुशासनको प्रत्यक्ष अनुभूति दिलाइने छ।

१५९. सेवा प्रवाहलाई प्रभावकारी बनाउन र गुनासो सम्बोधनको निम्ति **"हेलो मेयर"** कार्यक्रम संचालनमा ल्याइने छ।

नगरसभाका सदस्य ज्यूहरु,

१६०. उपभोक्ताहरुको हितका लागि गुणस्तरीय उपभोग्य वस्तुहरुको उत्पादन बिक्री वितरण तथा उपयोग गर्ने कार्यलाई सुरक्षित मर्यादित र व्यवस्थित गर्न बजार अनुगमनलाई निरन्तरता दिइनेछ ।

१६१. मालपोत तथा नापी कार्यालय नगरमा स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।।

१६२. वडाको क्षेत्रफल, जनसङ्ख्या, भौगोलिक विकटता, आन्तरिक राजश्व समेत आधार मानी वडागत बजेट तथा सिलिङ निर्धारण र विकासका दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवं सन्तुलित विकासको नीतिलाई निरन्तरता दिईने छ ।

१६३. घर जग्गा बहाल कर असुली कार्यको लागि सम्पत्ति कर, व्यवसाय कर र वडा कार्यालयबाट प्रवाह हुने सेवाहरुसँग एक आपसमा आवद्ध गरी असुली प्रक्रियालाई व्यवस्थित गरिनेछ । व्यवसाय कर लगायत स्थानीय तहको राजस्व संकलनको लागि वडा कार्यालयबाट व्यवस्था गरिने छ । अनलाइन माध्यमबाट राजस्व दाखिला गर्ने र करदाताको सहज कर सहभागिता सुनिश्चित गर्ने कार्यको लागि आवश्यक विधि स्थापित गरिने छ ।

## न्याय सम्पादन

१६४. न्याय सम्पादन तथा मेलमिलापलाई उच्च प्राथमिकतामा राखि प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन र मेलमिलाप कर्तालाई तालिम दिइ न्याय सम्पादनलाई छिटो छरितो बनाउने कार्यमा नगरपालिका अग्रसर रहेको कुरा नगरवासीले अनुभूत गर्ने गरी कार्यक्रम संचालन गरिनेछ । यसको प्रतिफल स्वरुप न्यून उजुरी संख्या उच्च फर्छ्यौटले न्यायीक क्षेत्र प्रभावकारी रहेको अनुभूति गर्न सकिने छ । यस अन्तर्गत मेलमिलापकर्ता तालिम र पारिश्रमिक साथै न्यायीक कार्य सम्पादन अन्तर्गत आवश्यक कार्यक्रम ल्याइने छ ।

१६५. न्यायीक समितिमा पर्न आएका उजुरीहरु नियमित फर्छ्यौट हुने गरी न्यायीक समितिको कामलाई अझ प्रभावकारी बनाइने छ । न्यायीक समितिको कार्य संपादनलाई चुस्त दुरुस्त पार्नका लागि प्रविधिमैत्री गराइनेछ ।

अन्त्यमा,

**"समृद्ध बाणगङ्गाको मूल आधार, आर्थिक सामाजिक रूपान्तरण सहितको पूर्वाधार"** भन्ने नारालाई साकार पार्नका लागि माथि उल्लेखित नीति तथा कार्यक्रमहरु आधारको रुपमा रहनेछन् । यी नीतिहरुको सफल कार्यान्वयनको लागि संघ तथा प्रदेश सरकारका मा.सांसदज्यूहरु, पूर्व मन्त्रीज्यूहरु, पूर्व माननीय सदस्यज्यूहरु, नगरपालिकामा क्रियाशील राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, पत्रकार, नागरिक समाज लगायत सम्पूर्ण बाणगङ्गाबासी आमा–बुवा, दाजु–भाइ, दिदी–बहिनीहरुको रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरेको छु । विकासका लागि ऐक्यबद्दतामा साथ दिनु हुने राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघ-संस्था, निजी क्षेत्र, विकास साझेदार संघ-संस्था,नागरिक समाज, सञ्चारकर्मी,राष्ट्रसेवक कर्मचारी, लगायत स्थानीय प्रशासन, सहयोगी हातहरु सम्पूर्णमा हार्दिक धन्यवाद दिन चाहान्छु, साथै देश भित्र र देश बाहिर रहनुभएका सम्पूर्ण बाणगङ्गा नगरबासीहरुले नगरको विकासमा सकारात्मक र रचनात्मक सुझाव, सल्लाह, सहयोग तथा सहकार्य गरी योगदान गर्नु हुनेछ भन्ने अपेक्षा लिएको छु ।

धन्यवाद । नमस्कार ।।

२०८० असार ०३ गते शनिवार ।

चक्रपाणी अर्याल

नगर प्रमुख

बाणगङ्गा नगरपालिका

अनुसूची – ३
(निर्णय १३.१.३ संग सम्बन्धित)

लेखा समिति, बाणगंगा नगर कार्यपालिका बाट सिफारिस भई १३औं नगर सभामा पेश हुन आएको महालेखापरीक्षकको कार्यालयबाट जारी आ.ब.२०७८।७९, आ.ब. २०७७।७८, आ.ब. २०७६।७७ र आ.ब. २०७४।७५ को लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका विषयवस्तुहरु बाणगंगा नगरपालिकाको अन्तिम लेखा परीक्षणको प्रतिवेदनबाट कार्यालयको वित्तिय विवरण तथा कारोबारको यथार्थ चित्रण गरी वित्तिय सुशासनका लागि गहन सुझाब पेश भएकोमा बाणगंगा नगरपालिकाको कार्यालयबाट लेखा परीक्षणप्रतिवेदनमा व्यक्त तपशिलका विषयहरु नियमित गरी बेरुजु सम्परीक्षण / फछ्यौट गर्न महालेखा परीक्षकको कार्यालयसमक्ष पेश गर्ने निर्णय गरियो ।

**तपशिलः**

**आ.ब. २०७८/७९ को महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमा नियमित हुनुपर्ने व्यहोराः**

**१. कर्मचारी करार (क्र.सं. १७)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ को उपदफा २ बमोजिम स्थानीय सेवाको गठन, कर्मचारी नियुक्ति र सेवाका शर्त सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय कानून बमोजिम गर्नसक्ने भएकोले बाणगंगा नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी कर्मचारी ब्यवस्थापन गरेको हो । स्थानीय तहले स्वीकृत गरेको O/M बमोजिम प्रदेश लोकसेवा आयोगले स्थायी पदपूर्ति गर्ने व्यवस्था रहेकोमा प्रदेशमा स्थानीय तहको कर्मचारी व्यवस्थापन सम्बन्धी कानून नबनिसकेको अवस्थामा नगरको स्वीकृत दरबन्दीमा मात्र कर्मचारी पदपूर्ति भएको छ । संघीय निजामति सेवा जारी भइनसकेको, संघीय सरकारबाटस्थानीय तहको सेवाको गठन, सञ्चालन, सेवा सर्त तथा सुविधा सम्बन्धमा मापदण्ड तय नभइरहेको, रिक्त दरबन्दीमा कर्मचारी नियुक्तिको लागि लोकसेवा आयोगसमक्ष माग पठाइएको भएपनि हालसम्म पदपुर्ति हुन नसकेको अवस्थामा स्विकृत दरबन्दीका रिक्त पदमा स्थानीयस्तरमा पालिकाको अधिकारक्षेत्रको विषयमा कार्यालयले विकास र प्रभावकारी सेवा प्रवाहको जिम्मेवारी बहन गर्न करारमा जनशक्ति व्यवस्थापन गरेकोले सोको पारिश्रमिक भुक्तानी रु.३३२३२३०।- भएको उक्त विषय नियमित हुन अनुरोध छ ।

## २. कन्टिन्जेन्सी खर्च(क्र.सं.४०)

पालिकाबाट प्रतिवेदनमा औल्याइए बमोजिम नगरको योजना फरफारक, जाँचपास समिति, नगरसभा र कार्यपालिकाको समितिको बैठक, योजना अनुगमनबापतको रकम कन्टिन्जेन्सी रकमबाट खर्च गरिएको छ। कार्यालयबाट कन्टिन्जेन्सी रकम प्रशासनिक कार्यमा खर्च गर्न सकिने कानूनी प्राबधान अनुसार उक्तखर्च भएको। कुनै आयोजनाको कन्टिन्जेन्सी बापतको रकम सोही आयोजनामा खर्च गर्ने सम्बन्धमा नगरमा स-साना आयोजनाबाट एक एक गरी अनुपात मिलाएर कन्टिन्जेन्सी खर्च गर्नु व्यवहारिक रुपमा असहज हुने भएकोले तुलनात्मक रुपमा बढी कन्टिन्जेन्सी रकम मौज्दात भएको आयोजनाबाट कन्टिन्जेन्सी खर्च भएको छ। कार्यालयको दायित्व सृजना भएको तर प्र्याप्त बजेट बिनियोजन नभएको अबस्थमा उल्लिखित विषयमा कन्टिन्जेन्सी रकम खर्च हुन गएको, यसरी खर्च जुन आयोजनाबाट खर्च भए पनि उक्त खर्च कन्टिन्जेन्सी बापतको रकम नै हुन गएको र सोबाट कार्यालयलाई हानी-नोक्सानी समेत पर्न नगएको हुँदा कन्टिन्जेन्सी खर्च रु.२७९३०००/- नियमित गर्नु हुन।

## ३. खर्च मितव्यिता कायम गर्नु पर्ने (क्र.सं.४१)

कार्यालयबाट आवश्यकता र औचित्यका आधारमा प्र्याप्त प्रमाण राखी खर्च हुन गएको छ। कार्यालयद्धारा कानूनबमोजिम गठित समितिको कार्यालय समयबाहेको समयमा बसेको बैठकको भत्ता वितरण गरिएको। कार्यालयको कामसँग सम्बन्धित क्रियाकलापमा कार्यालयका कर्मचारी तथा जनप्रतिनिधिले स्विकृत भ्रमण आदेशबमोजिम उद्देश्य अनुरुपको काम सम्पन्न भएपश्चात अनुगमन तथा भ्रमण खर्च गरेको देखिन्छ। यसरी उल्लेख हुन गएको बेरुजु रु.१४७२०००/- नियमित हुन।

## ४. आन्तरिक लेखापरिक्षण (क्र.सं. ५३)

कार्यालयले आन्तरिक लेखापरिक्षण प्रतिवेदनमा औल्याएका बिषयहरु अन्तिम लेखापरिक्षण अगाडि नै सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्छ । उपभोक्ता समितिबाट निर्माण कार्य गरिएको वडा नं. ३ राजापानी सामुदायिक भवन निर्माणबापत बुझ्ने र बुझाउने दुबैमा एकै ब्यक्ति उल्लेख भए पनि उपभोक्ता समितिमा कागजात तयारी सम्बन्धमा प्र्याप्त जानकारी नहुदा त्यसरी उल्लेख हुन गएको देखिन्छ। उक्त कामकोबुझाउने उपभोक्ता समितको पदाधिकारी र बुझ्ने कामदार रहेकोले उक्त बेरुजु रु.३४१२५।- नियमित हुन अनुरोध छ।

त्यसैगरी वडा नं. ५ सिंचाइ संरचना खरिदका कागजातहरु कार्यक्रम सिफारिस, स्विकृति, भर्पाइमा सही. माग, दाखिला प्रतिवेदनलगायतका कागजात उपलब्ध हुन आएकोले वडा सचिबमार्फत कार्यान्वयन गरिएको वडास्तरिय कार्यक्रमको खर्च रु.४९९६६६।- नियमित हुन अनुरोध छ।

५. अन्य कार्यालय खर्च (क्र.सं. ५४)

कार्यालयबाट आफ्नो अधिकारक्षेत्र र जिम्मेवारीभित्र पर्ने विषयमा बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गरेको छ । तथापि इलाका प्रहरी कार्यालय पिपराबाट गाडि मर्मतको लागि सहयोग माग भइ पत्राचार भएको, यसै नगरक्षेत्रको शान्ति तथा सु-व्यवस्थाको, नगरको प्राकृतिक तथा सार्वजनिक सम्पत्तिको संरक्षणमा लागि उक्त निकायका गाडी परिचालन गर्नुपर्ने भएकोले नगर कार्यपालिकाको निर्णयबाट सरकारी जिम्मेवार सुरक्षा निकायलाई गाडी मर्मतबापत रु.५९२०२।- खर्च गरिएको हुँदा नियमित हुन अनुरोध छ ।

६. खाजा खर्च (क्र.सं. ५६)

बाणगंगा नगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि, २०७५ को दफा ३.१ (घ) बार्षिक बजेट तयार गर्ने तथा नगरसभाको तयारीमा खटाइएका कर्मचारीहरुलाई थप भत्ता उपलब्ध गराइने व्यवस्थाबमोजिम नगरकार्यपालिकाको निर्णयबाट बजेट तथा कार्यक्रम तर्जुमा कार्यको थप जिम्मेवारी वहन गर्ने तथा अतिरिक्त काममा खटिने कर्मचारीहरुलाई खाजाबापत रकम भुक्तानी गरिएकोले खाजा खर्च रु.७१४०७३।- नियमित हुन अनुरोध छ ।

७. भुक्तानी बाँकि (क्र.सं. ५८)

कार्यालयबाट अघिल्लो आर्थिक बर्षको बिभिन्न पार्टिलाई दिनुपर्ने रकम भुक्तानी बाँकिको विवरणलाई म.ले.प.फारम नं.२२१ आर्थिक बर्ष समाप्त भएको एक हप्ताभित्र स्विकृत गराइ भुक्तानी हुनुपर्नेमा उक्त बिषय सो अवधि पश्चात उठान भइ कार्यपालिको निर्णय बमोजिम भुक्तानी भएको छ । शुभकामना सप्लायर्सको कारोबार भएको बर्षमा चेक सटही हुन नसकेको, कानूनी सल्लाहकारको २०७७/७८ को छुट सुबिधा निजबाट माग भुक्तानी बाँकि रहेको साथै नगरपालिका संघसँग नगरको आबद्धता रहेको परिप्रेक्षमा सोबापत सदस्यता शुल्का नियमानुसार बुझाउनपर्ने आवश्यक देखिएकोले उक्त खर्च रु.३८८६२६।- हुन गएको हो । प्रतिवेदनमा औल्याइएका उल्लिखित सुझाब आगामि कार्यक्रमको क्रममा कार्यान्वयनमा लगिनेछ ।

८. वडा कार्यालयबाट खरिद (क्र.सं. ६२)

वडा कार्यालयबाट कार्यालयमा सिसि क्यामेरा खरिद गर्ने क्रममा माग फारम, खरिद आदेश, जिन्सी दाखिला, बिल सहित खरिद प्रकृया पुरागरी भुक्तानीको लागि पेश भएकोले कार्यालयको एकिकृत जिन्सी अभिलेखमा आम्दानी देखिएन । आगामि दिनमाकार्यालयको दायित्व रहेको सामाग्री खरिद कानून बमोजिम प्रकृया पुर्‍याइ गरिने र एकिकृत जिन्सी अभिलेख राखिनेछ । उल्लिखित बेरुजु रु.२४५८५७।- नियमित हुन अनुरोध छ ।

## ९. खर्च शिर्षक (क्र.सं. ६३)

कार्यालयबाट बजेट बिनियोजन हुँदा नै स्पष्ट क्रियाकलाप सम्बोधन गर्ने गरी हुनुपर्नेमा प्रतिवेदनमा उल्लेख भएको कार्यक्रम खर्च नामबाट वडा नं. १ को प्रशासनिक खर्च र बिबिध क्रियाकलापबाट वडा नं.४ वडा कार्यालयको प्रशासनिक तथा कार्यालय सञ्चालनतर्फको क्रियाकलापमा खर्च गर्ने गरी उक्त रकम बिनियोजन भएको हो ।जसले गर्दा बजेट कार्यान्वनको क्रममा वडाको पदाधिकारी बैठक भत्ता तथा अन्य प्रशासनिक खर्चमा मात्र उल्लिखित शिर्षकबाट भुक्तानी दिइएको छ । केही करार कर्मचारी पारिश्रमिक र सवारी चालकको घरभाडा तथा खाना सुबिधासमेत पारिश्रमिक अन्तर्गत जोडी खर्च हुन गएको । आगामि बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्पष्ट अर्थ खुल्ने क्रियाकलाबाट नामाकरण गर्ने  र खर्च गर्दा पनि तोकिएको क्रियाकलापमा गरिने भएकोले बेरुजु रकम  रु.९९०५६०।- नियमित गर्नु हुन अनुरोध छ।

## १०.कानूनी सल्लाहकार (क्र.सं. ६४)

नगरले आफ्नो बृहत अधिकारक्षेत्र अन्तर्गतका महत्वपूर्ण जिम्मेवारी बहन गर्न कानून अधिकृतको पदपूर्ति नभएकोलेकार्यालयको काम कारबाहीको क्रममा आउने कानूनी विषय, विभिन्नमुद्दामामिलाको कार्यालयको तर्फबाट बहस तथा प्रतिनिधित्व, कानूनी सल्लाह, कानूनीबिज्ञताबापतको सेवा लिन कार्यालयले कानूनी सल्लाहकार कारारमा राखी सेवा प्राप्त गरेको हुँदा यस बापत भएको खर्च रु.१८००००।- नियमित हुन अनुरोध छ।

## ११.अबलोकन भ्रमण (क्र.सं. ६५)

वडा नं. १ का पदाधिकारी र टोल बिकास संस्थाका पदाधिकारीको भ्रमण भएकोमा उक्त कार्यक्रमको लागि बजेट बिनियोजन भएकोले कार्ययोजनाको बमोजिम भ्रमण खर्चबापतको रकम भ्रमणमा सहभागि व्यक्तिलाई हस्तान्तरण गरिएको छ । आगामि भ्रमण कार्यक्रममा खर्च पुष्टयाइ गर्न सहयोग गर्ने बिल भर्पाइको आधारमा भुक्तानी गरिनेछ। यसबापतको बेरुजु रु.१६२५६२।- नियमित गर्नु हुन अनुरोध छ।

## १२.करार कर्मचारीलाई सुबिधा (क्र.सं. ६६)

कार्यालयबाट विभिन्न क्षेत्रका करार कर्मचारीहरुको लागि करार सम्झौता बमोजिम चाडपर्व र पोशाक खर्च भुक्तानी गरिएकोमा नगरका दुई कृषि प्राविधिकसमेतलाई उक्त खर्च भुक्तानी भएको हो । पेश भएको प्रस्तुत सुझाब कार्यान्वयमा लगिने भएकोले औल्याइएको बेरुजु रु.६८०००। नियमित हुन।

१३.प्रोत्साहन भत्ता (क्र.सं. ६९)

कार्यालयबाट बाणगंगा नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि,२०७५ बमोजिम अतिरिक्त समय कार्य, कर्मचारीको कार्यकुशलता, सम्पादित कामको प्रतिफललगायतका बिषयमा सूचकसहित मुल्यांकन गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराइएको छ । कार्यविधि अनुरुपका ब्यवस्था परिपालना गरी प्रोत्साहन उपलब्ध गराइने, कार्यसम्पादन सूचकसँग प्रोत्साहन आबद्ध गरी भत्ता उपलब्ध गराइने हुँदा बेरुजु रु.४०००४१७।- नियमित हुन अनुरोध छ।

१४.शिर्षक फरकपारी खर्च (क्र.सं. ८१)

कार्यालयले कार्यालय सामाग्री खरिदबापतको रकम भुलबश फरक शिर्षकबाट भुक्तानी गरेको पाइएको, उक्त रकमबाट सरकारी हानी नोक्सानी नभएकोले बेरुजु रु.४९७८७८।- नियमित हुन अनुरोध छ।

१५.बैठक भत्ता (क्र.सं. ८३)

कार्यालयबाट कानुनबमोजिम गठित,निर्दिष्ट कार्य जिम्मेवारीबहन गर्ने समितिलाई कार्यालय समयबाहेकका बैठकबापत भत्ता वितरण गरिएकोले रु.१४३६५०।- नियमित गर्नु हुन अनुरोध छ।

१६.सोझै खरिद (क्र.सं. १०१)

कार्यालयबाट कार्यालय सञ्चालन, ब्यवस्थापनको लागि प्रचलित खरिद कानूनको अधिनमा रही बिभिन्न समयमा बिभिन्न बिक्रेताबाट कार्यालयको आवश्यकताअनुसार बिभिन्न कार्यालय सामाग्री खरिद गरिएकोले बेरुजु रु.३५५६९२३।- नियमित हुन अनुरोध छ।

१७.अन्य प्रयोजन खर्च (क्र.सं. १०२)

पालिकाले नगर क्षेत्रभित्रका बिभिन्न गैरनाफामुलक संस्थाको पुर्वाधार निर्माणमा खर्च गरको छ। प्रतिवेदनमा औल्याइएको जेसिस एक गैर नाफामुलकसंस्था रहेको, संयुक्त राष्ट्रसंघको परामर्शदाता भइ बिभिन्न १२४ देश सदस्य रहेका, यो स्वयंसेवी संगठन भएकोले उक्तसंस्थाको भवन निर्माणमार्फत सामाजिक क्रियाकलाप गराउन सघाउने उद्देश्यले बजेट बिनियोजन गरिएको हो। बुद्ध दर्पण दैनिक जिल्लाको एकमात्र दैनिक पत्रिका रहेको र पत्रकारिता क्षेत्रको बिकास सुशासनको लागि अपरिहार्य हुन्छ।कपिलवस्तु उद्योग बाणिज्य संघ उद्योग ब्यापार प्रबर्द्धन गर्ने संस्था रहेको। यसलेनगरमा ब्यवसायिक लगानीको बातावरण बनाउने बिभिन्न माध्यमबाट नगरसँग साझेदारी गर्दै आएको छ।नेपाल पत्रकार महासघ स्वतन्त्र, मर्यादितर ब्यवसायिक पत्रकारिता प्रबर्द्धनमा क्रियाशिल गैरनाफामुलक राज्यको चौथो अंग हो।

उल्लिखित गैरनाफामुलक संस्थाको पूर्वाधार बिकासतर्फ कामको लागत अनुमानगरी प्राविधिक मुल्यांकन, कार्यसम्पन्न प्रतिवेदन, बिल भर्पाइ लगायतका आवश्यक प्रमाणका आधारमा भुक्तानी गरिएकोले उक्त बेरुजु रु.१९९१४४३।- सम्परिक्षण हुन अनुरोध छ।

## आ.ब. २०७७/७८ को महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमा नियमित हुनुपर्ने व्यहोरा

### १. नर्म्स भन्दा बढी विश्लेषण

उपभोक्ता समितिबाट इन्धनको बिल पेश भएकोतर प्राविधिक लागत अनुमान र उक्त कार्यको मुल्यांकनमा इन्धनसहितको मेसिनको दर बिश्लेषण कायम भएको छ । उपभोक्ता समितिबाट आवश्यक भ्याट बिल पेश हुन नआएको तथापिकार्यालयको प्राविधिक मुल्याङ्कनमा जनाइएको निर्माण कामको यथार्थलागत बमोजिम सोबापतखर्च भएको छ । आगामि दिनमा यस प्रकार निर्माण कार्यको मुल्य अभिबृद्धि कर सहितको बिल प्रयोग गरिने हुँदा उल्लिखित बेरुजु रकम रु.१६७६०२।- हटाउनु हुन अनुरोध छ ।

### २. टेलिभिजन तथा एफ.एम. लाई भुक्तानी

कार्यालयप्रतिवेदनमा औंल्याइएको सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट जस्ता विषय कार्यान्वयनमा क्रियाशिल रहने छ । त्यसको अतिरिक्त सञ्चार माध्यमको संरचना सुधार एवं क्षमता विकासबाट स्थानीयबासी सुसूचित भइ सुशासनमा टेवा पुग्ने हुँदा कार्यालयले नाफामुखी संस्था नभइ सामुदायिक रेडियो र टेलिभिजनका लागि बजेटमाब्यवस्था गरी नागरिक सूसुचित हुनेअधिकारलाई प्राथमिकता दिइ सञ्चार सम्बद्ध संस्थाको लागि सहयोग गरेको । तदअनुरुपका क्रियाकलाप सम्पन्न भए पश्चात कामको प्राविधक मुल्याङ्कनका आधारमा भुक्तानी गरिएकोले कार्यालयबाट सामाजिक शशक्तिकरण एवं शुसाशन अन्तर्गत भएको खर्च रु.२१०००००।– नियमित हुन अनुरोध छ ।

### ३. खाता रोक्का राखी निकासा

नमुना बिद्यालय कार्यक्रमको सम्बन्धमाकार्यालयबाट सम्झौता बमोजिम कार्यक्रम कार्यान्वय गर्न आवश्यक वातावरण मिलाइ कार्यान्वियन चरणमा रहेकोआयोजना तथा कार्यक्रमको कार्यप्रगतिबारे जानकारी लिने , अनुगमन एबं सहजिकरण गर्ने जिम्मेवारी बहन गरिएको छ । सम्झौता बमोजिम काम आर्थिक बर्षको अन्तसम्म सम्पन्न हुन केही बाँकि रहन जाने अवस्थामा तोकिएको काम सम्पन्न गर्न आर्थिक बर्षको बर्षान्तमा विद्यालयलाई निकासा गरी विद्यालयको खातामा सो रकम रोक्का राखी फ्रिज नभएको हो ।उक्त विद्यालयको खातामा निकासा भए बमोजिमको रकम विद्यालयको भौतिक पूर्वाधार एवं शैक्षिक तथा व्यवस्थापकीय क्रियाकलापमा खर्च गरिएको छ ।शिक्षा सम्बन्धि कार्यक्रम कार्यान्यन पुस्तिकाको एक प्रावधान नमुना विद्यालयको लागि विनियोजित शसर्त रकम विद्यालयको खातामा निकासा दिनुपर्ने बमोजिम कार्यालयबाट रु.१५००००००/- विद्यालयको खातामा निकासा गरीएकोले उक्त बेरुजु रु.१५००००००।– हटाउनु हुन अनुरोध छ ।

## आ.ब. २०७६/७७ को महालेखापरिक्षकको कार्यालयको प्रतिवेदनमा नियमित हुनुपर्ने व्यहोरा

### १. स्वकीय सचिब र सल्लाहकार

कार्यालयमा एक जनामात्र कम्प्युटर अपरेटरको दरबन्दी रहेकोले कामको अत्यधिक चाँप व्यवस्थापन गर्दैकार्यसम्पादनलाई चुस्त एवं प्रभावकारीबनाउन दैनिक ज्यालादारिमा काम गर्नेगरि एक जना सहायक कम्प्युटर अपरेटर नियुक्ति गरी कामकाजमा खटाइएको साथै निजलाई नगर प्रमुखको सचिवालय समेत हेर्ने जिम्मेवारि प्रदान गरिएको हो।दफामा उल्लेख गरे जस्तो नगर प्रमुखको स्वकीय सचिव हुने गरि नियुक्त गरिएको होइन। दैनिक ज्यालादारीमा कार्यालयको कामकाज गर्ने गरि खटाईएकोकोकारण सो सम्बन्धमा औल्याइएको बेरुजु रु. १,५९,६६०।- नियमित गरिएकोले फछ्र्योट हुन अनुरोध छ।

## आ.ब. २०७४/७५ को महालेखापरिक्षकको कार्यालयको प्रतिवेदनमा नियमित हुनुपर्ने व्यहोरा

### १. स्थानीय भत्ता तथा अन्य सुविधा

कार्यालयबाट कार्यालयको कामकाजको सबन्धमा अतिरिक्त समय काम गर्ने, सेवाग्राहीमैत्री व्यवहार प्रस्तुत गर्ने,कार्यसम्पादनमा अब्बल कर्मचारीहरुलाई आन्तरिक आयबाट खर्च व्योर्ने गरी खाजा, सन्चार सुविधा जस्ता आवश्यकता सम्बोधन हुने अभिप्रायले विभिन्न दरमा सुविधाबापत खर्च गरिएको हो। स्थानीय सरकारको फराकिलो जिम्मेवारी, अत्याधिक कार्यचाप र सेवाग्राहीको बढ्दो आकाङ्क्षालाई सम्बोधन गर्ने कर्मचारीको सुबिधाबापतको रकम रु.२२२१०००।- नियमित हुन अनुरोध छ।

अनुसूची-४

# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## तेह्रौं नगरसभा

## तेह्रौं नगरसभाको कार्यसूची र समय तालिका

सभा संख्याः १३ | दोस्रो बैठक | सभा संचालन स्थानः पिस हिमालयन रिसोर्ट

अध्यक्षताः श्री चक्रपाणी अर्याल | मितिः२०८०।०३।०९

| मिति | बैठक बस्ने समय | कार्य सूची | संचालन तथा कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| | | राष्ट्रिय गान | | |
| २०८०।०३।०९ | ०८:०० | सभाको सभाध्यक्षता | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| " " | ०८:०० | कार्यक्रम शुरु भएको घोषणा<br>सम्बोधन<br>शहिदहरु प्रति १ मीनेट मौनधारणा | | |
| " " | ०८:१० | आ.व.२०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रम | नगर उपप्रमुख रिताकुमारी चौधरी | |
| | ०९:०० | आर्थिक विधेयक, प्रस्तुत | आर्थिक विकास समितिका संयोजक छविलाल रेश्मी मगर | |
| | ९:१० | विनियोजन विधेयक प्रस्तुत | विधायन समितिका संयोजक बाबुराम अर्याल | |
| | ०९:१५ | प्रस्तुत विधेयकहरु माथी आफ्नो भनाई राख्न | सभा सदस्यहरु<br>१.<br>२.<br>३. | |
| | ०९:२५ | नगर सभामा उठेका विषयहरुलाई सम्बोधन गर्न | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ०९:४५ | अर्को वैठकको कार्यक्रमको समापन | | |

### छलफलको समय तालिका

| मिति | बैठक बस्ने समय | कार्य सूची | प्रस्ताव प्रस्तुतकर्ता | छलफलमा बोल्ने सदस्यहरुको नाम र तोकिएको समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

उपाध्यक्ष ज्यू

नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु

सचिव ज्यू र राष्ट्रसेवक कर्मचारीहरु

✓ म आजको यस १३औं नगर सभाको दोस्रो बैठक शुरुवात भएको जानकारी गराउन चाहान्छु। विभिन्न कालखण्डामा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरु प्रती भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु र सम्पूर्ण सहिदहरुको संझनामा १ मिनेट मौन धारणको लागि सहभागि हुन सम्पूर्ण नगरसभा सदस्यज्यूहरुलाई अनुरोध गर्दछु।

मौन धारणको लागि समय शुरु हुन्छ ..............................................................................

धन्यवाद !

- आर्थिक वर्ष २०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रम यस गरिमामय नगरसभामा प्रस्तुतिका लागि यस नगरपालिकाका नगर उपप्रमुख श्री रिताकुमारी चौधरीज्यूलाई अनुरोध गर्दछु।

- आर्थिक वर्ष २०८०।०८१ को आर्थिक विधेयक प्रस्तुत गर्न आर्थिक विकास समितिका संयोजक श्री छबिलाल रेश्मीमगरज्यूलाई अनुरोध गर्दछु।

- आर्थिक वर्ष २०८०।०८१ को विनियोजन विधेयक प्रस्तुत गर्न विधायन समितिका संयोजक श्री बाबुराम अर्यालज्यूलाई अनुरोध गर्दछु।

आर्थिक विकास समितिका संयोजकमार्फत प्रस्तुत भएको आर्थिक विधेयक, विनियोजन विधेयक र वार्षिक योजना तथा कार्यक्रम माथी कुनै सदस्यको केही विषय रहेमा त्यस्तो विषयमाथी आफ्नो भनाई राख्न नाम टिपाउन अनुरोध गर्दछु।

सदस्यहरुः-

१.

२.

३.

४.

**नगरसभा सदस्यहरुबाट प्राप्त भएका टिप्पणी, संसोधन र थप घट गर्नुपर्ने विषयहरुलाई सम्बोधन .....**

सम्मानित सभासमक्ष प्रस्तुत भएका बजेट तथा कार्यक्रम अर्को बैठकसम्मको लागि छलफलको क्रममा रहने व्यहोरा सम्मानित सभासमक्ष जानकारी गराउँन चाहान्छु ।

**नगर सभा सदस्य ज्युहरु**

**अन्त्यमा**

सबैमा धन्यवाद दिदै ...................................

बाणगङ्गा नगरपालिकाको १३औं नगरसभाको अर्को बैठक मितिः........................... मा बस्ने जानकारी गराउँदै दोस्रो बैठक समापन भएको जानकारी गराउँदछु ।

**चक्रपाणी अर्याल**

**नगर प्रमुख**

अनुसूची-५

# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## तेह्रौं नगरसभा

**तेह्रौं नगरसभाको कार्यसूची र समय तालिका**

**सभा संख्याः १३** **तेस्रो बैठक** **सभा संचालन स्थानः पिस हिमालयन रिसोर्ट**

**अध्यक्षताः श्री चक्रपाणी अर्याल** **मितिः२०८०।०३।३०**

| मिति | बैठक बस्ने समय | कार्य सूची | संचालन तथा कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८०।०३।३० | | राष्ट्रिय गान | | |
| | ०८:०० | सभाको सभाध्यक्षता | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| ,, ,, | ०८:०० | कार्यक्रम शुरु भएको घोषणा, सम्बोधन , शहिदहरु प्रति १ मीनेट मौनधारणा | | |
| ,, ,, | ०८:१० | आ.व.२०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रममाथी छलफल | | |
| | ०९:०० | आर्थिक विधेयक र विनियोजन विधेयक प्रस्तुत | आर्थिक विकास समितिका संयोजक छविलाल रेश्मी मगर | |
| | ०९:१० | सुशासन तथा सेवा प्रवाह समितिको प्रतिवेदन प्रस्तुत | संयोजक कमल पौडेल | |
| | ९:२० | विधायन समितिको प्रतिवेदन प्रस्तुत | विधायन समितिका संयोजक बाबुराम अर्याल | |
| | ०९:२५ | न्यायीक समितिको प्रतिवेदन प्रस्तुत | नगर उपप्रमुख रिता कुमारी चौधरी | |
| | ०९:३५ | प्रस्तुत बजेट तथा कार्यक्रम, विधेयकहरु र विभिन्न समितिका प्रतिवेदनहरु माथी आफ्नो भनाई राख्न | सभा सदस्यहरु<br>१.<br>२.<br>३. | |
| | ०९:४० | नगर सभामा उठेका विषयहरुलाई सम्बोधन गर्न | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | ९:४५ | समसामयिक तथा सार्वजनिक महत्वका विषयहरु प्रस्तुत | नगर प्रवक्ता श्री बिष्णु प्रसाद पौडेल | |
| | १०:०० | नगरसभाबाट निर्णयगर्नुपर्ने विविध प्रस्तावहरु | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |
| | १०:०० | नगर सभा समापन | नगर प्रमुख श्री चक्रपाणी अर्याल | |

**छलफलको समय तालिका**

| मिति | बैठक बस्ने समय | कार्य सूची | प्रस्ताव प्रस्तुतकर्ता | छलफलमा बोल्ने सदस्यहरुको नाम र तोकिएको समय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

उपाध्यक्ष ज्यू
नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु
सचिव ज्यू र राष्ट्रसेवक कर्मचारीहरु

✓ म आजको यस १३औं नगर सभाको तेस्रो बैठक शुरुवात भएको जानकारी गराउन चाहान्छु।

विभिन्न कालखण्डामा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरु प्रती भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु र सम्पूर्ण सहिदहरुको संझनामा १ मिनेट मौन धारणको लागि सहभागि हुन सम्पूर्ण नगरसभा सदस्यज्यूहरुलाई अनुरोध गर्दछु।

मौन धारणको लागि समय शुरु हुन्छ ..........................................................................................

धन्यवाद !

- १३ औं नगरसभा २०८० असार २ गतेबाट शुरु भई हालसम्म निरन्तर चल्दै आएको छ। दोस्रो बैठक २०८० असार ९ गते प्रस्तुत गरिएको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रम छलफलकै क्रममा रहेको व्यहोरा सबै नगरसभा सदस्यहरुलाई जानकारी गराउँदछु।

**अव म .....यस गरिमामय नगरस सभामा**

- विधेयक समितिको प्रतिवेदन प्रस्तुत गर्न विधायन समितिका संयोजक श्री बाबुराम अर्याललाई अनुरोध गर्दछु।
- आर्थिक वर्ष २०८०।०८१ को आर्थिक विधेयक एवं विनियोजन विधेयक प्रस्तुत गर्न आर्थिक विकास समितिका संयोजक श्री छबिलाल रेश्मी मगरज्यूलाई अनुरोध गर्दछु।
- सुशासन तथा सेवा प्रवाह समितिको प्रतिवेदन प्रस्तु गर्न समितिका संयोजक श्री कमल पौडेलज्यूलाई अनुरोध गर्दछु।
- न्यायीक समितिको प्रतिवेदन प्रस्तुतिका लागि नगर उप प्रमुख श्री रिताकुमारी चौधरीज्यूलाई अनुरोध गर्दछु।

**नगरसभा सदस्यहरुः-**

नगरसभाको दोस्रो बैठकमा पेश भएको वार्षिक योजना तथा कार्यक्रम, आर्थिक विकास समितिका संयोजकमार्फत प्रस्तुत भएको आर्थिक विधेयक, विनियोजन विधेयक नगरसभा अन्तर्गतका समितिहरुले प्रस्तुत गरेको प्रतिवेदनहरु लगायत नगरसभामा प्रस्तुत समग्र प्रस्तावहरु माथी कुनै सदस्यको केही विषय रहेमा त्यस्तो विषयमाथी आफ्नो भनाई राख्न नाम टिपाउन अनुरोध गर्दछु। साथै नगरसभामा उठेका सबै विषयवस्तुहरुलाई लिपिबद्द हुने गरी अभिलेख गर्न नगरसभा सचिवालयलाई अनुरोध गर्दछु।

सदस्यहरुः-

१.

२.

३.

**नगरसभा सदस्यहरुबाट प्राप्त भएका टिप्पणी, संसोधन र थप घट गर्नुपर्ने विषयहरुलाई सम्बोधन .....**

अव म यस नगरपालिकाको समग्र विषयवस्तुलाई समेट्ने गरी नगरको **सार्वजनिक महत्वका** विषय एवं समसामयिक प्रस्तावहरु प्रस्तुत गर्न नगर प्रवक्ता श्री **बिष्णु प्रसाद पौडेलज्यूलाई** अनुरोध गर्दछु।

नगर सभा सदस्य ज्युहरु

नगर उपप्रमुख रिता कुमारी चौधरीद्वारा १३औं नगरसभाको दोस्रो बैठक मिति:२०८०।०३।०९ गते प्रस्तुत गरिएको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रम संसोधन सहित स्विकृतको लागि प्रस्ताव गर्दछु

यसलाई स्वीकृत गर्न हुन्छ भन्नेले हुन्छ र स्वीकृत गर्न हुन्न भन्नेले हुन्न भन्नुहोला !

स्वीकृत गर्न हुन्छ भन्नेले हुन्छ भन्नुस !

स्वीकृत गर्न हुन्न भन्नेले हुन्न भन्नुस !

स्वीकृत गर्न हुन्न भन्ने सदस्यहरुबाट आवाज नआएकोले आजको यस नगरसभामा पेश भएको वार्षिक बजेट, योजना तथा कार्यक्रम सर्वसम्मत रुपमा स्वीकृत भएको घोषणा गर्दछु।

न्यायीक समितिका संयोजक रिता कुमारी चौधरी मार्फत यस नगरसभामा प्रस्तुत गरिएको न्यायिक समितिको प्रतिवेदन स्विकृतको लागि प्रस्ताव गर्दछु

यसलाई स्वीकृत गर्न हुन्छ भन्नेले हुन्छ र स्वीकृत गर्न हुन्न भन्नेले हुन्न भन्नुहोला !

स्वीकृत गर्न हुन्छ भन्नेले हुन्छ भन्नुस !

स्वीकृत गर्न हुन्न भन्नेले हुन्न भन्नुस !

स्वीकृत गर्न हुन्न भन्ने सदस्यहरुबाट आवाज नआएकोले आजको यस नगरसभामा पेश भएको न्यायीक समितिको प्रतिवेदन सर्वसम्मत रुपमा स्वीकृत भएको घोषणा गर्दछु।

आर्थिक विकास समितिका संयोजक छविलाल रेश्मीमगरद्वारा यस नगरसभामा प्रस्तुत गरिएको आर्थिक विधेयक र विनियोजन विधेयक स्वीकृतिको लागि प्रस्ताव गर्दछु

यसलाई स्वीकृत गर्न हुन्छ भन्नेले हुन्छ र स्वीकृत गर्न हुन्न भन्नेले हुन्न भन्नुहोला !

स्वीकृत गर्न हुन्छ भन्नेले हुन्छ भन्नुस !

स्वीकृत गर्न हुन्न भन्नेले हुन्न भन्नुस !

स्वीकृत गर्न हुन्न भन्ने सदस्यहरुबाट आवाज नआएकोले आजको यस नगरसभामा पेश भएको आर्थिक विधेयक, २०८० र विनियोजन विधेयक, २०८० सर्वसम्मत रुपमा स्वीकृत भएको घोषणा गर्दछु।

विधायन समितिका संयोजक श्री बाबुराम अर्यालद्वारा प्रस्तुत विधायन समितिको प्रतिवेदन स्वीकृतिको लागि पेश गर्दछु

यसलाई स्वीकृत गर्न हुन्छ भन्नेले हुन्छ र स्वीकृत गर्न हुन्न भन्नेले हुन्न भन्नुहोला !

स्वीकृत गर्न हुन्छ भन्नेले हुन्छ भन्नुस !

स्वीकृत गर्न हुन्न भन्नेले हुन्न भन्नुस !

स्वीकृत गर्न हुन्न भन्ने सदस्यहरुबाट आवाज नआएकोले आजको यस नगरसभामा पेश भएको विधायन समितिको प्रतिवेदन सर्वसम्मत रुपमा स्वीकृत भएको घोषणा गर्दछु।

सुशासन तथा सेवा प्रवाह समितिका संयोजक श्री कमल पौडेलद्वारा प्रस्तुत समितिको प्रतिवेदन स्वीकृतिको लागि पेश गर्दछु

यसलाई स्वीकृत गर्न हुन्छ भन्नेले हुन्छ र स्वीकृत गर्न हुन्न भन्नेले हुन्न भन्नुहोला !

स्वीकृत गर्न हुन्छ भन्नेले हुन्छ भन्नुस !

स्वीकृत गर्न हुन्न भन्नेले हुन्न भन्नुस !

स्वीकृत गर्न हुन्न भन्ने सदस्यहरुबाट आवाज नआएकोले आजको यस नगरसभामा पेश भएको सुशासन तथा सेवा प्रवाह समितिको प्रतिवेदन सर्वसम्मत रुपमा स्वीकृत भएको घोषणा गर्दछु ।

नगर प्रवक्ता एवं पूर्वाधार विकास समितिका संयोजक श्री बिष्णुप्रसाद पौडेलद्वारा प्रस्तुत गरिएको नगरका सार्वजनिक महत्व एवं समसामयिक विषयहरुलाई स्वीकृतिको लागि पेश गर्दछु ।

यसलाई स्वीकृत गर्न हुन्छ भन्नेले हुन्छ र स्वीकृत गर्न हुन्न भन्नेले हुन्न भन्नुहोला !

स्वीकृत गर्न हुन्छ भन्नेले हुन्छ भन्नुस !

स्वीकृत गर्न हुन्न भन्नेले हुन्न भन्नुस !

स्वीकृत गर्न हुन्न भन्ने सदस्यहरुबाट आवाज नआएकोले आजको यस नगरसभामा पेश भएका सार्वजनिक महत्व एवं समसामयिक प्रस्तावहरुलाई सर्वसम्मत रुपमा स्वीकृत भएको घोषणा गर्दछु ।

**नगरसभा सदस्यज्यूहरु**

"सम्वृद्ध बाणगङ्गाको मूल आधार, आर्थिक सामाजिक रुपान्तरण सहितको पूर्वाधार" भन्ने यस बाणगङ्गा नगरपालिकाको मूल नारालाई सार्थक बनाउँदै नगरका विभिन्न क्षेत्रमा योगदान पुराउनुहुने व्यक्ति तथा संस्थाहरुलाई सम्मान गर्ने कार्यक्रम रहेको छ । यस कार्यक्रमलाई अगाडी बढाउन म नगरपालिका शिक्षा युवा तथा खेलकुँद शाखा प्रमुख श्री खिम बहादुर जि.सी.लाई अनुरोध गर्दछु ।

**अन्त्यमा**

यस नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रमको तयारीको क्रममा अमुल्य सुझाव दिनुहुने यस नगरपालिका अन्तरगतका राजनितिक दलका पदाधिकारी एवं प्रतिनिधि, संघ संगठन का पदाधिकारी एवं प्रतिनिधि, संघीय माननीय सांसदज्यूहरु, प्रदेश माननीय सांसदहरु, पूर्व सांसदहरु र यस नगरपालिकाका समस्त नगरबासी आमावुवा दाजुभाई दिदिवहिनी सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै बाणगंगा नगरपालिकाको आजको यस १३औं नगरसभालाई व्यवस्थित र मर्यादित ढंगबाट अगाडी बढाउन सहयोग गर्ने सबै नगर सभा सदस्यज्यूहरु र कार्यक्रम व्यवस्थापन गर्ने सबै राष्ट्रसेवक कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

आजको यो १३औं नगरसभा यही समापन भएको घोषणा गर्दछु ।

**चक्रपाणी अर्याल**

**नगर प्रमुख**

अनुसूची-६

# बाणगंगा नगरपालिकाको तेह्रौं नगरसभाको बैठकमा नगर उपप्रमुख श्री रीता कुमारी चौधरीद्धारा प्रस्तुत

# आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम

## ०९ आषाढ, २०८०

सभाध्यक्ष महोदय,

नगरसभाका सदस्यज्यूहरु,

उपस्थित महानुभावहरु ।

१. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको तीन तहका सरकारहरु मध्ये स्थानीय सरकारको रुपमा स्थापित यस बाणगंगा नगरपालिकाको उप-प्रमुखको हैसियतले नेपालको संबिधानको धारा २३० एवं स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम गत वर्ष सम्पन्न दोश्रो कार्यकालको लागि स्थानीय तहको निर्वाचन पश्चात जिम्मेवारी सम्हाले पछिको दोश्रो आर्थिक वर्ष २०८०/०८१ को आय-व्यय विवरण (बजेट) यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु ।

२. राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि मुलुकमा राजनैतिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक विकास सहितको समृद्ध र समुन्नत विकास गर्न, आफ्नो शासन आफै वा आफ्नो प्रतिनिधि मार्फत गराई गणतन्त्रलाई संस्थागत गर्न र अग्रगामी परिवर्तनका लागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । यस क्रममा भएका घाइते, अपाङ्ग, शहिद परिवार, बेपत्ता नागरिक र तिनका परिवारहरुको समेत स्मरण गर्दै परिवर्तनको लागि अग्रणी भूमिका निर्वाह गर्नु हुने व्यक्तित्वहरु र आम जनसमूदायमा हार्दिक सम्मान प्रकट गर्न चाहन्छु । साथै कोभिड-१९ महामारी र अन्य विपद्का कारण मृत्युवरण गर्नु भएका नागरिकहरुप्रति हार्दिक श्रद्धासुमन तथा परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु ।

३. आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा बिभिन्न पक्षहरुसँग प्रत्यक्ष अन्तर्क्रिया तथा लिखित राय सुझावहरु माग गरी प्राप्त राय सुझावहरुलाई यथासक्य समेट्ने प्रयास गरेका छौं ।

४. विद्यमान कानूनी प्रावधान बमोजिम बिभिन्न गैरसरकारी संघ संस्थाहरुले स्थानिय तहमा आफ्ना बिकास एवं आर्थिक गतिबिधिहरु संचालन गर्दा स्थानिय तहको बार्षिक कार्यक्रममा आफ्ना कार्यक्रमहरु समावेश गर्नु पर्ने व्यवस्था अनुरुप नगरपालिकाबाट जारी सूचना अनुरुप प्राप्त कार्यक्रमहरुलाई बार्षिक कार्यक्रममा समावेश गरेर कार्यक्रम संचालन गरीने व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

५. बजेट तर्जुमा गर्ने क्रममा नेपालको संबिधान, नेपाल सरकारद्वारा स्वीकृत कार्य बिस्तृतिकरण प्रतिबेदन, दिगो बिकासका लक्ष्यहरु, नेपाल सरकारको आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट बक्तव्य, लुम्बिनी प्रदेश सरकारको आ.व. २०८०/०८१ को नीति, कार्यक्रम र बजेट बक्तव्य, बाणगंगा नगरपालिकाको आ.ब. २०८०/०८१ को नीति तथा कार्यक्रम, बिभिन्न व्यक्ति/संस्थाहरुबाट प्राप्त राय सुझाव मार्ग निर्देशन, पन्ध्रौं आवधिक योजना, लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना, बाणगंगा नगरपालिको प्रथम आवधिक योजना र मध्यमकालिन खर्च संरचना, संघ एवं प्रदेशका माननीय सदस्यज्यूहरुबाट प्राप्त राय सुझावहरुलाई मार्ग निर्देशनको रुपमा लिनुका साथै राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र लगायत सरोकारवालाहरुबाट प्राप्त राय/सुझावहरुलाई मूख्य आधार बनाईएको छ ।

६. उच्च वित्तीय एवं भौतिक प्रगती साथै पूँजि निर्माणको लागि चालु आर्थिक वर्षका कतिपय हाम्रा कार्यक्रमहरु संसोधन गरेर पुन: प्राथमिकिकरण गर्नु परेको अवस्था जानकारी गराउन चाहन्छु ।

७. स्थानीय अर्थतन्त्रमा प्रभाव पार्ने आन्तरिक एवं बाह्यय कारण, विपद् लगायतका बिषय र हाम्रो भौगोलिक विशेषता, संभावनाका क्षेत्रहरु अनूकुल अर्थतन्त्रमा जोड दिने कुरामा यो बजेट केन्द्रित रहेको छ । साथै बजेटले पूँजिगत खर्चलाइ उच्च प्राथमिकता दिने र चालु खर्चलाइ वान्छित सिमा भित्र राख्ने उद्देश्य लिएको छ ।

८. हाम्रो स्थानिय तहको नाम नै ऐतिहासिक आधारमा मूखरित भएको **"बाणगंगा"** आफैमा पावन भूमी हो । बाणगंगाबासी जनताको भाग्य र भविष्यको निर्धारण गर्न निर्वाचित हामी जनप्रतिनिधिहरु माझ थुप्रै चुनौतीहरु कायमै

छन् । विद्यमान चुनौतीका बाबजुद बाणगंगा नगरपालिकालाई सवल, सक्षम र समृद्ध नगरपालिका बनाउने हाम्रो प्रयासमा आम नागरिक देखि संघीय सरकार र प्रदेश सरकारको पनि साथ रहेको छ ।

९. संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, कानून एवं मन्त्रालयहरुबाट प्राप्त दिग्दर्शनका आधारमा सहभागितामूलक र साझेदारीताको माध्यमबाट स्थानीय जनताका जनजीविकाका समस्याहरु हामी आफै समाधान गर्ने अठोटकासाथ यो वजेट तथा कार्यक्रम तर्जुमा भएको छ ।

१०. नगरपालिकालाई प्राप्त हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत स्थानिय तहको कोषमा प्राप्त हुने सबै प्रकारका रकम/कलम तथा श्रोत साधनहरुलाई एकिकृत गरी गरीब, महिला, बालवालिका तथा सामाजिक/आर्थिक दृष्टिकोणबाट पिछडिएको वर्ग र समूदाय एवं क्षेत्रको समेत पहुँच, स्वामित्व र अपनत्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह र जनसहभागिता परिचालनबाट विकास निर्माण कार्य अगाडि बढाउन हामी प्रतिबद्ध रहेको ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

११. अब म नगरपालिकाले विकासका क्रियाकलापहरु जनमूखी, पारदर्शी, समतामूलक, सहभागितामूलक, दिगो, भरपर्दो र गुणस्तरीय बनाउन पर्याप्त संभावना र अवसर हुँदाहुँदै पनि हाम्रा सामु देहायका समस्या एवं चुनौतीहरुले कतिपय विकासका प्रक्रियाहरु सम्पादन गर्न कठिन भएको ब्यहोरा यस सम्मानित सभा समक्ष राख्न चाहन्छु ।

- बसाइ सराईबाट आउने जनसंख्याको ब्यवस्थापन, शहरी ब्यवस्थापन, फोहरमैला ब्यवस्थापन, छाडा चौपाया ब्यवस्थापन एवं रोजगारीको श्रृजना साथै खेती योग्य जमिनमा कृषिको आधुनिकिकरण एवं व्यवसायिकरणको बिषय,
- श्रोत/साधनको कमि, समूदाय र वडाबाट माग गरिने योजना अत्यधिक हुनु, उपभोक्ता समितिलाई यथार्थपरक ढंगले परिचालन गर्ने बिषय,
- योजना अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामूखि र वस्तुपरक बनाउने बिषय,
- शैक्षिक सुशासन, गुणस्तरीय शिक्षा तथा शैक्षिक क्षेत्रका कानूनी बिषयहरु,
- तुलनात्मक लाभका वस्तुहरु पहिचान गरी उत्पादनलाई तिब्रता दिने बिषय,
- स्थानीय उपभोक्ता समितिको विकास प्रक्रियामा व्यवसायिकताको विकास गर्ने बिषय,
- आन्तरिक एवं बाह्यय कारण तरलता अभाव, विपद्/महामारी आदिका कारण श्रृजित कुराहरुले तय गरेको भावी कार्यदिशा,
- शिपयूक्त र दक्ष जनशक्तिको पर्याप्त उपलब्धताको बिषय,

१२. अब म नगरपालिकाको महत्वपूर्ण अवसरहरुका बिषयमा जानकारी गराउने अनुमति चाहन्छु ।

- उपयूक्त भौगोलिक अवस्थिति,
- उद्यमशिलता बिकास र आय आर्जनको प्रशस्त संभावना,
- आधारभूत पूर्वाधार बिकास एवं राष्ट्रिय राजमार्गको उपलब्धता,
- आन्तरिक श्रोत परिचालनको प्रशस्त संभावना,
- बिभिन्न Indicators हरुले सु-शासनको पक्षमा मजबुत,
- क्षमता उन्मुख नीजी क्षेत्र, सहकारी र नागरीक समाज ।

सभाध्यक्ष महोदय,

१३. अब म नगरपालिकाको समग्र स्थितिको बारेमा जानकारी गराउन चाहन्छु ।

(क) गत वर्ष सम्पन्न स्थानीय तहको दोश्रो निर्वाचन पछि हामी पद बहाली गरे पश्चात साबिक स्थानीय तहबाट भए गरेका गतिविधिद्वारा हामीहरुलाई धेरै सहज भएको व्यहोरा महशुस गरेका छौं।

(ख) हाल सम्मका स्थानीय तहका कार्यानुभवको कारण आ.व. २०७९/०८० को बजेट र कार्यक्रम कार्यान्वयनको अन्तिम चरणमा आईपुग्दा स्थानीय तहको संबैधानिक व्यवस्थाको औचित्य पुष्टी भएका कारण - शासन संचालनका धेरै पूर्वाधारहरु स्थापित भएका छन्।

(ग) चालु आ.व.मा कार्यान्वयन गर्ने गरी छनौंट भई संचालित योजनाहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका र केहि सिमीत योजनाहरु बाहेकका योजना/कार्यक्रमहरु पूर्ण हुँदा नगरपालिकाको समग्र विकासमा उल्लेख्य प्रगती भएको महशुस हुने छ ।

(घ) आर्थिक एवं भौतिक प्रगतीको अवस्था देखिने गरी अनुसूचीमा व्यवस्थित गरिएको र संघीय एवं प्रदेश राजस्व बाँडफाँडको रकम प्रतिबद्धता अनुरुप प्राप्त हुने, आन्तरिक राजश्व असुली वार्षिक अनुमान भन्दा बढी हुने अनुमान छ ।

(ङ) गत आ.व. हरुमा र चालु आ.व. २०७९/०८० मा प्रशस्तै अनुकरण गर्न लायक पूँजी निर्माणका कामहरु सम्पन्न भएका छन् ।

(च) पिपरा अस्पताललाइ १५ शैयाको आधारभूत अस्पताल बनाउने उद्देश्य अनुरुप भौतिक पूर्वाधारका कामहरु भएका छन् । सामुदायिक विद्यालयहरु लगायत नमुना मा.वि. पिपराका उत्कृष्ट भवनहरु सम्पन्न एवं सम्पन्नको चरणमा रहेका छन् ।

(छ) शैक्षिक पूर्वाधार अन्तर्गत बिशेष अनुदान, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम र नगरपालिकाको शैक्षिक पूर्वाधार कार्यक्रमवाट नमूनायोग्य पूंजी निर्माणका कामहरु सम्पन्न भएका छन् ।

(ज) सामाजिक विकास अन्तर्गत विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक तालिमको सञ्चालन तथा शैक्षिक सामग्रीको वितरण कार्यमा जोड दिईएको छ । विभिन्न किसिमका नेतृत्व विकास तथा सीपमुलक तालिमको सञ्चालन र सम्पन्न, शिक्षक पदपूर्ति जस्ता महत्वपूर्ण गतिविधीहरु सम्पन्न भएका छन् ।

(झ) सडक सन्जालद्वारा नगरपालिकाको अन्तर आबद्धतामा उल्लेख्य बृद्धि भएको छ ।

(ञ) गरिबी निवारणको लागि लघु उद्यम बिकास कार्यक्रम (MEDPA), प्रधानमन्त्री रोजगार कार्यक्रम, सुरक्षित आप्रवासन (SAMI) जस्ता कार्यक्रमहरुवाट उद्यमशिलता विकास, न्यूनतम रोजगारी र सामाजिक परिचालनका महत्वपूर्ण उपलब्धीहरु हासिल भएका छन् ।

(ट) सहकार्य र समन्वयको क्षेत्रमा हाम्रो दायरा फराकिलो भएको छ । सुशासनको क्षेत्रमा महत्वपूर्ण उपलब्धीहरु भएका छन् । स्थानिय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) र बित्तीय जोखिम मूल्याङ्कन (FRAP) मा हाम्रो स्तर उत्साहजनक रहेको छ ।

(ठ) भू-उपयोग नीति, ऐन/नियम बमोजिम मापदण्ड निर्माण गरी जग्गा बर्गिकरणको महत्वपूर्ण काम सम्पन्न भएको छ । सो अनुरुप जग्गाको उपयोगमा सहज वातावरण सिर्जना भएको छ साथै आन्तरिक राजस्व परिचालनमा महत्वपूर्ण भूमीका निर्वाह गरेको छ ।

(ड) न्याय निरुपणको क्षेत्रमा न्यायिक समितिले संस्थागत रुप लिनुका साथै न्यून उजुरी र उच्च फर्छौटले हामीलाइ उत्साहित बनाएको छ ।

१४. अब म नगरपालिकाको आगामी कार्यदिशाको बारेमा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

- समावेशीकरण, सुशासन, सन्तुलित विकास र समृद्धिका सवाल देश विकासको अबको प्रमुख कार्यसूची बनेको छ। सामाजिक न्याय र सुशासन विकास र समृद्धिको लागि पूर्वसर्तको रुपमा रहेका हुन्छन् ।
- समावेशीकरण र सामाजिक न्याय, कानून तथा विधिको शासन, सरकारी, नीजि, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जवाफदेहिताको उच्चतम अभ्यास गरीनेछ । साथै समाजमा बढ्दै गईरहेको बिकृती/बिसंगती विरुद्ध सदाचार पद्धतिको अबलम्बन र सामाजिक जवाफदेहिताका औजारहरुको एकीकृत र सचेत अभ्यास गरीनेछ ।
- हाम्रो लक्ष्य भनेको **"स्वस्थ, सुशिक्षित र सृजनशील मानव पूँजीको निर्माण"** हो । यस प्रक्रियामा नागरीक समाजसँग साझेदारी र सहकार्य गरीनेछ । **"ज्ञानमा आधारित समाज" (knowledge Based Society) "नव-प्रवर्तन समाज" (Innovative Society)** सिर्जनाका लागि स्थानीय ज्ञान, तकनीकिहरू, संस्कृति तथा व्यवहारहरूको प्रवर्द्धन र उपयोग गरीनेछ ।

**सभाध्यक्ष महोदय,**

१५. अव म मिति २०८०।०३।०२ मा प्रस्तुत नीति तथा कार्यक्रम बमोजिम आगामी आर्थिक वर्ष २०८०।०८१ को बजेटका उद्देश्यहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(क) जनतामा उद्यमशिलताको विकास गरी स्थानीय अर्थतन्त्रलाई चलायमान बनाँउदै जनताको जीवनस्तर, आम्दानी र रोजगारीका अवसरहरुको सिर्जना गर्ने,

(ख) बिपदबाट नागरिकको जीवन रक्षा र जनजीवनलाई सुरक्षित बनाउने साथै जनताको मौलिक हक अधिकारको रक्षा गर्दै सामाजिक परिचालन र सामाजिक एकता कायम गर्ने, साथै लक्षित एवं सिमान्तकृत समुदायको उत्थान हुने गरि सामाजिक न्यायलाई केन्द्रमा राख्ने,

(ग) उपलब्ध श्रोत/साधनहरुको प्रभावकारी रुपले परिचालन गर्दै विकासका सबै आयामहरु समेट्ने गरी योजना छनौट एवं बजेट बिनियोजन गरी कार्यान्वयन गर्ने,

(घ) छनौट भएका योजना/कार्यक्रमहरुको कार्यान्वियन संयन्त्र निर्माण र अनुगमन/मूल्याङकनलाई प्रभावकारी बनाउने,

१६. संबिधानको भावना र मर्म अनुरुप दिगो शान्ति, सुशासन, बिकास र समृद्दीको आकाङक्षा पुरा गर्न स्थानिय सरकारले आवधिक योजना, बार्षिक योजना, रणनीतिक बिषय, बिषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन योजना बनाइ लागु गर्ने प्रावधान बमोजिम बाणगंगा नगरपालिका सोही बाटोमा अग्रसर रहेको ब्यहोरा यस सम्मानित सभा समक्ष स्मरण गराउन चाहन्छु ।

१७. अब म नेपालको संबिधानमा उल्लेखित मौलिक हक, राज्यका निर्देशक शिद्दान्त र नीतिहरु, स्थानिय सरकार संचालन ऐन एवं दिगो बिकासका लक्ष्यहरु र बाणगंगा नगरपालिकाको आवधिक योजना र बार्षिक नीति र कार्यक्रमहरु समेतका आधारमा बजेटका प्राथमिकताहरु तपशिल बमोजिम हुने ब्यहोरा यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(क) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्दी गर्ने,

(ख) उद्यमशिलता बिकास र आय आर्जन,

(ग) दिगो र वातावरण मैत्री पूर्वाधार बिकास र बिपद ब्यवस्थापन,

(ङ) गुणस्तरिय शिक्षा/स्वास्थ्य, सामाजिक बिकास, सामाजिक परिचालन र सामाजिक परिवर्तन,

(च) सुशासन, सार्वजनिक सेवा प्रवाह र मानव संसाधन बिकास ।

सभाध्यक्ष महोदय,

अब म गत आ.व. २०७८/०७९ को समष्टिगत आर्थिक प्रगतिको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१८. गत आ. व. २०७८/०७९ मा कूल आय अनुमान १ अर्ब १४ करोड ९८ लाख ६७ हजार १ सय ४० रहेकोमा वास्तविक आय १ अर्ब १३ करोड ०५ लाख ५४ हजार ९ सय १३ रहेको थियो। समग्र खर्चको संक्षिप्त समिक्षा गर्दा वास्तविक आय रू.१ अरब १३ करोड ०५ लाख ५४ हजार ९ सय १३ मध्ये चालुतर्फ रु. ६६ करोड ९० लाख ६० हजार विनियोजन गरिएकोमा रु. ५४ करोड ७४ लाख ९८ हजार ७ सय ३७ खर्च भई ८१.८३ प्रतिशत र पूँजिगत खर्चतर्फ रू. ४८ करोड ८ लाख ६ हजार ६ सय २१ विनियोजन गरिएकोमा रु. ३२ करोड ६८ लाख ८७ हजार ४ सय ६६ खर्च भई ६७.९८ प्रतिशत गरी जम्मा ७६.०४ प्रतिशत खर्च प्रगति भएको थियो।

अब म चालु आ.व.को समष्टिगत बित्तीय प्रगति प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१९. चालु आ. व. २०७९/०८० मा कूल आय अनुमान १ अर्ब २८ करोड ८२ लाख ४६ हजार ९ सय ८९ रहेकोमा जेष्ठ मसान्तसम्म १ अर्ब ८ करोड ७७ लाख ६० हजार ४ सय १८ प्राप्त भएको छ। आन्तरिक आम्दानीको समिक्षा गर्दा प्रस्तावित आय रू. ६ करोड ७२ लाख ८१ हजार ७ सय ६१ अनुमान गरिएकोमा २०८० जेष्ठ मसान्तसम्म रू. ५ करोड ८४ लाख ५८ हजार ९ सय १२ मात्र असुली भई ८६.८८ प्रतिशत आन्तरिक आयतर्फको लक्ष्य प्राप्त गरिएको छ भने वार्षिक लक्ष्य भन्दा बढी हुने संसोधित अनुमान छ।

२०. चालु आर्थिक वर्ष २०७९।०८० को खर्चको संक्षिप्त समिक्षा गर्दा प्रस्तावित आय रू.१ अरब २८ करोड ८२ लाख ४६ हजार ९ सय ८९ मध्ये चालुतर्फ रु. ७० करोड ९१ लाख ९३ हजार ९ सय ८७ विनियोजन गरिएकोमा २०८० जेष्ठ मसान्तसम्म रु. ४५ करोड ७१ लाख ५९ हजार २ सय ४६ खर्च भई ६४.४५ प्रतिशत र पूँजिगत खर्चतर्फ रू.५७ करोड ९० लाख ५३ हजार २ विनियोजन गरिएकोमा रु. २६ करोड ७४ लाख ३२ हजार ७ सय १९ खर्च भई ४६.१८ प्रतिशत गरी जम्मा ५६.२४ प्रतिशत खर्च प्रगति भएको छ। आगामी आषाढ मसान्तसम्म करिब ८५ प्रतिशत भन्दा बढी खर्च हुन सक्ने संशोधित अनुमान गरिएको रहेको छ।

सभाध्यक्ष महोदय,

नगरसभाका सदस्यहरु तथा महानुभावहरु अब म आ.व. २०८०।८१ को आय र व्ययको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु।

| स्रोत अनुमान | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | कार्यक्रम | नगर | संघ | प्रदेश | जम्मा |
| १ | वित्तिय सामनिकरण संघ र प्रदेश | | १८ करोड ३७ लाख | १ करोड ४१ लाख २१ हजार | १९ करोड ७८ लाख २१ हजार |
| २ | सशर्त (पुँजिगत) | | ३ करोड ४५ लाख | १ करोड ३२ लाख | ४ करोड ७७ लाख |
| ३ | सशर्थ (चालु) | | ४४ करोड ९५ लाख | ५८ लाख | ४५ करोड ५३ लाख |
| ४ | विशेष | | ५० लाख | | ५० लाख |
| ५ | समपुरक | | ६० लाख | १ करोड ५० लाख | २ करोड १० लाख |
| ६ | राजश्व बाँडफाँड | २ करोड ७५ लाख | १५ करोड ३२ लाख ७१ हजार | ६ करोड ६ लाख २ हजार ७ सय ४९ | २४ करोड १३ लाख ७४ हजार |
| ७ | आन्तरिक | २२ करोड ८१ लाख ४० हजार ६ सय ८४ | | | २२ करोड ८१ लाख ४० हजार ६ सय ८४ |
| ८ | जनसहभागिता | ३ करोड ५० लाख | | | ३ करोड ५० लाख |

| स्रोत अनुमान | | | | | |
|---|---|---|---|---|---|
| सि.न. | कार्यक्रम | नगर | संघ | प्रदेश | जम्मा |
| ९ | सामाजिक सुरक्षा | | ३७ करोड | | ३७ करोड |
| | जम्मा | २९ करोड ६ लाख ४० हजार ६ सय ८४ | ८३ करोड १९ लाख ७१ हजार | १० करोड ८७ लाख २३ हजार ७ सय ४९ | १ अर्ब ६० करोड १३ लाख ३५ हजार ४ सय ३३ |

माथि उल्लेख भए बमोजिम संघीय सरकारबाट प्राप्त शसर्त चालु बजेट रु. ४४ करोड ९५ लाख, पूँजीगत रु. ३ करोड ४५ लाख, संघीय विशेष रु. ५० लाख, संघीय समपुरक रु. ६० लाख गरी जम्मा रु. ४९ करोड ५० लाख, प्रदेश सरकारबाट प्राप्त शसर्त चालु रु.५८ लाख, पूँजीगत रु. १ करोड ३२ लाख , प्रदेश समपुरक रु. १ करोड ५० लाख गरी जम्मा रु. ३ करोड ४० लाख, सामाजिक सुरक्षातर्फ रु. ३७ करोड र योजना तथा कार्यक्रमको लागत सहभागिता रु. ३ करोड ५० लाख गरी जम्मा रु. ९३ करोड ४० लाख बराबरका योजनाहरु सम्बन्धित क्षेत्रहरुमा शर्त सहित प्राप्त भएकोले उक्त उल्लेखित बजेट बराबर रकमको योजनाहरु बनाई रहनु परेन। बाँकी रु. ६६ करोड ७३ लाख ३५ हजार ४ सय ३३ बजेट समेतबाट रकम विनियोजन गर्दा आर्थिक विकासमा रु. ६ करोड ८७ लाख ७० हजार १ सय ७०, सामाजिक विकासतर्फ रु. ८८ करोड १४ लाख ५४ हजार ३ सय ४, पूर्वाधार विकासमा रु. ४१ करोड ४० लाख ९६ हजार १ सय २, वन वातावरण तथा विपद व्यवस्थापनमा रु. १ करोड ६३ लाख ३४ हजार ९ सय ८१ र संस्थागत सुशासनको क्षेत्रमा रु. २२ करोड ६ लाख ७९ हजार ८ सय ७६ गरी जम्मा रु. १ अरब ६० करोड १३ लाख ३५ हजार ४ सय ३३ बराबरको बजेट बाडँफाँड गरिएकोछ।

२१. पूर्वाधार निर्माण तर्फ चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्ममा ६,९७७ मिटर सडक कालोपत्रे, ३१,७७४ मिटर सडक ग्राभेल, ६९८ मिटर सडक ढलान, १३,५९१ मिटर सडक ग्राभेल मर्मत गर्ने काम सम्पन्न भएका छन्। ७५४ मिटर लकिंग ब्लक ३,७६५ मिटर नाली, २,३३३ मिटर कूलो तथा १,५६६ मिटर साना सिंचाई नहर निर्माण गर्ने काम सम्पन्न भएका छन्। २९ स्थानमा कल्भर्ट, ५,०६६ मिटर विद्युत लाइन विस्तार, ८ वटा विभिन्न सामुदायिक भवन निर्माण तथा मर्मत, १० वटा मन्दिर, ५ वटा प्रतिक्षालय, ३७ वटा खानेपानी धारा जडान भएका छन्। १० वटा बिद्यालय भवन र १ मदरसाको भवन निर्माण सम्पन्न भएका छन। क्रमागत योजना अन्तर्गत वडा न. ५ को प्रशासनिक भवनको ठेक्का बन्दोवस्त भई निर्माणको चरणमा रहेको र वडा न. १ को प्रशासनिक भवनको ठेक्का बन्दोवस्तका लागि सूचना प्रकाशनको चरणमा रहेको छ। डि.पि.आर. बमोजिम कृषि उपज संकलन केन्द्रको निर्माण कार्य भई रहेको छ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्षको समष्टिगत प्रस्तावित आम्दानी र खर्चको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२२. यस नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ मा संघिय सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रु. १८ करोड ३७ लाख, सशर्त अनुदान रु. ४८ करोड ४० लाख, राजस्व बाँडफाँड रु. १५ करोड ३२ लाख ७१ हजार, समपुरक अनुदान रु. ६० लाख, विशेष अनुदान रु.५० लाख र प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रु. १ करोड ४१ लाख २१ हजार, सशर्त अनुदान रु. १ करोड ९० लाख, राजस्व बाँडफाँड रु. ६ करोड ०६ लाख २ हजार ७ सय ४९, समपुरक अनुदान रु. १ करोड ५० लाख, आन्तरिक आय र मौज्दात रकम अल्या सहित रु. २२ करोड ८१ लाख ४० हजार ६ सय ८४ , लागत सहभागिता रु. ३ करोड ५० लाख गरी जम्मा रु.१ अर्ब २३ करोड १३ लाख ३५ हजार ४ सय ३३ आय हुन सक्ने अनुमान गरेको छु।

२३. सामाजिक सुरक्षा कार्यक्रमका लागि रु ३७ करोड, नगरपालिका र अन्तरगत कार्यालयमा कार्यरत कर्मचारीहरुको तलब भत्ता, कार्यालय संचालन तथा अन्य प्रशासनिक कार्यका लागि रु १६ करोड २७ लाख खर्च हुने अनुमान गरेको

छ। क्षेत्रगत बजेट विनियोजन अनुसार आर्थिक विकासतर्फरु. ६ करोड ८७ लाख ७० हजार १ सय ७०, सामाजिक विकासतर्फ रु. ८८ करोड १४ लाख ५४ हजार ३ सय ४, पूर्वाधार विकासमा रु. ४१ करोड ४० लाख ९६ हजार १ सय २, वन वातावरण तथा विपद व्यवस्थापनमा रु. १ करोड ६३ लाख ३४ हजार ९ सय ८१ र संस्थागत सुशासनको क्षेत्रमा रु. २२ करोड ६ लाख ७९ हजार ८ सय ७६ बजेट विनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,
अब म आगामी आर्थिक वर्ष २०८०/ ०८१ को क्षेत्रगत विनियोजन बजेट अन्तर्गत **आर्थिक विकास** तर्फको प्राथमिकीकरण एंव विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।

२४. आवधिक योजनाले परिकल्पना गरेको **"कृषिको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी खाद्य सुरक्षा, रोजगारी श्रृजना तथा जीवनस्तरमा सुधार ल्याउने"** दीर्घकालीन सोंच रहेको छ। कृषि उत्पादनलाई वृद्धि गर्न उन्नत जातको वीउ बिजन, कृषि औजार र सामग्रीहरु कृषक तथा कृषक समूहहरुलाई निःशुल्क तथा लागत साझेदारीमा वितरण गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा प्रोत्साहन गरिएको छ।

२५. कृषक एबं पशुपालकहरुको मागलाई आवश्यकता बमोजिम पहिचान गरी सिमित साधन र स्रोतको बाबजुद विभिन्न अनुदान दिने कार्यक्रमहरु समावेश भएका छन्। कृषक र प्राविधिक वीच सहज पहुच एंव निरन्तर भेटघाट र परामर्शको लागि एक कृषि स्नातक र एक भेटेरिनरी डाक्टर करार सेवामा लिने व्यवस्था मिलाइएको छ भने कृषि तर्फको Roving JTA र पशु सेवा प्राविधिक तर्फको सामाजिक परिचालकलाई निरन्तरता दिईएको छ।

२६. कृषि क्षेत्रको विकासका लागी ८५ प्रतिशत अनुदानमा साना सिँचाई कार्यक्रम तर्फ रु.२८ लाख, ५० र ७५ प्रतिशत अनुदान दिने गरी मागमा आधारित व्यवसायिक कृषि कार्यक्रम संचालनका लागी रु. ६४ लाख बजेटको व्यवस्था मिलाईएको छ।

२७. कृषि यान्त्रिकरण कार्यक्रमका लागि रु. १५ लाख, कृषि उपज भण्डारणका लागि कोल्ड च्याम्बर स्थापना गर्न रु. ७ लाख ५० हजार र बसन्ते मकै प्रबर्द्धन कार्यक्रमका लागि रु. १० लाख बजेट विनियोजन गरिएको छ।

२८. तेलहन वाली अन्तर्गत सूर्यमुखी प्रबर्द्धनका लागि रु. १० लाख, धानबाली प्रबर्द्धनका लागि रु. १० लाख र मकै बाली प्रबर्द्धनका लागि रु. ९ लाख ७५ हजार वजेट विनियोजन गरिएको छ।

२९. खाद्यान्न वालीको उन्नत बिउ उपयोगमा अनुदान, उन्नत बिउ बितरकलाई प्रोत्साहन, किसान सूचिकरण, कृषि,पशुपन्छी, मत्स्य तथ्यांक अद्यावधिकका लागि रु. १४ लाख ५० हजार वजेट विनियोजन गरिएको छ।

३०. गहुं बाली, तरकारी बाली पकेट विकास कार्यक्रमहरुको निरन्तरताका लागि रु. ११ लाख वजेट विनियोजन गरिएको छ।

३१. माटो जाँच शिबिर, आई. पि. एम. कृषक पाठशाला, आकस्मिक बाली संरक्षण, कृषि मेला प्रदर्शनी, बाली उपचार शिबिर तथा बिषादी सचेतना कार्यक्रम, परम्परागत तथा रैथाने बाली प्रबर्द्धनका लागि रु.१६ लाख ५० हजार बजेट बिनियोजन गरिएको छ।

३२. एक वडा एक उत्पादन कार्यक्रमका लागि रु. १० लाख, डिजिटल कृषि प्रविधी सम्वन्धी अभिमुखीकरणका लागि रु. ५ लाख, वडा न. ३ को डिप ट्युववेल निरन्तरका लागि रु. १० लाख बजेट विनियोजन गरिएको छ।

३३. साना व्यवसायीक कृषि उत्पादन केन्द्र कृषि तथा पशु कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

३४. पशु आहार सेवाका लागि हिउदे, वर्षे र बहु वर्षे घाँस, बर्षिम तथा विभिन्न प्रजातिका घाँस बिउ खरिद गरी वितरण गर्नका लागि १४ लाख २५ हजार बजेट विनियोजन गरिएको छ।

३५. पशु उपचार कार्यक्रम अन्तर्गत औषधि खरिद एवम् उपचारका लागि रु. १५ लाख ५० हजार बजेटको व्यवस्था मिलाइएको छ।

३६. गाई, भैसी, कुखुरा, बाख्रा, बंगुर र माछा जस्ता पशुपालन व्यवसायिक प्रोत्साहनका लागि ५० र ७० प्रतिशत अनुदानमा आधारित विभिन्न कार्यक्रम सञ्चालनका लागि ३६ लाख बजेट विनियोजन गरिएको छ।

३७. पशु स्वास्थ्य नियमन, पशु आहार सेवा, पशु स्वास्थ्य तथा उपचार, पशु रोग तथा प्रयोगशाला, कृतिम गर्भाधान, पशु खोप सेवा लगायत मासु मिसन जस्ता पशु विकास तथा सचेतना कार्यक्रम संचालनका लागि रु. २८ लाख वजेट विनियोजन गरी पशु सेवा कार्यक्रम प्रबर्द्धनका लागि प्रोत्साहान गरिएको छ।

३८. सहकारीहरुको व्यवस्थापन तथा एकिकरणको शुरुवात भएको छ।

३९. सामाजिक सुरक्षा भत्तालाई बैंक मार्फत प्रत्येक वडामा सहज पहुँच हुनेगरी वितरण गर्ने व्यवस्था मिलाईएको छ।

४०. कोभिड विरुद्धको खोप लक्षित वर्गका सबै नगरबासीलाई लगाई पूर्ण खोप नगरपालिका घोषणा गरि सकिएको र बुस्टर खोपलाई निरन्तरता दिइने व्यवस्था मिलाईएको छ।

४१. आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लक्षित वर्गको समान पहुँच स्थापित गरिएको छ।

४२. समावेशी सहभागीता सहित सीमान्तकृत समुदायको सामाजिक रुपान्तरणका लागि विनियोजित लक्षित तर्फका आय आर्जन तथा सिपमुलक कार्यक्रमहरु सञ्चालन भएका छन्।

४३. युवाहरुलाई रोजागारीमा आकर्षित गर्न कामका लागि पारिश्रमिक कार्यक्रमका लागि रु.५३ लाख ८६ हजार रकम विनियोजन गरिएको छ।

४४. बैदेशिक रोजगारलाइ सुरक्षित, मर्यादित, भरपर्दो बनाउन समुदाय अभिमुखिकरण कार्यक्रम, रिटर्नी स्वयंसेवक परिचालन, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता जस्ता कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।

४५. नगरमा क्रियाशिल सहकारीहरुको क्षमता अभिबृद्धिका लागि सहकारी सचेतना कार्यक्रम, सहकारी शिक्षा, नेतृत्व विकास र आवश्यक तालीमका लागी आवश्यक बजेट विनियोजन गरिएको छ।

४६. लघु उद्यम सम्बन्धी कार्यक्रमहरु संचालन गरी नयाँ उद्यमीहरु सिर्जना गर्ने, दक्ष उद्यमीहरुलाई प्रवीधी हस्तान्तरण गरी उद्यमशिलताको विकास गर्न आवश्यक व्यवस्था मिलाइएको छ।

४७. आन्तरिक पर्यटन तथा साँस्कृतिक पर्यटन प्रवर्द्धनका लागि नगर क्षेत्र भित्र आधारभुत पूर्वाधार निर्माणका लागी आवश्यक बजेट विनियोजन गरिएको छ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८०/ ०८१ को क्षेत्रगत विनियोजन बजेट अन्तर्गत **सामाजिक विकास** तर्फको विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।

४८. स्थानीय भाषा संस्कृतिको जगेर्ना तथा प्रवर्द्धनका लागि स्थानीय पाठ्यक्रम एवम् शैक्षिक रणनितिक योजना निर्माणका लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ।

४९. नगर भित्रका सामुदायिक विद्यालयहरुका विद्यार्थी संख्याको आधारमा सामुदायिक विद्यालयहरु समायोजन गर्ने र शिक्षकहरुको दरवन्दी मिलान गर्ने कार्यलाई निरन्तरता दिईएको छ।

५०. सामुदायिक विद्यालयका विद्यालय सहयोगीहरुलाई प्रोत्साहन गर्न एक सहयोगी एक साईकल वितरण गर्ने व्यवस्था मिलाएको र शिक्षकहरुको क्षमता विकासका लागि बिभिन्न तालिमहरु दिने व्यवस्था मिलाईएको छ।

५१. प्राथमिक तहको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्नको लागि कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यक्रम तयार गरि लागु गरि सकिएको र संस्थागत सहकार्यमा स्थानीय पाठ्यक्रम छपाईको लागि रु. १० लाख वजेट विनियोजन गरिएको छ।

५२. बालमैत्री स्थानीय शासनले अबलम्बन गरेका सुचकहरु पुरा गरी नगरलाई बालमैत्री नगर घोषणा गरिएको र यसको दिगोपनाको लागि बालमैत्री सहजकर्ता निरन्तरताका लागि १४ लाख ३० हजार बजेटको व्यवस्था मिलाइएको छ।

५३. नगर भित्रका मानविय श्रोत, विकास तथा व्यवस्थापनलाई व्यवस्थित गर्न **"नगर प्रशिक्षण प्रतिष्ठान"** स्थापनाका लागि रु. ५ लाख बजेट विनियोजन गरिएको छ ।

५४. प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता र विद्यालय कर्मचारी व्यवस्थापनका लागि संघीय रु.१ करोड ६४ लाख ७६ हजार र नगरबाट रु. १ करोड २७ लाख ३९ हजार बजेट थप गरी जम्मा रु. २ करोड ९२ लाख १५ हजार अनुदान दिने व्यवस्था मिलाइएको छ ।

५५. विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहनका लागि रु.१ करोड ०७ लाख २७ हजार अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छ । कक्षा ५ र ८ को नगरस्तरीय परीक्षा व्यवस्थापनका लागि आवश्यक रकमको व्यवस्था मिलाइएको छ ।

५६. सर्शत अनुदान तर्फ शैक्षिक क्षेत्रमा विनियोजित बजेट तोकिएको शिर्षकमा मात्र खर्च गर्ने व्यवस्था मिलाईएको र केन्द्रबाट छनौट भएको नमुना विद्यालय शैक्षिक पूर्वाधार निर्माण लागी रु.१ करोड रकम खर्च गर्ने व्यवस्था मिलाइएको छ ।

५७. सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक बितरणका लागि १ करोड १६ लाख ८० हजार, सेनेटरी प्याड व्यवस्थापनका लागि ४८ लाख ३१ हजार, दिवा खाजाका लागि १ करोड ९८ लाख ०४ हजार र छात्रवृतिका लागि ५७ लाख ०७ हजार गरी जम्मा रु. ४ करोड २० लाख २२ हजार बजेट विनियोजन गरिएको छ ।

५८. शैक्षिक पहुंच सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम संचालनका लागि रु. २४ लाख ७३ हजार र बिद्यालय संचालन तथा व्यवस्थापनका लागि रु. ४२ लाख ९४ हजार अनुदान दिने व्यवस्था मिलाइएको छ ।

५९. माध्यमिक र आधारभूत तहको अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोगका लागि रु. १५ लाख ८७ हजार अनुदान दिने व्यवस्था मिलाइएको छ ।

६०. प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थापनका लागि रु. ५२ लाख ३६ हजार अनुदान दिने व्यवस्था मिलाइएको छ ।

६१. शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास तथा सुपरीवेक्षणका लागि रु. १५ लाख ८५ हजार र शैक्षिक क्षतिको परिपुरण तथा सिकाई निरन्तरताका लागि रु.१३ लाख बजेट विनियोजन गरिएको छ ।

६२. नगरस्तरिय मेयरकप, राष्ट्रपति रनिङ शिल्ड कप तथा अन्य खेलकुद कार्यक्रम सञ्चालन तथा सहयोगका लागि २२ लाख बजेट विनियोजन गरिएको छ ।

६३. भाषा, कला, साहित्य, संस्कृति तथा अध्ययन अनुसन्धानलाई संस्थागत गर्न **"बाणगङ्गा प्रज्ञा प्रतिष्ठान"** को स्थापनाका लागि रु. १० लाख वजेटको व्यवस्था मिलाइएको छ ।

६४. आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्त संचार, न्यानो झोला, निशुल्क सुरक्षित गर्भपतन र नवजात शिसुको निशुल्क उपचार सेवा सञ्चालनका लागि रु.३५ लाख ६८ हजार बजेट विनियोजन गरिएको छ ।

६५. मातृ तथा नव शिशु कार्यक्रम, पोषण विशेष कार्यक्रम र किशोर किशोरी तथा परिवार योजना सेवाका लागि रु.१८ लाख ७३ हजार विनियोजन गरिएको छ ।

६६. आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको औषधी खरिदका लागि संघिय सरकार र नगरपालिकाको गरी रु. ४० लाख ८७ हजार बजेट विनियोजन गरिएको छ ।

६७. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको मनोबल उच्च राखि काममा उत्प्रेरित गर्न प्रोत्साहन तथा यातायात खर्च उपलब्ध गराउन रु. ४३ लाख बजेट विनियोजन गरिएको छ साथै संघबाट ५० प्रतिशत र नगरपालिकाबाट ५० प्रतिशत रकम ब्यहोर्ने गरी स्वयंसेविकाहरुको स्वास्थ्य बिमा गर्ने र हित कोष स्थापनाका लागि ४ लाख वजेटको व्यवस्था मिलाइएको छ ।

६८. नगरपालिकालाई क्षयरोग मुक्त घोषणा अभियानका विभिन्न क्रियाकलापहरु संचालनका लागि संघीय सरकार र नगरको गरी रु. ३२ लाख बजेट विनियोजन गरिएको छ ।

६९. सिकलसेल एनिमिया, हात्तिपाइले, औलो तथा कालाजवर, इन्फ्लुएन्जा, वर्डफ्लु, क्षयरोग जस्ता रोगको निदानको लागि औषधि सहित आवश्यक कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

७०. स्थानीय अस्पताल र बर्थिङ् सेन्टरमा प्रसुती हुने महिलाहरुलाई नि:शुल्क एम्वुलेन्स तथा यातायात सुविधा उपलब्ध गराउन रु. १० लाख बजेट विनियोजन गरिएको छ।

७१. होमस्टे संचालनका लागि सम्भाव्यता अध्ययन र बाणगंगा **कोसेली घर** निर्माणका लागि रु. १३ लाख विनियोजन गरिएको छ।

७२. विभिन्न समुदायका पर्व, दिवस तथा महोत्सव सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

७३. स्वरोजगार सिर्जना हुने खालका विभिन्न सिपमूलक लक्षित कार्यक्रम, हिंसा पिडीत महिला, दलित, मुस्लिम, आदिवासी, जनजाती तथा अपाङ्गहरुको शसक्तिकरण तथा मूल प्रवाहीकरणका लागि बिभिन्न लक्षित कार्यक्रम संचालन गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छ।

७४. पोषण सुधारका लागि विद्यालयमा खानेपानी तथा सरसफाइ, पोषण विशेष कार्यक्रम र पोषण सुधारका लागि विपन्न समुदायका महिला एवम् सहकारीहरुका कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

७५. अपाङ्ग, असहाय, अशक्त र अति विपन्न परिवारको लागि वडा समितिको सिफारिसमा खानेपानी धारा जडान र शुल्कमा समेत अनुदान दिने व्यवस्था मिलाइएको र कम्तिमा ५०० खानेपानी धारा जडान भएका खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई सफ्टवेयर जडानका लागि अनुदान दिने व्यवस्था मिलाइएको छ।

सभाध्यक्ष महोदय,
अब म आगामी आर्थिक वर्ष २०८०/८१ को **भौतिक पूर्वाधार विकास** तर्फ प्राथमिकीकरण एंव विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु।

७६. पूर्वाधारका योजना संचालन गर्दा प्रकोप उत्थानशील, वातावरणमैत्री, ज्येष्ठ नागरीकमैत्री, बालमैत्री, तथा अपाङ्ग मैत्री स्थानीय शासनका आधारभुत सुचकहरुलाई आधार मानी कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको छ। योजना सम्पन्न भए पश्चात सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता सुशासनका औजारहरुको प्रयोग गर्दै पारदर्शीता, उत्तरदायित्व, जवाफदेहिता र जनविश्वास आर्जन गर्ने ब्यवस्था मिलाइएको छ।

७७. नगर भित्र निर्माण हुने कालोपत्रे सडकको गुणस्तरियताको लागि अस्फाल्ट कंक्रिट प्रविधिलाई निरन्तरता दिने व्यवस्था मिलाइएको छ।

७८. नगरको सन्तुलित विकासका लागि भूगोल, जनसख्याको आधारमा नगरस्तरीय योजनाहरु छनौट गर्ने व्यवस्था मिलाईएको छ।

७९. संघीय सरकारको विशेष अनुदान कार्यक्रम अन्तर्गत लक्ष्मणघाट मा.वि. को भवन निर्माणको लागि रु. ५० लाख बजेट विनियोजनको व्यवस्था मिलाएको छ।

८०. संघीय सरकार समपुरक अनुदानबाट बैदौली - कोपवा - मैरी - देउवापार जोड्ने सडक कालोपत्रेका लागि रु.६० लाख र नगरबाट रु.६० लाख गरी जम्मा रु. १ करोड २० लाख बजेटको व्यवस्था मिलाएको छ।

८१. प्रदेश सम्पूरक अनुदान अर्न्तगत तीनकुने देखि राजापानी जोडने सडक कालोपत्रे, मिलनचोक – बिरपुर - गोगापुर हुदै भेलरैया जोडने सडक कालोपत्रे, पिस हिमालयन रिर्सोट देखि बठनपुरा जोड्ने सडक कालोपत्रे, देउवापार देखि वडा न. ११ को वडा कार्यालय जोड्ने सडक कालोपत्रे र बन्दौली - गन्सहवा देखि चप्पर गाउं जोडने सडक कालोपत्रेका लागि रु.१ करोड ५० लाख र नगरको रु.१ करोड ५० लाख गरी जम्मा रु. ३ करोड बजेट विनियोजन गरिएको छ।

८२. तराई मधेश सम्मृद्धि कार्यक्रम अन्तर्गत मनोहरापुर देखि बैदौली जाने सडक कालोपत्रेका लागि रु. २५ लाख खर्च गर्ने व्यवस्था मिलाइएको छ।

८३. बाणगंगा ८ नव प्रभात सामुदायिक वन जाने सडक कालोपत्रेका लागि रु. १५ लाख, नगडरिया बांध देखि नर्सरी सम्म गएको हरियाली कृषि सडक स्तरोन्नतीका लागि रु. १० लाख, सिद्धिपुर शान्तिटोलमा नाला सहितको बाटो पिचका

लागि रु. १० लाख, मैनहवा देखि बीचको बाटो चौपारी टोलसम्मको सडक स्तरोन्नतिका लागि रु. १० लाख, मर्धि चौरी देखि पचोहरा जोड्ने सडक कालोपत्रेका लागि रु.१५ लाख, दक्षिणी चोक देखि झुलनीपुर जोड्ने सडक निर्माणका लागि रु. २० लाख गरी जम्मा ८० लाख लुम्बिनी प्रदेश सरकार वित्तीय हस्तान्तरण मार्फत विनियोजनको व्यवस्था मिलाइएको छ।

८४. विद्यालय मर्मत सम्भार र विद्यालयको भौतिक पुर्वाधार निर्माण अन्तर्गत कक्षाकोठा निर्माणको लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ।

८५. नगरपालिका भित्र रहेका विभिन्न पूर्वाधारहरुको नियमित मर्मत संभार गर्नुपर्ने अवस्था देखिएकोले पूर्वाधारमा विनियोजन भई भुक्तानी हुने रकमको १ प्रतिशतले हुने रकम मर्मत सम्भार बापत कट्टा गरी मर्मत सम्भार कोषमा जम्मा गर्ने व्यवस्था मिलाइएको छ।

८६. लागत सहभागिता (७०/३०) र (५०/५०) मा आधारित भौतिक पूर्वाधार निर्माणका लागि रु.३ करोड बजेट विनियोजन गरिएको छ।

८७. बाणगंगा ६ भगतापुर विष्णु भुसालको घरदेखि वनको अफिससम्म आर.सि.सि. ढलानका लागि रु. ३० लाख, कर्महना देखि हथौसा जाने मुल सडकको बांकी खण्ड र वीच चोकबाट दक्षिण दिवार चोक हुदै कर्महनाको दक्षिण प्रतिक्षालय सम्मको सडक निर्माणका लागि रु. २५ लाख र मोर्मि प्रतिक्षालय देखि सिरुवाटोल हुदै थारु डिउहारसम्म सडक कालोपत्रेका लागि रु. २५ लाख बजेट विनियोजनको व्यवस्था मिलाइएको छ।

८८. नगर भित्रका शैक्षिक संस्था मर्मत तथा पूर्वाधार विकासका लागि रु.७५ लाख, वडा नं. ३ को प्रशासनिक भवन व्यवस्थापनको लागि रु. २० लाख, वडा नं. १ र ५ को प्रशासनिक भवन निर्माणको लागि रु. १ करोड ५० लाख विनियोजन गरिएको छ।

८९. शृंगिघाट सिचाई योजनाको लागि जेनेरेटर खरीद तथा विपद व्यवस्थापन अन्तर्गत नहर सफाई र संस्थागत अनुदानका लागि रु. २१ लाख बजेट विनियोजन गरिएको छ।

९०. पिपरा अस्पतालको भौतिक संरचना निर्माण तथा स्तरोन्नतिका लागि रु. ७० लाख र पिपरा अस्पताललाई ५० बेडको अस्पताल तथा ट्रमा सेन्टरको रुपमा विकास गर्न संघ तथा प्रदेश सरकारसंग आवश्यक सहकार्य गर्ने व्यवस्था मिलाईएको छ।

९१. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निर्माणाधीन अधुरा विद्यालयहरुको भवन निर्माणका लागि रु. ५० लाख र सिद्धार्थ क्याम्पसको पूर्वाधार निर्माणका लागि रु. २० लाख बजेट बिनियोजन गरिएको छ।

९२. नगरभित्रका सामुदायिक भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

९३. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तरगत राम दत्तिवन धाम, कपिलधाम, घिरि खोला जोड्नका लागि प्राथमिकताको आधारमा झोलुङ्गे पुल निर्माणका लागि रु. ४० लाख सशर्त बजेटको व्यवस्था मिलाइएको छ।

९४. बाणगंगा चक्रपथ, ल्याण्डफिल्ड साईट निर्माण, बसपार्क पूर्वाधार निर्माण र छाडा चौपाया व्यवस्थापन पूर्वाधार निर्माणका लागी रु. १ करोड ३५ लाख बजेट विनियोजन गरिएको छ।

९५. सवारी साधनको बढ्दो चापबाट हुन सक्ने दुर्घटना, चोरी निकासी जस्ता अपराधजन्य क्रियाकलापहरुबाट आम नगरवासीलाई सुरक्षाको प्रत्याभूती दिलाउन CCTV संजाललाई थप बिस्तार गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ। सवारी साधनलाई व्यवस्थित गर्न बसपार्कको व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

९६. सार्वजनिक जग्गाको बढ्दो अतिक्रमणलाई रोक्न सार्वजनिक जग्गा संरक्षण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

९७. ब्रम्हकुमारी इश्वरीय विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्रको भवन निर्माणको लागि रु. ३० लाख संघीय शसर्त र आन्तरिक बजेटबाट खर्च गर्ने व्यवस्था मिलाइएको छ।

९८. सडक पेटी हरियाली कार्यक्रमका लागि रु २० लाख र नगर कार्यपालिकाको प्रवेशद्वार गेट निरमाणका लागि रु. २० लाख विनियोजन गरिएको छ ।

९९. बिभिन्न खेलकूद पूर्वाधार अन्तर्गत राजपुर, कोईली बनगाई, धनेशपुर र लक्ष्मणघाटमा रहेका अधुरो कबर्ड हल निर्माणका लागि रु. ३२ लाख, नगरको गौरवको योजनाको रुपमा रहेका मायादेवी रंगशालाको पूर्वाधार निर्माणका लागि रु. २० लाख र गौतम बुद्ध रंगशालाको पूर्वाधार निर्माणका लागि रु. ८० लाख वजेट विनियोजन गरिएको छ ।

१००. सार्वजनिक भौतिक पूर्वाधारका निर्माणका कार्यलाई गुणस्तरीय बनाउन प्राविधिक ल्यावको स्थापना र हेभी मेशिनरी अन्तर्गत रोलर खरीदका लागि रु. ७० लाख वजेट विनियोजन गरिएको छ ।

१०१. सडक बोर्ड अन्तर्गत विभिन्न सडक मर्मत सम्भारका लागि संघबाट प्राप्त हुने रकमलाई सोही क्षेत्रमा मात्र खर्च हुने व्यवस्था मिलाइएको छ ।

१०२. राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा अनुदानतर्फ प्राप्त रु.८ लाख बजेटलाई उर्जा उत्पादन तथा बायो ग्यास जडानमा खर्च गर्ने व्यवस्था मिलाइएको छ ।

१०३. लक्ष्मणघाट आधारभुत स्वास्थ्य सेवा केन्द्र भवनको स्तरोन्नतिका लागि रु. १५ लाख, कोपवा स्वास्थ्य चौकीको अधुरो भवन निर्माणका लागि रु. ७ लाख, कपिलवस्तु डायलाईसिस सेन्टरका लागि रु. २० लाख, कपिलमुनी सामुदायिक प्राकृतिक उपचार केन्द्रको पूर्वाधार सहयोगका लागि रु. १० लाख शसर्त वजेटबाट खर्च गर्ने व्यवस्था मिलाइएको छ ।

१०४. जनताको स्वास्थ्यमा सहज पहुँचका लागि एम्बुलेन्स खरिदका लागि रु. १५ लाख, खोपकेन्द्र निर्माणका लागि रु. १४ लाख वजेट विनियोजन गरिएको छ ।

१०५. नगरको व्यवस्थित शहरीकरणको लागि भवन निर्माण मापदण्ड प्रभावकारीरुपमा लागु गर्न घरधनी, मिस्त्री, सिकर्मी र डकर्मीहरुलाई चरणबद्धरुपमा निर्माण सम्बन्धी ज्ञान दिलाउन तालिम व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को **वन, वातावरण तथा विपद व्यवस्थापन** तर्फ विनियोजित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१०६. फोहोर प्रशोधन प्लान्ट जडानका लागि प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार भई सकेकोले ल्याण्डफिल्ड साईटको डिपिआर तयार गरी फोहोरलाई मोहोरमा बदल्न सार्वजनिक, निजी, सहकारी र समुदायको साझेदारीमा ल्यान्डफिल्ड साइट तथा फोहर प्रसोधन केन्द्रको प्रारम्भिक पूर्वाधार निर्माण लगायतका कार्यहरु गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

१०७. सडकहरुको दिगोपना र वातावरणीय सन्तुलन एवम् शहरी स्वच्छताका लागी भौतिक संरचना निर्माण गर्दा सडक किनाराको दुवैतिर वृक्षारोपणं गर्न व्यावस्था मिलाइएको छ ।

१०८. प्राकृतिक तथा मानव सृजित विपद्को पूर्व तयारी, प्रतिकार्य योजना, उद्धार सामग्री व्यवस्थापन, राहत वितरण जस्ता कार्यका लागि नगर प्रकोप व्यवस्थापन कोषमा रु. २० लाख बजेटको व्यवस्था मिलाइएको छ ।

१०९. "म सफा गर्छु मेरो नगर" सरसफाइ अभियान निरन्तरताका लागी आवश्यक बजेट विनियोजन गरिएको छ ।

११०. बाणगंगा-६ भगलापुरमा पार्क निर्माणका लागि रु. ७ लाख बजेट व्यवस्था मिलाइएको छ ।

१११. **समृद्धिका लागि वन** अन्तरगत दिगो वन, व्यवस्थापन तथा वृक्षारोपण कम्पोनेन्ट, संस्थागत सुदृढिकरण तथा क्षमता अभिवृद्धि कम्पोनेन्टका लागि रु.३७ लाख संघीय सरकार मार्फत बजेट विनियोजन गरिएको छ ।

सभाध्यक्ष महोदय,

अब म आ.व. २०७९/८० को **सुशासन तथा संस्थागत विकास** तर्फ विनियोजित बजेट प्रस्तुत गर्न अनुमति चाहान्छु ।

११२. टोल विकास संस्था तथा उपभोक्ता समितिका पदाधिकारीको क्षमता विकास एवं संस्थागत सहयोगका लागि रु. १८ लाख ५० हजार बजेटको व्यवस्था मिलाइएको छ।

११३. नगर भित्रका सार्वजनिक सम्पत्ति संरक्षण, निर्माण हुने संरचनाहरूको मापदण्ड नियमन एवं प्राकृतिक स्रोत दोहन न्यूनीकरण कार्यका लागि ५ जना नगर प्रहरीको नियुक्ति गरि सकिएको र सो को निरन्तरता लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

११४. सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको यकिन तथ्याङ्क निर्धारण गरी सबै प्रकारका सामाजिक सुरक्षाका कार्यक्रमलाई सहज, पारदर्शी र मर्यादित बनाउन कर्मचारी तथा कार्यालय व्यवस्थापन समेतका लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ।

११५. मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तिय व्यवस्थापन, वित्तिय जोखिम न्यूनीकरणको वस्तुगत तथ्याङ्क अभिलेखीकरणका लागी विद्युतीय सुचना प्रविधिमा आधारित नगर प्रोफाइल निर्माण गर्ने कार्य सम्पन्न भैसकेकोले प्रोफाईलकै आधारमा घरधुरी नम्बरिंग तथा अभिलेखीकरणको कार्यलाई डिजिटाईज गर्न आवश्यक बजेटको व्यवस्था मिलाइएको छ।

११६. नगरको समग्र सेवा प्रवाह तथा विकास गतिविधि आम जनतासँग पुऱ्याउन पत्र पत्रिका रेडियो, टेलिभिजन कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाइएको छ।

११७. नगरपालिका र अन्तर्गत कार्यरत करार तथा ज्यालादारीमा कार्यरत कर्मचारी तथा प्रशासनिक कार्यको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

११८. राष्ट्रसेवक कर्मचारीहरुको कार्यक्षमता वृद्धि र उच्च मनोवल कायम गरी कार्यस्थलमा खट्ने वातावरण तयार गर्न कर्मचारीहरुका लागि कार्य सम्पादनमा आधारित प्रोत्साहनका लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ।

११९. देश भित्रका आर्थिक, सामाजिक, साँस्कृतिक, भौगोलिक पक्षहरुको मौलिक अध्ययन र त्यसको सकारात्मक प्रभावलाई नगरको समग्र विकासमा सामेल गराउन विभिन्न कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ।

१२०. प्रत्येक वडाको संतुलित विकासको लागि विनियोजन गरिएको रु.१२ करोड बजेट मध्येबाट सबै वडाले प्राप्त गर्ने गरी न्युनतम रु. ५० लाख र बाँकी वडाको क्षेत्रफल, जनसंख्या, भौगोलिक अवस्था, राजश्व असुलीको आधारमा अंकभार कायम गरी सुत्रको आधारमा रकम बाँडफाँड गर्ने व्यवस्था मिलाइएको छ।

१२१. उत्कृष्ट कार्य गर्ने कर्मचारी/शिक्षक र सञ्चारकर्मीहरुलाई समेत पुरष्कृत गर्ने बजेटको व्यवस्था मिलाइएको छ।

१२२. नगरलाई सुशासन मैत्री, सेवा प्रवाहलाई चुस्तदुरुस्त र प्रभावकारी बनाई भ्रष्ट्राचार मुक्त नगरपालिका बनाउनको लागि सार्वजनिक सुनुवाई र हेलो मेयर कार्यक्रममा आवश्यक बजेट विनियोजन गरिएको छ।

१२३. स्थानीय स्तरमा सिर्जना हुन सक्ने सामान्य विवादहरुको निरुपणको लागि मेलमिलाप केन्द्रहरुको व्यवस्थापन र मेलमिलाप कर्ताहरुको क्षमता अभिबृद्धिको व्यवस्था मिलाईएको छ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को आन्तरिक श्रोत परिचालन सम्बन्धी कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१२४. प्रचलित कानून बमोजिम लगाउन सकिने राजश्वका सबै श्रोतहरुको वस्तुपरक पहिचान, विश्लेषण, प्रक्षेपणलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाई राजश्वको दायरा बृद्धि गर्दै नगरपालिकालाई आत्मनिर्भर बनाउदै लैजाने व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

१२५. समयमा नियमित कर बुझाउने करदाताहरुलाई करमा छुट, सहुलियत र सबैभन्दा बढि कर बुझाउने करदाता पहिचान गरी सम्मान गर्ने व्यवस्था मिलाइएको छ।

१२६. एकल महिला, अशक्त, जेष्ठ नागरीकहरुले नगरपालिकाबाट लिने सिफारिसहरु निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइएको छ।

१२७. आन्तरीक आय अभिबृद्धिका लागि स्रोतहरुको सम्भाव्यता अध्ययन गरी राजश्व सुधार कार्ययोजना तयार गरी कर सचेतना, घुम्ति शिविर, कर सम्वन्धी प्रशिक्षण जस्ता कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था मिलाइएको छ।

१२८. राजस्व संकलनलाई करदाता मैत्री बनाउन सम्पूर्ण वडाहरुमा सूचना प्रविधिमा आधारित कर संकलन प्रणालीलाई व्यवस्थापन गरि करदाताहरुले बुझाउनु पर्ने सबै प्रकारका करहरु सबै वडाहरुमा बुझाउन सकिने व्यवस्था मिलाइएको छ।

१२९. नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउन ई-सेवाको क्यु आर कोड (QR-code) मार्फत नगर र वडा कार्यालयहरुको कर संकलन गर्ने र सफ्टवेयर मार्फत सिफारिस पत्र बनाई सेवा प्रवाह चुस्तदुरुस्त बनाउने व्यवस्था मिलाइएको छ।

**सभाध्यक्ष महोदय,**

**अन्त्यमा,**

१३०. नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्रको निर्माणमा टेवा पुर्याउने र दिगो विकासका लक्ष्यहरु समेटिएको **"समृद्द नेपाल, सुखि नेपाली"** को आकाङक्षा पुरा गर्ने उद्देश्यका साथ तर्जुमा गरिएको यस बजेटको प्रभावकारी कार्यान्वयन गर्न सहयोगको लागि सरोकारवाला सबैमा हार्दिक अपिल गर्दछु।

१२७. यस सम्मानित सभामा प्रस्तुत प्रस्तावित बजेट तर्जुमा गर्न र बाणगंगाको समष्टिगत विकासका लागि सहयोग पुर्याउने नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लुम्बिनी प्रदेश सरकार, राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोग, नेपाल सरकारका विषयगत मन्त्रालयहरु, प्रतिनिधी सभाका मा. सदस्यज्यूहरु र प्रदेश सभाका मा. सदस्यज्यूहरु, पूर्व माननीय सांसदज्यूहरु, नगर प्रमुखज्यू, नगरमा क्रियाशिल राजनितिक दलका प्रमुख एवम् प्रतिनिधीज्यूहरु, बिकास साझेदार संघ/संस्थाहरु, जिल्ला समन्वय समिति, नीजि क्षेत्र, नागरिक समाज, बुद्धिजीवि, पत्रकार, सुरक्षा निकाय, निःवर्तमान जनप्रतिनिधीहरु, नगर कार्यपालिकाको कार्यालय, बजेट निर्माण कार्यमा अहोरात्र खटिई सहयोग गर्नुहुने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, बिषगगत शाखा प्रमुखहरु र अन्य कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु। वडा कार्यालय, स्वास्थ्य संस्था, बिद्यालयहरु लगायतका सम्पूर्ण संस्थाहरुमा कार्यरत कर्मचारीहरु, सम्पुर्ण नागरिकहरु प्रति धन्यबाद दिंदै विकासका हरेक अभियानमा निरन्तर सहयोगको अपेक्षा गर्दै प्रस्तुत बजेट तथा कार्यक्रमहरुको सफल कार्यान्वयनको लागि सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा राखेको छु। सम्पूर्ण बाणगंगा बासी बुबा/आमा,दिदी/वहिनी तथा दाजु/भाईलाई बिपद्जन्य जोखिमवाट सुरक्षित रहँदै सामाजिक एकता र ऐक्यबद्धता कायम राख्दै सबल, सक्षम, सुदृढ र न्यायपूर्ण बाणगंगा निर्माणमा योगदान गर्न म आव्हान गर्दछु।

धन्यबाद।

रीता कुमारी चौधरी
नगर उपप्रमुख
बाणगंगा नगरपालिका
कपिलवस्तु।
२०८०।०३।०९

अनुसूची-७

बाणगङ्गा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
बाणगङ्गा, कपिलवस्तु

**तेह्रौ नगरसभाको तेस्रो बैठकमा प्रस्तुत जरुरी सार्वजनिक महत्वको विषय**

**यस गरिमामय नगरसभाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, सचिवज्यू, सदस्यज्यूहरु, राष्ट्रसेवक कर्माचारीहरु, संचारकर्मीहरु ।**

बाणगङ्गा नगरपालिकाको तेह्रौं यस गरिमामय सभाको तेस्रो बैठकमा जरुरी सार्वजनिक महत्वको विषय प्रस्तुत गर्न उपस्थित भएको छु । लोकतान्त्रिक मूल्य / मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रही दिगो शान्ति, सुशासन विकास र समृद्धिको चाहना पूरा गर्ने दिशामा हामी अग्रसर रहन उत्प्रेरण मिलोस भन्ने आशा व्यक्त गर्न चाहन्छु । यस अवसरमा राष्ट्रिय स्वाधीनता, समाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजिविकाको आन्दोलनको अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरूको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु । यस अवसरमा महत्वपूर्ण उपलब्धीहरू हासिल गर्न योगदान गर्नुहुने सबैमा आभार प्रकट गर्न चाहन्छु ।

यस गरिमामय सभामा महत्वपूर्ण जरुरी सार्वजनिक महत्वको विषय प्रस्तुत गर्ने अवसर प्रदान गर्नु भएकोमा सभाध्यक्षज्यू समक्ष आभार प्रकट गर्न चाहान्छु ।

नेपालको संविधानले गरेको संवैधानिक व्यवस्था बमोजिम स्थानीय सरकारको रुपमा हामीले अभ्यास गर्न थालेको ६ वर्ष पूरा भएको छ । यो समय धेरै लामो त होइन तर पनि हाम्रा अभ्यासहरु अति महत्वपूर्ण र अनुभवजन्य रहेका छन् । बाणगङ्गा नगरपालिकाको हाल सम्मको कार्यप्रगति, विकासका अभियान, शासकिय प्रवन्ध लगाएत बिकाससँग जोडिएर आउने महत्वपूर्ण आयामहरूको अभ्यास गर्दै आजको यस गरिमामय सभामा नगरपालिकाको तर्फबाट ठहर भएका अति जरुरी सार्वजनिक महत्वको विषयमा तपसिल बमोजिम उठान हुन र हामीले मनन् गर्न अति जरुरी छ ।

**तपसिल:**

१. विकासका सबै आयामहरु समेटिएको विकासको उत्कृष्ट नमुना हासिल गर्नुपर्ने हाम्रा कार्यभारहरु,

२. Cross Cutting Issues हरूको सामना गर्दै श्रोतको परिचालन र सहकार्य एवं समन्वयको विषय,

३. शहरी व्यवस्थापन, फोहोरमैला व्यवस्थापन र छाडा चौपायाको विषयमा रणनीतिक योजना तर्जुमा र कार्यान्वयन गर्ने विषय,

४. विपद जन्य जोखिम, वातावरण संरक्षण र जनताको जिउधनको संरक्षण गर्ने विषय,

५. शहरी व्यवस्थापन संगै शैक्षिक एंव स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापनको विषय,

६. दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण र स्थानीयकरण साथै संघीय आवधिक योजना, प्रदेश आवधिक योजना र बाणगङ्गा नगरपालिकाको आवधिक योजनाले ठहर गरेका परिणातमक लक्ष्य र वार्षिक नीति, कार्यक्रम र बजेट संग तालमेल मिलाउदै उत्कृष्ट नतिजा हासिल गर्ने विषय,

७. समृद्ध नेपाल, सुखि नेपालीको राष्ट्रिय आकाङ्क्षा पुरा गर्न हामीले पुरा गर्नुपर्ने कार्यभार,

८. बैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउँदै युवा जनशक्तिलाई देशमै रही केही गरौ भन्ने भावनाको विकास गर्ने उद्यम शिलता र नवप्रर्वतन (Innovation) संग सम्बन्धित पक्ष,

९. जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास, विकासको प्रशासन र प्रशासनको विकास संगै मानव पूँजि निर्माण गर्ने विषय,

१०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लाई उच्च महत्व दिदै मानव विकास सुचाङ्कको उत्कृष्ट नमुना प्रस्तुत गर्ने विषय,

११. उपयुक्त भौगोलीक अवस्थिती र प्रचुर संभावना बोकेको यस नगरपालिकाको चौतर्फी विकास गरी उत्कृष्ट नगरपालिका निर्माण अभियानमा जुटने विषय,

१२. महत्वपूर्ण गौरवका आयोजनाहरु सम्पन्न गर्ने र त्यसबाट प्रचुर लाभ लिने विषय,

१३. वार्षिक नीति, कार्यक्रम र बजेट बमोजिम उत्कृष्ट नतिजा (Result) हासील गर्ने विषय,

१४. नगरपालिकालाई शासकिय पूर्वाधार सहित सुशासनको उत्कृष्ट नमूना प्रस्तुत गर्ने विषय,

१५. संविधानले तोकेका एकल अधिकारका सूचिमा रहेका कानून तर्जुमा श्रोत साधनको जोहो र कार्यान्वयनको पक्ष,

१६. साझा अधिकारका विषयहरुमा संघ र प्रदेश संग Power Sharing र कानून निर्माण साथै कानून बाझीएका विषयहरुमा संघ र प्रदेशसंग अधिकार सहितको स्पस्ट कानूनी व्यवस्थाको पक्ष,

१७. नगरपालिकामा वसपार्क निर्माण, लेण्डफिल्ड साईट र सोको पहुँच मार्ग निर्माण र अन्य पूर्वाधार निर्माणको निमित्त संघीय सरकारसंग जग्गा कानून बमोजिम भोगअधिकार लिने विषय,

अन्तयमा,

यही २०८०।०३।२७ गते सम्मानिय प्रधानमन्त्री श्री पुष्प कमल दाहालज्यू (प्रचण्ड) की धर्म पत्नी स्व. सीता दाहालको असामायिक निधनले हामीलाई मर्माहत बनाएको छ । शोकको यस घडीमा दिवगंत आत्माको चिर शान्ति र स्वर्गमा बास होस् भन्ने अभिलासा सहित उहाँले नेपालको राजनीतिमा पुर्याउनु भएको योगदानको उच्च मुल्याङ्कन गर्दै उहाँका विचारहरु देश विकासको निम्ती उन्नत सावित होउन् साथै शोक सन्तव्य परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दै यस गरिमामय सभाको अभिलेखमा लिपिवद्द गरियोस भन्ने जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेश गर्दछु ।

धन्यवाद !

**विष्णु प्रसाद पौडेल**

वडा नं २ वडा अध्यक्ष एवम् नगर प्रवक्ता

मिति:

२०८०।०३।३०

## अनुसूची-८
### (नगरसभामा विभिन्न समितिहरूद्वारा प्रस्तुत गरिएका प्रतिवेदनहरु)

### १. विधायन समितिको प्रतिवेदन

यस १३ औं नगरसभाका अध्यक्ष्यज्यू
सभाका उपाध्यक्षज्यू
सचिव ज्यू
सम्पूर्ण नगर सभा सदस्यज्यूहरु,

बाणगङ्गा नगरपालिकाको तेह्रौं नगर सभाको यस गरिमामय सभामा विधायन समितिको संयोजकको हैसियतले यस नगरपालिकाको हालसम्मको कानूनहरु ऐन, नियम, निर्देशिका, मापदण्डहरुको कार्यान्वयनको अवस्था, नयाँ निर्माण गर्नुपर्ने कानूनहरु, मौजुदा कानूनहरुको संसोधन लगायतको विषय प्रस्तुत गर्ने जस्तो महत्वपूर्ण जिम्मेवारी पाउँदा गौरावान्वित महसुस गरेको छु ।

स्थानीय तहसँग नागरिकले गरेका अपेक्षा र आवश्यकतालाई सम्बोधन गर्दै यस बाणगङ्गा नगरपलिकालाई समृद्ध नगरको रुपमा स्थापित गर्न स्वयं आफ्नो अधिकार क्षेत्र भित्र रहेर कानून निर्माण गरी कार्यान्वयन गर्नुपर्ने आजको चुनौतिको विषय पनि हो । विगतका दिनहरुमा पनि हामीले थुप्रै ऐन, कानून कार्यविधि, निर्देशिका, मापदण्डहरु निर्माण गरी कार्यान्वयन गरिसकेका छौं र कतिपय कानूनहरु कार्यान्वयनको चरणमा पनि छन् । यद्यपि अझै पनि थुप्रै कानून निर्माण गरी कार्यान्वयन गर्नुपर्ने अवस्था छ । जुन कार्य द्रुत गतिमा अगाडि बढिरहेको छ ।

त्यसैगरी २०७९ असार देखि हालसम्म विधायन समितिले तर्जुमा गरेका कानूनहरु यस नगरसभामा प्रस्तुत गर्न चाहान्छु ।

१. बाली तथा पशुपंक्षी बिमामा अनुदान कार्यविधि, २०७९ (२०७९ भदौ २)
२. छाडा पशु चौपाया कार्यबिधि २०७९ (२०७९ भदौ २)
३. आन्तरीक लेखा परीक्षण कार्यविधि, २०७९ (२०७९ कार्तिक २५)
४. भू उपयोग कार्यान्वयन कार्यविधि, २०७९ (२०७९ कार्तिक २५)
५. भू उपयोग क्षेत्र वर्गिकरण सम्बन्धि मापदण्ड, २०७९ (२०७९ कार्तिक २५)
६. सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा कार्यविधि, २०७९ (२०७९ मंसिर १९)
७. बाणगङ्गा नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि, २०७९ (२०७९ फागुन २६)
८. बाणगङ्गा नगरपालिकाको नगर प्रमुखको सचिवालय गठन तथा संचालन कार्यविधि, २०७९ (२०७९ चैत्र १२)
९. महिला सामुदायिक स्वास्थ्य स्वंय सेविका हितकोष कार्यविधि, २०८० (२०८० जेठ ११)

यस कार्यकालमा हालसम्म आउँदा ९ वटा कानूनहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ र हालसम्म कूल २२ वटा ऐन, ६ नियमावली, ५२ कार्यविधि, ८ निर्देशिका र ३ वटा मापदण्ड गरी जम्मा ८९ वटा कानूनहरु रहेको व्यहोरा अवगत गराउन चाहान्छु ।

त्यसैगरी, समय अवस्था र व्यवहारिकतालाई मध्येनजर गर्दै पहिले बनेका कानूनहरु मध्ये

१. टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७ (संशोधन २०७९)
२. नि:शुल्क कृत्रिम गर्भाधान सेवा संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९ (संसोधन)
३. नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ (संसोधन)
४. बाल समूह गठन तथा सहजिकरण निर्देशिका, २०७७ (संसोधन)
५. भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड, २०७९ (संसोधन)

गरी जम्मा ५ वटा कानूनहरु संसोधन गरिएको छ ।

त्यस्तै गरी,

१. बाणगङ्गा नगरपालिकाको कर्मचारी समायोजन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८
२. बाणगङ्गा नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७
३. बाणगंगा नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि- २०७५

गरी ३ वटा कार्यविधि खारेज गरिएको व्यहोरा अवगत गराउन चाहान्छु ।

अध्यक्ष ज्यू,

कार्य सम्पादनको क्रममा कतिपय कानूनहरु कार्यान्वयन गर्दा केही जटिलताहरु देखिन थालेका छन। कानूनहरु बढी प्रकृयामुखि रहेका कारण तत्काल कार्य सम्पादन गर्न र स्थानीय जनताको सन्तुष्टिलाई सम्बोधन गर्न अप्ठ्यारो परिरहेको छ । यस्ता कानूनहरुको तर्जुमा, संसोधन लगायतको कार्य गर्दा अनुभवी व्यक्तित्व, सम्बन्धित क्षेत्रका विज्ञ समेतको सहकार्यमा व्यापक छलफल गरेर मात्र कानूनहरुको तर्जुमा गर्नु पर्दछ। यसरी कानूनहरुको तर्जुमा गर्दा अली बढि समय लिएर यसले पार्ने दिर्घगामी असर र यसका सम्पूर्ण पक्षहरुलाई अध्ययन गर्दै समय सापेक्ष परिमार्जित गर्दै लैजानुपर्ने हुन्छ ।

कानून कार्यान्वयनको समिक्षा र संसोधनका विषयवस्तुहरुको लागि छुट्टै अभिमुखिरकण गर्न आवश्यक ठानेको छु। स्थानीय सरकारलाई संविधानद्वारा प्रदत्त अधिकारको उपयोग गर्दै बजेट, निति तथा कार्यक्रम, जनताको अपेक्षा र आकांक्षालाई मध्यनजर गर्दै प्राथमिकताको आधारमा कानून निर्माण गरी समयमै कार्यान्वयन गराई, स्थानीय सरकारको अनुभूति दिलाउन मार्गदर्शन गर्नु यस विधायन समितिको जिम्मेवारी हुने व्यहोरा अवगत गराउँदछु।

विभिन्न समयमा कानूनहरुको तर्जुमा गर्न सहयोग पुऱ्याउनुहुने नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, नगरसभा सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु र सम्पूर्ण कर्मचारीहरु एवं सरोकारवाला सबैलाई विशेष धन्यवाद दिन चाहान्छु ।

धन्यवाद!
बाबुराम अर्याल
संयोजक
विधायन समिति, बाणगङ्गा नगरपालिका

## २. सुशासन तथा सेवा प्रवाह समितिको प्रतिवेदन

यस बाणगङ्गा नगरपालिकाको १३औं नगर सभाका सभा अध्यक्षज्यू, उपाध्यक्षज्यू, सचिवज्यू, यस नगरसभामा उपस्थित सम्पूर्ण वडाका वडाध्यक्षज्यूहरु, नगरसभाका सदस्यज्यूहरु तथा राष्ट्रसेवक कर्मचारीहरु, सर्वप्रथम त म यस गरिमामय नगरसभामा सुशासन तथा सेवा प्रवाह समितिको प्रतिवेदन पेश गर्न पाउँदा निकै गौरवान्वित भएको छु ।

सुशासन शब्द आफैमा एउटा अर्थपपूर्ण शब्द हो, न्याय, अनुशासन, नियंत्रण, गोपनीयता, लोकतान्त्रिकता र सामाजिक समावेशिताको मूल्यांकन र अभिव्यक्तिद्वारा एउटा संगठित र प्रशासनिक व्यवस्थाको प्राणाली जस्ले उत्कृष्टता सामाजिक विकासको मार्गमा प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग पुराईरहेको हुन्छ । असल स्थानीय सरकारको रुपमा चिनाउन सुशासनको अत्यन्त ठूलो महत्व रहेको हुन्छ भन्ने जानकारी गराउन चाहान्छु ।

**सभा अध्यक्षज्यू, नगरसभा सदस्यज्यूहरु,**

अव म बाणगङ्गा नगरपालिकाको सुशासन समितिको प्रतिवेदन प्रस्तुत गर्न चाहान्छु ।

१. श्रावण देखि हालसम्म नगर कार्यपालिकाको १६ वटा बैठक सम्मपन्न भएका छन् ।
२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधिको अधिनमा रही कार्यविधिको विषयक्षेत्रहरुको आधारमा यस बाणगङ्गा नगरपालिकाले गत आर्थिक वर्ष २०७८।०७९ मा सम्पादन गरेको कार्यको आधारमा (LISA) मूल्याङ्कनमा ८२% अङ्क प्राप्त गर्न सफल भईएको छ । त्यसैगरी वित्तिय जोखिम मूल्याङ्कन (FRA) मा ७८.५% अङ्क प्राप्त भएको । लैंगिक समानता तथा समाजिक समावेशीकरण (लै.स.स.स.) परीक्षणमा प्रारम्भिक ८७% अंक प्राप्त भएको छ ।
३. भू-उपयोगको आधारमा भूमिको वर्गिकरण भई कार्यविधि र मापदण्ड जारी भई कार्यान्वयनमा रहेको । नगरका विभिन्न वडाहरुमा २ वटा मास्टर प्वाईन्ट समेत गरी ९६ वटा चौथो दर्जाको नियन्त्रण विन्दु (Control Point) स्थापना गरी DGPS कार्य सम्पन्न भएको ।
४. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापनको लागि नगर भित्र रहेका सबै वडाहरुको निवेदनहरु दावी विरोधको लागि ७ दिने र १५ दिने सूचना प्रकासित भई कार्य प्रकृया अगाडी बढिरहेको ।
५. वडा नं. ११ को २ वटा ब्लकहरुको प्रारम्भिक नापी कार्य सम्पन्न भएको र अन्य नापीको प्रकृयामा रहेको छ ।
६. नगर क्षेत्र भित्र रहेका सम्पूर्ण वडाहरुबाट ऐलानी तथा प्रति जग्गाहरुको पहिचान गरिए कार्य सम्पन्न भएको छ ।
७. नगरबासिहरुलाई शुद्ध र सुरक्षित खानेपानी उपलब्ध गराउने प्रतिवद्दता सहित खानेपानी उपभोक्ता समितिहरुको अगुवाईमा वडा नं. १,२,३ र ४ गरी २८ वटा समुदायहरु सुरक्षित खानेपानीयुक्त समूदाय घोषणा भईसकेका छन् ।
८. सुत्केरी आमाहरुलाई सहजरुपमा सेवा पुराउन विभिन्न स्थानहरुमा खोप केन्द्र निर्माण भएका छन् ।
९. बाणगङ्गा नगरपालिका भित्र कार्यक्षेत्र भई संचालनमा रहेका विभिन्न सहकारी संस्थाहरुको आर्थिक प्रशासन तथा वित्तिय अवस्थाको बारेमा अनुगमन गर्दिदै आएको छ ।
१०. वैदेशिक रोजगारमा जान चाहनेहरुका लागि निःशुल्क श्रम स्वीकृती अनलाईन आवेदन सेवा यस नगरपालिकाको रोजगार केन्द्र मार्फत शुरुवात गरिएको छ ।
११. राष्ट्रिय जनगणना २०७८ अनुसारको तथ्याङ्कको आधारमा नगर प्रोफाईल अद्यावधिक गर्ने कार्य र सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत सामी प्रोफाइल तयारी गरिएको छ ।
१२. नगरपालिकाको क्षमता विकास योजना निर्माण भएको छ ।
१३. नगरको गौरवको योजनाको रुपमा रहेको बसपार्क को IEE निर्माण भएको छ ।
१४. नगरपालिका भित्रका सम्पूर्ण कृषकहरुको सूचीकरण गर्ने कार्य सूचीकरण कार्यको८५ % कार्य सम्पादन भएको ।

१५. आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम बमोजिम वडा कार्यालय तथा केही स्वास्थ्य चौकीहरुमा डिजिटल नागरीक वडापत्र जडान गरिएको ।

१६. साविकमा अव्यवस्थित रुपमा रहेको फोहोरमैला व्यवस्थापन हाल प्रभावकारी बन्दै गएको छ ।

१७. नगरपालिका क्षेत्रभित्र निर्मित सबै घरधुरीहरुमा घरनम्बरीङ गर्ने प्रकृयाको सुरुवात भएको छ ।

१८. वडा नं. १ को प्रशासनिक भवन निर्माण गर्न बोलपत्र आव्हान भएको छ । वडा नं. ५ को प्रशासनिक भवन निर्माणको चरणमा रहेको छ ।

१९. नगरको प्रशासनिक भवनमा जडान गरिएको विद्युत लाईनमा भोल्टेजको उतारचडावले गर्दा उपकरणहरु राम्रो संग नचल्ने र बेलाबेलामा बिग्रिदै जाने अवस्था रहेकोमा सो को समाधानको लागि प्रशासनीक भवनको अगाडी विद्युत ट्रान्समिटर जडान गरिएको छ ।

२०. नगर प्रहरी, बन प्राविधिक, रोजगार संयोजक, रोजगार सहायक, लघुउद्दम सहजकर्ता, पशुचिकित्सक जस्ता रिक्त पदहरु पूर्ती भएका छन । प्राविधिक तर्फ रिक्त दरबन्दी पदपूर्तीको लागि प्रदेश लोकसेवा आयोगमा पठाईएको छ ।

२१. कृषि विकास शाखाको प्रशासनिक भवन निर्माण कार्य गरिएको छ ।

२२. नगरको कूल बेरुजु रु. १४ करोड ९० लाख रहेकोमा लेखा समितिबाट सिफारिस भए अनुसार रु.४ करोड ७ लाख नियमित हुन नगर सभाबाट निर्णय गरी महालेखा परीक्षकको कार्यालयमा पठाईएको छ ।

२३. नगरका सबै वडाहरुमा घर नम्बरिङको कार्यक्रम सुरुवात भएको छ ।

"सम्मृद्ध बाणगङ्गाको मूल आधार, आर्थिक सामाजिक रुपान्तरण सहितको पूर्वाधार" भन्ने नाराका साथ नगरपालिकालाई उत्कृष्ट नगरपालिका बनाउन सल्लाहको रुपमा मार्गदर्सन दिनुहुने सम्पूर्ण शुभचिन्तक, एवं यस अभियानमा सहयोग गर्नुहुने सम्पूर्ण नगरबासी, तथा संघसंस्थाहरु जनप्रतिनिधि तथा राष्ट्रसेवक र सम्पूर्ण आमा, वुवा, दाजु भाई दिदिबहिनी लगायत सम्पूर्ण नगरबासीहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु ।

कमल पौडेल

संयोजक

३. न्यायीक समितिको प्रतिवेदन

यस १३औं नगरसभाका अध्यक्षज्यू/सचिव ज्यू/ /सम्पूर्ण नगर सभा सदस्यज्यूहरु ।

सर्वप्रथम न्यायिक समितिको संयोजक जस्तो महत्वपूर्ण जिम्मेवारीबाट यस नगरपालिकाको हालसम्मको प्रगति लगायतको विषयमा यस गरिमामय १३औं नगरसभामा प्रस्तुत गर्न पाउँदा निकै खुसिको अनुभव गरेको छु ।

आ.व.२०७९/८० को न्यायिक समितिको विवरण

आ.व. २०७८/०७९ मा फछ्यौट हुन बाँकी ७ उजुरीहरु यस आ.व. मा जिम्मेवारी सारिएको थियो । जसमा २ वटा उजुरीहरु सर्वसम्मतबाट फछ्यौट भएका छन र बाँकी फछ्यौटको प्रकृयामा रहेका छन् । आ.व. २०७९/८० सम्ममा जम्मा ३३ वटा उजुरीहरु दर्ता भएकोमा २० उजुरीहरु फछ्यौट भएका छन् जसमध्ये १२ वटा मिलापत्रबाट फछ्यौट भएका छन ६ वटा अन्य निकाएमा फिर्ता लगेर फछ्यौट भएका र २ वटा सर्वसम्मति निर्णय भएर फछ्यौट भएका छन् । नगरमा दर्ता भएका उजुरीहरु अधिकांश जग्गाको विषयमा, जग्गाको साँध सिमाना मिचेको, भोगचलन गरेको जग्गाबाट हटाउन खोजेको, एकको नाममा रहेको जग्गा अर्कैले भोगचलन गरेको, पति पत्नी बिचको सम्बन्ध , घरेलु हिंसा / महिला हिंसा आदि विषयमा उजुरीहरु दर्ता हुने गरेका छन् ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ (२) अनुसार पेस भएको विवादको निवेदनको कारवाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित हुने गरी दुबै पक्षको सहमतिमा मिलापत्र गराउनुपर्नेछ भनि उल्लेख भएकोमा पहिलो प्राथमिकता मेलमिलापलाई नै दिनुपर्ने हुँदा मेलमिलापकर्तालाई बढि भन्दा बढि तालिम, प्रशिक्षण, अनुशिक्षण गराई न्यायिक विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्नु पर्ने देखिन्छ ।

आ.व. २०७९/८० मा न्यायिक समितिले विवादको निरुपणको माध्यमबाट फछ्यौट भएका मुद्दाहरु:

| क्र.स. | मुद्दाको विवरण | संख्या |
|---|---|---|
| १ | गत आ.व. बाट जिम्मेवारी सारिएको | ७ |
| २ | यस आ.व. २०७९/८० मा दर्ता भएका उजुरी संख्या | ३३ |
| ३ | जम्मा उजुरी संख्या | ४० |
| ४ | जम्मा आ.व. २०७९/८० मा फछ्यौट संख्या | २२ |
| ५ | मिलापत्रबाट फछ्यौट भएको मुद्दा | १२ |
| ६ | सर्वसम्मतबाट फछ्यौट भएको मुद्दा | ४ |
| ७ | अन्य निकायमा पठाएको मुद्दा | ६ |
| ८ | प्रकृयामा रहेको मुद्दा | १८ |

अघिल्लो आर्थिक वर्षबाट अल्या भई आएका विवाद निरुपण सम्बन्धी मुद्दाहरु

| क्र.स. | विवादको किसिम | विवाद संख्या | फछ्यौट भएको | प्रकृयामा रहेका | कैफियत |
|---|---|---|---|---|---|
| १ | जग्गा सम्बन्धी | ३ | २ | १ | सर्वसम्मत निर्णयबाट। |
| २ | बंगुर फार्म सम्बन्धी | १ | ० | १ | सर्वसम्मत निर्णयबाट। |
| ३ | सार्वजनिक जग्गामा घर बनाएको | २ | ० | २ | |
| ४ | अबैध घर निर्माण | १ | ० | १ | |
| | जम्मा | ७ | २ | ५ | |

आ.व २०७९/०८० मा दर्ता हुन आएका विवाद निरुपण सम्बन्धी मुद्दाहरु

| क्र.स. | विवादको किसिम | विवाद संख्या | फछ्यौट भएको | प्रकृयामा रहेका | कैफियत |
|---|---|---|---|---|---|
| १ | जग्गा सम्बन्धी | १६ | ९ | ७ | मिलापत्रबाट फछ्यौट । |
| २ | घरेलु / महिला हिंसा | ८ | ६ | २ | मिलापत्रबाट फछ्यौट र अन्य निकाएमा पठाएको । |
| ३ | पति पत्नी बिचको सम्बन्ध | २ | १ | १ | अन्य निकायमा गई फछ्यौट भएको । |
| ४ | साँध सिमाना | १ | १ | ० | मिलापत्र भएको । |
| ५ | लेनदेन | ५ | २ | ३ | मिलापत्र र सर्वसम्मति निर्णय बाट फछ्यौट भएको । |
| ६ | छिमेकीलाई ध्वनि प्रदुषण | १ | १ | ० | सर्वसम्मति निर्णय |
| | जम्मा | ३३ | २० | १३ | |

चालु आ.व. २०७९/८० मा फछ्यौट उजुरी ५५% रहेको छ ।

धन्यवाद !

रीता कुमारी चौधरी
न्यायीक समिति
संयोजक

## ४. लेखा समितिको प्रतिवेदन

लेखा समिति, बाणगंगा नगर कार्यपालिका बाट सिफारिस भई १३औं नगर सभामा पेश हुन आएको महालेखापरीक्षकको कार्यालयबाट जारी आ.ब.२०७८/७९, आ.ब. २०७७/७८, आ.ब. २०७६/७७ र आ.ब. २०७४/७५ को लेखापरीक्षण प्रतिवेदनमा औंल्याईएका विषयवस्तुहरु बाणगंगा नगरपालिकाको अन्तिम लेखा परीक्षणको प्रतिवेदनबाट कार्यालयको वित्तिय विवरण तथा कारोबारको यथार्थ चित्रण गरी वित्तिय सुशासनका लागि गहन सुझाव पेश भएकोमा बाणगंगा नगरपालिकाको कार्यालयबाट लेखा परीक्षणप्रतिवेदनमा व्यक्त तपशिलका विषयहरु नियमित गरी बेरुजु सम्परीक्षण / फछ्यौट गर्न महालेखा परीक्षकको कार्यालयसमक्ष पेश गर्ने निर्णय गरियो ।

**तपशिलः**

**आ.ब. २०७८/७९ को महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमा नियमित हुनुपर्ने व्यहोराः**

**१. कर्मचारी करार (क्र.सं. १७)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ को उपदफा २ बमोजिम स्थानीय सेवाको गठन, कर्मचारी नियुक्ति र सेवाका शर्त सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय कानून बमोजिम गर्नसक्ने भएकोले बाणगंगा नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी कर्मचारी व्यवस्थापन गरेको हो । स्थानीय तहले स्वीकृत गरेको O/M बमोजिम प्रदेश लोकसेवा आयोगले स्थायी पदपूर्ति गर्ने व्यवस्था रहेकोमा प्रदेशमा स्थानीय तहको कर्मचारी व्यवस्थापन सम्बन्धी कानून नबनिसकेको अवस्थामा नगरको स्वीकृत दरबन्दीमा मात्र कर्मचारी पदपूर्ति भएको छ । संघीय निजामति सेवा जारी भइनसकेको, संघीय सरकारबाटस्थानीय तहको सेवाको गठन, सञ्चालन, सेवा सर्त तथा सुविधा सम्बन्धमा मापदण्ड तय नभइरहेको, रिक्त दरबन्दीमा कर्मचारी नियुक्तिको लागि लोकसेवा आयोगसमक्ष माग पठाइएको भएपनि हालसम्म पदपुर्ति हुन नसकेको अवस्थामा स्विकृत दरबन्दीका रिक्त पदमा स्थानीयस्तरमा पालिकाको अधिकारक्षेत्रको विषयमा कार्यालयले विकास र प्रभावकारी सेवा प्रवाहको जिम्मेवारी बहन गर्न करारमा जनशक्ति व्यवस्थापन गरेकोले सोको पारिश्रमिक भुक्तानी रु.३३२३२३०/- भएको उक्त विषय नियमित हुन अनुरोध छ ।

**२. कन्टिन्जेन्सी खर्च(क्र.सं.४०)**

पालिकाबाट प्रतिवेदनमा औंल्याइए बमोजिम नगरको योजना फरफारक, जाँचपास समिति, नगरसभा र कार्यपालिकाको समितिको बैठक, योजना अनुगमनबापतको रकम कन्टिन्जेन्सी रकमबाट खर्च गरिएको छ । कार्यालयबाट कन्टिन्जेन्सी रकम प्रशासनिक कार्यमा खर्च गर्न सकिने कानूनी प्राबधान अनुसार उक्तखर्च भएको । कुनै आयोजनाको कन्टिन्जेन्सी बापतको रकम सोही आयोजनामा खर्च गर्ने सम्बन्धमा नगरमा स-साना आयोजनाबाट एक एक गरी अनुपात मिलाएर कन्टिन्जेन्सी खर्च गर्नु व्यवहारिक रुपमा असहज हुने भएकोले तुलनात्मक रुपमा बढी कन्टिन्जेन्सी रकम मौज्दात भएको आयोजनाबाट कन्टिन्जेन्सी खर्च भएको छ । कार्यालयको दायित्व सृजना भएको तर प्रर्याप्त बजेट बिनियोजन नभएको अबस्थमा उल्लिखित विषयमा कन्टिन्जेन्सी रकम खर्च हुन गएको, यसरी खर्च जुन आयोजनाबाट खर्च भए पनि उक्त खर्च कन्टिन्जेन्सी बापतको रकम नै हुन गएको र सोबाट कार्यालयलाई हानी-नोक्सानी समेत पर्न नगएको हुँदा कन्टिन्जेन्सी खर्च रु.२७९३०००/- नियमित गर्नु हुन ।

**३. खर्च मितव्यिता कायम गर्नु पर्ने (क्र.सं.४१)**

कार्यालयबाट आवश्यकता र औचित्यका आधारमा प्रर्याप्त प्रमाण राखी खर्च हुन गएको छ । कार्यालयद्वारा कानूनबमोजिम गठित समितिको कार्यालय समयबाहेको समयमा बसेको बैठकको भत्ता वितरण गरिएको । कार्यालयको कामसँग सम्बन्धित क्रियाकलापमा कार्यालयका कर्मचारी तथा जनप्रतिनिधिले स्विकृत भ्रमण आदेशबमोजिम उद्देश्य अनुरुपको काम सम्पन्न भएपश्चात अनुगमन तथा भ्रमण खर्च गरेको देखिन्छ । यसरी उल्लेख हुन गएको बेरुजु रु.१४७२०००/- नियमित हुन ।

४. आन्तरिक लेखापरिक्षण (क्र.सं. ५३)

कार्यालयले आन्तरिक लेखापरिक्षण प्रतिवेदनमा औल्याएका बिषयहरु अन्तिम लेखापरिक्षण अगाडि नै सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्छ । उपभोक्ता समितिबाट निर्माण कार्य गरिएको वडा नं. ३ राजापानी सामुदायिक भवन निर्माणबापत बुझ्ने र बुझाउने दुबैमा एकै ब्यक्ति उल्लेख भए पनि उपभोक्ता समितिमा कागजात तयारी सम्बन्धमा प्रर्याप्त जानकारी नहुदा त्यसरी उल्लेख हुन गएको देखिन्छ । उक्त कामकोबुझाउने उपभोक्ता समितको पदाधिकारी र बुझ्ने कामदार रहेकोले उक्त बेरुजु रु.३४१२५।- नियमित हुन अनुरोध छ ।

त्यसैगरी वडा नं. ५ सिंचाइ संरचना खरिदका कागजातहरु कार्यक्रम सिफारिस, स्विकृति, भर्पाइमा सही, माग, दाखिला प्रतिवेदनलगायतका कागजात उपलब्ध हुन आएकोले वडा सचिबमार्फत कार्यान्वयन गरिएको वडास्तरिय कार्यक्रमको खर्च रु.४९९६६६।- नियमित हुन अनुरोध छ ।

५. अन्य कार्यालय खर्च (क्र.सं. ५४)

कार्यालयबाट आफ्नो अधिकारक्षेत्र र जिम्मेवारीभित्र पर्ने बिषयमा बजेट तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गरेको छ । तथापि इलाका प्रहरी कार्यालय पिपराबाट गाडि मर्मतको लागि सहयोग माग भइ पत्राचार भएको, यसै नगरक्षेत्रको शान्ति तथा सु-ब्यवस्थाको, नगरको प्राकृतिक तथा सार्वजनिक सम्पत्तिको संरक्षणमा लागि उक्त निकायका गाडी परिचालन गर्नुपर्ने भएकोले नगर कार्यपालिकाको निर्णयबाट सरकारी जिम्मेवार सुरक्षा निकायलाई गाडी मर्मतबापत रु.५९२०२।- खर्च गरिएको हुँदा नियमित हुन अनुरोध छ ।

६. खाजा खर्च (क्र.सं. ५६)

बाणगंगा नगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि, २०७५ को दफा ३.१ (घ) बार्षिक बजेट तयार गर्ने तथा नगरसभाको तयारीमा खटाइएका कर्मचारीहरुलाई थप भत्ता उपलब्ध गराइने ब्यवस्थाबमोजिम नगरकार्यपालिकाको निर्णयबाट बजेट तथा कार्यक्रम तर्जुमा कार्यको थप जिम्मेवारी वहन गर्ने तथा अतिरिक्त काममा खटिने कर्मचारीहरुलाई खाजाबापत रकम भुक्तानी गरिएकोले खाजा खर्च रु.७१४०७३।- नियमित हुन अनुरोध छ ।

७. भुक्तानी बाँकि (क्र.सं. ५८)

कार्यालयबाट अघिल्लो आर्थिक बर्षको बिभिन्न पार्टिलाई दिनुपर्ने रकम भुक्तानी बाँकिको विवरणलाई म.ले.प.फारम नं.२२१ आर्थिक बर्ष समाप्त भएको एक हप्ताभित्र स्विकृत गराइ भुक्तानी हुनुपर्नेमा उक्त बिषय सो अबधि पश्चात उठान भइ कार्यपालिको निर्णय बमोजिम भुक्तानी भएको छ । शुभकामना सप्लायर्सको कारोबार भएको बर्षमा चेक सटही हुन नसकेको, कानूनी सल्लाहकारको २०७७/७८ को छुट सुबिधा निजबाट माग भुक्तानी बाँकि रहेको साथै नगरपालिका संघसँग नगरको आबद्धता रहेको परिप्रेक्षमा सोबापत सदस्यता शुल्का नियमानुसार बुझाउनपर्ने आवश्यक देखिएकोले उक्त खर्च रु.३८८६२६।- हुन गएको हो । प्रतिवेदनमा औल्याइएका उल्लिखित सुझाब आगामि कार्यक्रमको क्रममा कार्यान्वयनमा लगिनेछ ।

८. वडा कार्यालयबाट खरिद (क्र.सं. ६२)

वडा कार्यालयबाट कार्यालयमा सिसि क्यामेरा खरिद गर्ने क्रममा माग फारम, खरिद आदेख, जिन्सी दाखिला, बिल सहित खरिद प्रकृया पुरागरी भुक्तानीको लागि पेश भएकोले कार्यालयको एकिकृत जिन्सी अभिलेखमा आम्दानी देखिएन । आगामि दिनमाकार्यालयको दायित्व रहेको सामाग्री खरिद कानून बमोजिम प्रकृया पुऱ्याइ गरिने र एकिकृत जिन्सी अभिलेख राखिनेछ । उल्लिखित बेरुजु रु.२४५८५७।- नियमित हुन अनुरोध छ ।

९. खर्च शिर्षक (क्र.सं. ६३)

कार्यालयबाट बजेट बिनियोजन हुंदा नै स्पष्ट क्रियाकलाप सम्बोधन गर्ने गरी हुनुपर्नेमा प्रतिवेदनमा उल्लेख भएको कार्यक्रम खर्च नामबाट वडा नं. १ को प्रशासनिक खर्च र बिबिध क्रियाकलापबाट वडा नं.४ वडा कार्यालयको प्रशासनिक तथा कार्यालय

सञ्चालनतर्फको क्रियाकलापमा खर्च गर्ने गरी उक्त रकम बिनियोजन भएको हो ।जसले गर्दा बजेट कार्यान्वनको क्रममा वडाको पदाधिकारी बैठक भत्ता तथा अन्य प्रशासनिक खर्चमा मात्र उल्लिखित शिर्षकबाट भुक्तानी दिइएको छ । केही करार कर्मचारी पारिश्रमिक र सवारी चालकको घरभाडा तथा खाना सुबिधासमेत पारिश्रमिक अन्तर्गत जोडी खर्च हुन गएको । आगामि बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्पष्ट अर्थ खुल्ने क्रियाकलाबाट नामाकरण गर्ने र खर्च गर्दा पनि तोकिएको क्रियाकलापमा गरिने भएकोले बेरुजु रकम रु.९९०५६०।- नियमित गर्नु हुन अनुरोध छ ।

**१०. कानूनी सल्लाहकार (क्र.सं. ६४)**

नगरले आफ्नो बृहत अधिकारक्षेत्र अन्तर्गतका महत्वपूर्ण जिम्मेवारी बहन गर्न कानून अधिकृतको पदपूर्ति नभएकोलेकार्यालयको काम कारबाहीको क्रममा आउने कानूनी विषय, विभिन्नमुद्दामामिलाको कार्यालयको तर्फबाट बहस तथा प्रतिनिधित्व, कानूनी सल्लाह, कानूनीबिज्ञताबापतको सेवा लिन कार्यालयले कानूनी सल्लाहकार काररमा राखी सेवा प्राप्त गरेको हुँदा यस बापत भएको खर्च रु.१८००००।- नियमित हुन अनुरोध छ ।

**११. अबलोकन भ्रमण (क्र.सं. ६५)**

वडा नं. १ का पदाधिकारी र टोल बिकास संस्थाका पदाधिकारीको भ्रमण भएकोमा उक्त कार्यक्रमको लागि बजेट बिनियोजन भएकोले कार्ययोजनाको बमोजिम भ्रमण खर्चबापतको रकम भ्रमणमा सहभागि व्यक्तिलाई हस्तान्तरण गरिएको छ । आगामि भ्रमण कार्यक्रममा खर्च पुष्ट्याइ गर्न सहयोग गर्ने बिल भर्पाइको आधारमा भुक्तानी गरिनेछ । यसबापतको बेरुजु रु.१६२५६२।- नियमित गर्नु हुन अनुरोध छ ।

**१२. करार कर्मचारीलाई सुविधा (क्र.सं. ६६)**

कार्यालयबाट विभिन्न क्षेत्रका करार कर्मचारीहरुको लागि करार सम्झौता बमोजिम चाडपर्व र पोशाक खर्च भुक्तानी गरिएकोमा नगरका दुई कृषि प्राविधिकसमेतलाई उक्त खर्च भुक्तानी भएको हो । पेश भएको प्रस्तुत सुझाब कार्यान्वयमा लगिने भएकोले औंल्याइएको बेरुजु रु.६८०००। नियमित हुन ।

**१३. प्रोत्साहन भत्ता (क्र.सं. ६९)**

कार्यालयबाट बाणगंगा नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि,२०७५ बमोजिम अतिरिक्त समय कार्य, कर्मचारीको कार्यकुशलता, सम्पादित कामको प्रतिफललगायतका बिषयमा सूचकसहित मुल्यांकन गरी कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराइएको छ । कार्यविधि अनुरुपका व्यवस्था परिपालना गरी प्रोत्साहन उपलब्ध गराइने, कार्यसम्पादन सूचकसँग प्रोत्साहन आबद्ध गरी भत्ता उपलब्ध गराइने हुँदा बेरुजु रु.४०००४१७।- नियमित हुन अनुरोध छ ।

**१४. शिर्षक फरकपारी खर्च (क्र.सं. ८१)**

कार्यालयले कार्यालय सामाग्री खरिदबापतको रकम भुलबश फरक शिर्षकबाट भुक्तानी गरेको पाइएको, उक्त रकमबाट सरकारी हानी नोक्सानी नभएकोले बेरुजु रु.४९७८७८।- नियमित हुन अनुरोध छ ।

**१५. बैठक भत्ता (क्र.सं. ८३)**

कार्यालयबाट कानुनबमोजिम गठित,निर्दिष्ट कार्य जिम्मेवारीबहन गर्ने समितिलाई कार्यालय समयबाहेकका बैठकबापत भत्ता वितरण गरिएकोले रु.१४३६५०।- नियमित गर्नु हुन अनुरोध छ ।

**१६. सोझै खरिद (क्र.सं. १०१)**

कार्यालयबाट कार्यालय सञ्चालन, व्यवस्थापनको लागि प्रचलित खरिद कानूनको अधिनमा रही बिभिन्न समयमा बिभिन्न बिक्रेताबाट कार्यालयको आवश्यकताअनुसार बिभिन्न कार्यालय सामाग्री खरिद गरिएकोले बेरुजु रु.३५५६९२३।- नियमित हुन अनुरोध छ ।

**१७. अन्य प्रयोजन खर्च (क्र.सं. १०२)**

पालिकाले नगर क्षेत्रभित्रका बिभिन्न गैरनाफामुलक संस्थाको पुर्वाधार निर्माणमा खर्च गरको छ । प्रतिवेदनमा औल्याइएको जेसिस एक गैर नाफामुलकसंस्था रहेको, संयुक्त राष्ट्रसंघको परामर्शदाता भइ विभिन्न १२४ देश सदस्य रहेका, यो स्वयंसेवी संगठन भएकोले उक्तसंस्थाको भवन निर्माणमार्फत सामाजिक क्रियाकलाप गराउन सघाउने उद्देश्यले बजेट बिनियोजन गरिएको हो । बुद्ध दर्पण दैनिक जिल्लाको एकमात्र दैनिक पत्रिका रहेको र पत्रकारिता क्षेत्रको बिकास सुशासनको लागि अपरिहार्य हुन्छ ।कपिलवस्तु उद्योग बाणिज्य संघ उद्योग ब्यापार प्रबर्द्धन गर्ने संस्था रहेको । यसलेनगरमा ब्यवसायिक लगानीको बातावरण बनाउने बिभिन्न माध्यमबाट नगरसँग साझेदारी गर्दै आएको छ ।नेपाल पत्रकार महासघ स्वतन्त्र, मर्यादितर ब्यवसायिक पत्रकारिता प्रबर्द्धनमा क्रियाशिल गैरनाफामुलक राज्यको चौथो अंग हो ।

उल्लिखित गैरनाफामुलक संस्थाको पूर्वाधार बिकासतर्फ कामको लागत अनुमानगरी प्राविधिक मुल्यांकन, कार्यसम्पन्न प्रतिवेदन, बिल भर्पाइ लगायतका आवश्यक प्रमाणका आधारमा भुक्तानी गरिएकोले उक्त बेरुजु रु.१९९१४४३।– सम्परिक्षण हुन अनुरोध छ ।

**आ.ब. २०७७/७८ को महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनमा नियमित हुनुपर्ने व्यहोरा**

**१. नर्म्स भन्दा बढी बिश्लेषण**

उपभोक्ता समितिबाट इन्धनको बिल पेश भएकोतर प्राविधिक लागत अनुमान र उक्त कार्यको मुल्यांकनमा इन्धनसहितको मेसिनको दर बिश्लेषण कायम भएको छ । उपभोक्ता समितिबाट आवश्यक भ्याट बिल पेश हुन नआएको तथापिकार्यालयको प्राविधिक मुल्याङ्कनमा जनाइएको निर्माण कामको यथार्थलागत बमोजिम सोबापतखर्च भएको छ । आगामि दिनमा यस प्रकार निर्माण कार्यको मुल्य अभिबृद्धि कर सहितको बिल प्रयोग गरिने हुँदा उल्लिखित बेरुजु रकम रु.१६७६०२।- हटाउनु हुन अनुरोध छ ।

**२. टेलिभिजन तथा एफ.एम. लाई भुक्तानी**

कार्यालयप्रतिवेदनमा औल्याइएको सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट जस्ता विषय कार्यान्वयनमा क्रियाशिल रहने छ । त्यसको अतिरिक्त सञ्चार माध्यमको संरचना सुधार एवं क्षमता विकासबाट स्थानीयबासी सुसूचित भइ सुशासनमा टेवा पुग्ने हुँदा कार्यालयले नाफामुखी संस्था नभइ सामुदायिक रेडियो र टेलिभिजनका लागि बजेटमाब्यवस्था गरी नागरिक सूसुचित हुनेअधिकारलाई प्राथमिकता दिइ सञ्चार सम्बद्ध संस्थाको लागि सहयोग गरेको । तदअनुरुपका क्रियाकलाप सम्पन्न भए पश्चात कामको प्राविधक मुल्याङ्कनका आधारमा भुक्तानी गरिएकोले कार्यालयबाट सामाजिक शशक्तिकरण एवं शुसाशन अन्तर्गत भएको खर्च रु.२१,००,०००।– नियमित हुन अनुरोध छ ।

**३. खाता रोक्का राखी निकासा**

नमुना बिद्यालय कार्यक्रमको सम्बन्धमाकार्यालयबाट सम्झौता बमोजिम कार्यक्रम कार्यान्वय गर्न आवश्यक वातावरण मिलाइ कार्यान्वयन चरणमा रहेकोआयोजना तथा कार्यक्रमको कार्यप्रगतिबारे जानकारी लिने , अनुगमन एवं सहजिकरण गर्ने जिम्मेवारी बहन गरिएको छ । सम्झौता बमोजिम काम आर्थिक बर्षको अन्तसम्म सम्पन्न हुन केही बाँकि रहन जाने अवस्थामा तोकिएको काम सम्पन्न गर्न आर्थिक बर्षको बर्षान्तमा विद्यालयलाई निकासा गरी विद्यालयको खातामा सो रकम रोक्का राखी फ्रिज

नभएको हो ।उक्त विद्यालयको खातामा निकासा भए बमोजिमको रकम विद्यालयको भौतिक पूर्वाधार एवं शैक्षिक तथा व्यवस्थापकीय क्रियाकलापमा खर्च गरिएको छ ।शिक्षा सम्बन्धि कार्यक्रम कार्यान्यन पुस्तिकाको एक प्रावधान नमुना विद्यालयको लागि विनियोजित शसर्त रकम विद्यालयको खातामा निकासा दिनुपर्ने बमोजिम कार्यालयबाट रु.१,५०,००,०००/- विद्यालयको खातामा निकासा गरीएकोले उक्त बेरुजु रु.१,५०,००,०००।– हटाउनु हुन अनुरोध छ।

**आ.ब. २०७६/७७ को महालेखापरिक्षकको कार्यालयको प्रतिवेदनमा नियमित हुनुपर्ने व्यहोरा**

**१. स्वकीय सचिब र सल्लाहकार**

कार्यालयमा एक जनामात्र कम्प्युटर अपरेटरको दरवन्दी रहेकोले कामको अत्यधिक चाँप व्यवस्थापन गर्दैकार्यसम्पादनलाई चुस्त एबं प्रभावकारीबनाउन दैनिक ज्यालादारिमा काम गर्नेगरि एक जना सहायक कम्प्युटर अपरेटर नियुक्ति गरी कामकाजमा खटाइएको साथै निजलाई नगर प्रमुखको सचिवालय समेत हेर्ने जिम्मेवारि प्रदान गरिएको हो।दफामा उल्लेख गरे जस्तो नगर प्रमुखको स्वकीय सचिव हुने गरि नियुक्त गरिएको होइन। दैनिक ज्यालादारीमा कार्यालयको कामकाज गर्ने गरि खटाईएकोकोकारण सो सम्बन्धमा औल्याइएको बेरुजु रु. १,५९,६६०।- नियमित गरिएकोले फछ्यौट हुन अनुरोध छ।

**आ.ब. २०७४/७५ को महालेखापरिक्षकको कार्यालयको प्रतिवेदनमा नियमित हुनुपर्ने व्यहोरा**

**१. स्थानीय भत्ता तथा अन्य सुविधा**

कार्यालयबाट कार्यालयको कामकाजको सबन्धमा अतिरिक्त समय काम गर्ने, सेवाग्राहीमैत्री व्यवहार प्रस्तुत गर्ने,कार्यसम्पादनमा अब्बल कर्मचारीहरुलाई आन्तरिक आयबाट खर्च ब्होर्ने गरी खाजा, सञ्चार सुविधा जस्ता आवश्यकता सम्बोधन हुने अभिप्रायले विभिन्न दरमा सुविधाबापत खर्च गरिएको हो। स्थानीय सरकारको फराकिलो जिम्मेवारी, अत्याधिक कार्यचाप र सेवाग्राहीको बढ्दो आकाङ्क्षालाई सम्बोधन गर्ने कर्मचारीको सुबिधाबापतको रकम रु.२२२१०००।– नियमित हुन अनुरोध छ।

टेक बहादुर झेडी मगर
संयोजक
लेखा समिति

अनुसूची-९

## सभासदस्यहरुले राखेका विषयवस्तुहरु

## तेही नगरसभाको प्रथम बैठकमा नगर सभा सदस्यहरुले राखेका विषयवस्तुहरु

### ज्ञान बहादुर कार्की

- विद्यालयस्तरबाट ट्राफिक सचेतना कार्यक्रम संचालन गर्ने ।
- हाटबजारबाट निस्कने फोहोर व्यवस्थापन गर्नुपर्ने ।
- चक्रपथ र बसपार्क नजोडिएकोले यसलाई समयमै निर्माण व्यवस्थापन गर्नुपर्ने ।
- पिपरा अस्पतालको नाम परिवर्तन गरी बाणगङ्गा अस्पताल राख्ने होकी ।

### चुरामणी अर्याल

- नगर सभाको गतिविधि रेकर्ड गर्नुपर्ने ।
- साझेदारी कार्यक्रम वडाले पनि गर्न सक्ने गरी नीति बनाउनुपर्ने ।
- नगर बस संचालन गर्नुपर्ने ।
- कृषकबाट उत्पादित तरकारी लगायतका अन्य खाद्य सामानहरू एक ठाउँबाट अर्को ठाउँमा लगेर विक्रि गर्ने व्यवस्था मिलाउनुपर्ने ।
- सामुदायिक विद्यालयहरूमा व्यवहारिक ज्ञान दिने पाठ्यपुस्तकहरु तयार गरी विद्यार्थीहरुलाई कम्तिमा हप्ताको २ पटक त्यसै किसिमको शिक्षा दिने व्यवस्था मिलाउने ।
- लेवर र मिस्त्रीहरुले अनिवार्य रूपमा सेफटीका सामान प्रयोग गर्नुपर्ने ।
- पूर्वाधार तर्फ मात्र वजेट विनियोजन हुने गरेको हुँदा धार्मिक महत्व र पहिचानको आधारमा समेत वजेट विनियोजन गर्नुपर्ने ।
- उपभोक्ता समितिको क्षमता विकास सम्बन्धी तालिमको व्यवस्था हुनुपर्ने ।
- निर्माणस्थलमा अनिवार्य प्राविधिक कर्मचारी उपस्थित हुनुपर्ने ।
- नगरको सभाहल निर्माण गर्नुपर्ने।
- नीति नियममा रहेर मात्र आर्थिक कारोबार गर्नुपर्ने ।

### विश्वास जि.सी.

- लागु औषध दुर्व्यसनी नियन्त्रणमा जोड दिने ।
- स्वास्थ्य विमामा ५० प्रतिशत अनुदान दिने ।
- जीम हाउस, कवर्ड हल, पार्क निर्माणमा जोड दिने ।
- स्वस्थ र स्वच्छ पिउने खानेपानीको व्यवस्था मिलाउनुपर्ने ।
- अपाङ्ग परिचयपत्र वितरणमा विभेद देखिएको ।

### झिमलाल सापकोटा

- सडकमा रहेका ठेला व्यापारीहरूलाई व्यवस्थित गर्ने र करको दायरामा ल्याउने ।

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

## १३औं नगरसभाको तेस्रो वैठकमा नगरसभा सदस्यहरुले राखेका भनाईहरु

ज्ञान बहादुर कार्की

- ऐन, नियम, कार्यविधिहरु संसोधन गर्नु पर्नाको कारण, खारेज गर्नुपर्ने कारण त्यो विषय सबैलाई जानकारी हुने गरी सुधार गर्नुपर्ने हो ।
- नगरका अधिकांस वैठकहरु समयमा शुरु हुँदैनन्, समय पालना भएन, समयमै बैठकहरु सुचारु गर्नुपर्ने ।
- बजेट कार्यान्वयनको ७८ भुगोल र जनसंख्याको आधारमा बजेटको व्यवस्था नभएको, तुलनात्मक हिसावले हेर्दा वडा नं. ५ लाई कमी भएको गौरवका योजना ड लागि बजेट कम भएको।
- १३औं नगरसभा भव्य र सभ्य रुपमा सम्पन्न हुन शुभकामना व्यक्त गर्दछु ।

टोपकला वि.सी.

- सुन्दर नगरी बाणगङ्गा बनाउन सुशासनको प्रतिवेदनमा बुँदा कमि भए । भए गरेका कार्यहरुको प्रतिवेदनमा बुँदा थप गर्नुपर्यो ।
- ट्रान्मिटर कहाँ प्राप्त भएको छ ? खुलाउनु पर्ने ।
- न्यायीक समितिको प्रगति पर्याप्त भएन । न्यायिक समितिमा प्राप्त उजुरी तथा गुनासोका विषयहरु छिटो छरितो फर्छ्यौट गर्नुपर्ने हुन्छ ।
- नागरिकता विधेयकलाई पूर्ण प्रयोगमा ल्याउन सबै सक्रिय रुपमा लाग्नुपर्ने ।
- बसपार्क सुरुवात गर्नुभन्दा पहिले बाटोघाटोको व्यवस्थापन गर्नुपर्ने ।
- छाडागाई व्यवस्थापन गर्नुपर्ने ।
- न्यायीक समितिमा आएको उजुरीहरु समयमै फर्छ्यौट गर्नुपर्ने ।
- कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, खारेज भएको विषय के हो ? किन खारेज भए ।

चुरामणी अर्याल

- सभामा उठाएको विषयवस्तुको सम्मान हुन आवश्यक छ ।
- उठाएका विषयवस्तुहरुको उत्तर दिनुहुन नगर प्रमुखज्यूलाई अनुरोध गर्दछु । प्राय सबै उठाएका प्रश्नहरुको उत्तर नआउने गरेको ।
- शाखा प्रमुखहरुको समन्वयको कमीको कारण सेवा ग्राहीहरुले दुःख पाएको महसुस भएको छ ।
- पेश भएका कागजातहरुको समयमै ब्रिफिङ नगर्दा भुक्तानीहरुमा प्रभाव परेको छ ।